सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ वैशाख २०८३, मंगलबार (21 Apr 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

महाधिवेशन र स्थानीय तह निर्वाचन तयारीमा रास्वपा



संगठनलाई पूर्णतादेखि जिम्मेवारी बाँडफाँटसम्मका निर्णय

(विस्तृत पृष्ठ २)

विद्यार्थी संगठनका कार्यालय र बोर्ड हटाउन उपकुलपतिहरूलाई प्रधानमन्त्रीको निर्देशन



■ नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति धनेश्वर नेपालको गुनासो-

धम्की र आक्रमण खेप्नुपरेको छ

हामीले विद्यार्थीका दलीय संरचना हटाउन खोजेका छौं, तर हामीलाई धम्की आइरहेको छ। यसमा सरकारले सुरक्षा दिनुपर्छ।

(विस्तृत पृष्ठ ३)

अमेरिका-इरान दोस्रो चरणको वार्ता अनिश्चित



अमेरिकाले हर्मुजनजिकै बन्दरगाह पार गर्न खोजिरहेको इरानी कार्गो जहाजलाई आक्रमण गरी नियन्त्रणमा लिएपछि तेहरान वासिंटनसँग रुष्ट

(विस्तृत पृष्ठ ५)

प्रत्येक त्रैमासको अन्तिम महिना कर्जा प्रवाह उच्च

पहिलो त्रैमासको अन्तिम महिना असोजमा कर्जा प्रवाह सामान्य देखिए पनि पुस र चैतमा अन्य महिनाको तुलनामा कर्जा प्रवाह अत्यधिक

नौ महिनामा पौने तीन खर्बले बढ्यो कर्जा, ६ खर्बले बढ्यो निक्षेप

१४.९० खर्बको वस्तु आयात, २.११ खर्बको पेट्रोलियम भित्रियो



निर्यात १८.४६ प्रतिशतले बढेर दुई खर्ब २२ अर्ब पुग्यो, १२ खर्ब ७९ अर्बको व्यापार घाटा

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अचाक्ली महँगी, जनजीवन झन् कष्टकर

अमेरिका-इजरायलले इरानमाथि गरेको आक्रमणसँगै मध्यपूर्वमा बढेको तनावले पेट्रोलियम पदार्थको मूल्य बढेपछि नेपालीको भान्सासम्मै पुग्यो महँगी। दैनिक उपभोग्य खाद्यान्न, तरकारी, खानेपानी, फलफूलदेखि यातायातको भाडासम्म वृद्धि।

■ एक महिनामा ६ पटक

पेट्रोलियमको भाउ बढ्यो

महिना दिनमै पेट्रोल प्रतिलिटर ६२, डिजेल र मट्टीतेल ९५, हवाई इन्धन १३५ र ग्यास सिलिन्डरमा १०० रुपैयाँ महँगियो

■ **प्रशोधित पानीमा प्रतिबोतल ४ र प्रतिजार ५ रुपैयाँ वृद्धि**

■ सार्वजनिक यातायातमा १६.७१% तथा मालवाहकको हकमा तराईमा १५.७५% र पहाडमा २१.६८% भाडा वृद्धि

अजित अधिकारी/नयाँ पत्रिका

शक्तिशाली नयाँ सरकारको आगमनसँगै राहतको अपेक्षा गरेका नागरिकको जनजीवन सर्वत्र चुलिएको महँगीले झन् कष्टकर बन्दै गएको छ। अमेरिका-इजरायलले इरानमाथि गरेको आक्रमणसँगै मध्यपूर्वमा बढेको तनावले पेट्रोलियम पदार्थको मूल्य बढेपछि नेपालीको भान्सासम्मै महँगी भित्रिएको छ। दैनिक उपभोग्य खाद्यान्न, तरकारी, खानेपानी, फलफूलदेखि यातायातको भाडासम्म बढेको छ। किसानले बारीमा राम्रो भाउ नपाएको तरकारीलाई उपभोक्ताले भने चर्को मूल्य तिर्नुपरेका घटनाले कालोबजारी रोक्न सरकारका निकाय निष्प्रभावी बनेको देखाउँछ।

सरकारको अनुगमनकारी निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले नै गरेको अध्ययनमा बढी मूल्यवृद्धि सबैभन्दा धेरै खपत हुने चामल, तेल, दाल, गेडागुडीलगायतमा भएको छ। चामलमा पनि सबैभन्दा धेरै बिक्री हुने स्टिम जिरा मसिनोमा फागुनको तुलनामा चैतमा औसत खुद्रा मूल्य प्रतिकेजी १७ रुपैयाँले बढेको छ, जुन २५ केजीको बोरामा ४२५ रुपैयाँले वृद्धि हो। त्यस्तै, सोना मन्सुली चामल २५ केजीको बोरामा २५० रुपैयाँले बढेको छ भने बासमती चामल २०

» पृष्ठ २ मा क्रमशः

तरकारीमा महिनामै केजीमा ११६% सम्म मूल्यवृद्धि

	१ चैत	७ वैशाख
गाँजर	रु. ४०/-	रु. ५५/-
लोकल बन्दा	रु. २५/-	रु. ४५/-
स्थानीय काउली	रु. ३०/-	रु. ५०/-
सेतो मूला	रु. १७/-	रु. ३०/-
हरियो फर्सी लामो	रु. १४/-	रु. ३०/-
बरेला	रु. २५/-	रु. ५०/-
हरियो प्याज	रु. ५१/-	रु. ८०/-
बकुल्ला	रु. २७/-	रु. ४६/-
तामा	रु. १२०/-	रु. १४०/-
ब्रोकाउली	रु. ३२/-	रु. ५६/-
कागती	रु. २५०/-	रु. ३५५/-
हरियो खुर्सानी	रु. ६५/-	रु. ९०/-
हरिया लसुन	रु. ७०/-	रु. १०५/-
मटर कोसा	रु. ४५/-	रु. ८०/-
हरियो धनियाँ	रु. ७०/-	रु. ९०/-
घिउसिमी	रु. २५/-	रु. ३५/-
स्कुस	रु. ३५/-	रु. ५०/-

स्रोत : कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति

■ केराको भाउमा मनलाग्दी

बारीमा दर्जनको ८५, बजारमा ३५०



कुलेश्वर फलफूल बजारमा बिक्रीका लागि राखिएको केरा। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

केरा आयातमा रोक लगाएका कारण मूल्य अकासिएको थोक फलफूल व्यवसायी संघका अध्यक्ष अमर बानियाँको दाबी छ। 'केरा आयातमा प्रतिबन्ध लागेको छ, तर स्वदेशी केरालै माग धान्न सक्ने अवस्था छैन,' उनले भने। तर, केरा उत्पादक किसान महासंघका अध्यक्ष विष्णुहरि पन्तले स्वदेशी केरालाई धराशयी बनाउने अभिप्रायले नियोजित रूपमा मूल्य बढाएको बताए। 'बारीमा किसानले औसतमा प्रतिदर्जन ८५ रुपैयाँ पाउने हो, तर बजारमा मूल्य अकासिएको देख्दा अचम्म लागेको छ,' उनले भने।

चामल बोरामै ४२५ सम्म र सनफ्लावर तेल लिटरमा १५ रुपैयाँसम्म बढ्यो

	३० फागुन	३० चैत
सोना मन्सुली चामल	रु. ८५/-	रु. ९५/-
स्टिम जिरा मसिनो	रु. ८५/-	रु. १०२/-
बासमती चामल	रु. १७०/-	रु. १८५/-
ताइचिन चिउरा	रु. १३०/-	रु. १७०/-
पातलो चिउरा	रु. १२०/-	रु. १४५/-
मोटो मुसुरो	रु. १५५/-	रु. १६५/-
नन्पोलिस रहर	रु. २५०/-	रु. ३००/-
सेतो केराउ	रु. १२०/-	रु. १३६/-
राज्मा	रु. २५०/-	रु. ३१०/-
हरियो केराउ	रु. १६०/-	रु. १७०/-
सूर्यमुखी तेल	रु. २९०/-	रु. ३०५/-
पनिर	रु. ८००/-	रु. ८५०/-
जिरा	रु. ६५०/-	रु. ७००/-
धनियाँ गेडा	रु. २३०/-	रु. ३००/-
अदुवा	रु. १३०/-	रु. १८०/-
ब्रोइलर कुखुरा	रु. ३९०/-	४३०/-
लोकल माछा	रु. ४५०/-	४७०/-

स्रोत : वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग



■ उपभोक्ता हित संरक्षण मञ्चका महासचिव विष्णुप्रसाद तिमिल्सिना भन्छन्-

बजार पूर्ण रूपले अस्तव्यस्त छ र उपभोक्ता मारमा छन्, सरकारले यस्तो वेला राहतको प्याकेज ल्याउन जरुरी छ

उपभोक्ता हित संरक्षण मञ्चका महासचिव विष्णुप्रसाद तिमिल्सिनाले पेट्रोलियम पदार्थको मूल्य बढाएर सरकारले उपभोक्तालाई मर्कामा पार्ने काम गरेको बताए। 'उपभोक्ताको ढाड सेक्ने गरी मूल्यवृद्धि गर्ने र त्यसबाट प्राप्त आयबाट देश चलाउँछौं भन्ने सरकारी सोच त्याग्नुपर्छ। जति मूल्यमा खरिद भएको छ, त्यसमा कुनै लागत नजोडी उपभोक्तालाई बिक्री गरेर सरकार भएको अनुभूति दिन सक्नुपर्छ,' उनले भने, 'कम्तीमा दक्षिण एसियाली राष्ट्रहरूसँगको प्रतिस्पर्धी मूल्यमा पेट्रोलियम पदार्थको कारोबार हुनुपर्छ।' अन्य उपभोग्य वस्तुको मूल्यवृद्धिलाई पनि उनी अस्वाभाविक भन्छन्। बजारमा कुनै वस्तुको अभाव नरहेको, तर सबै वस्तुको भाउ बढ्नु जायज नभएको उनको भनाइ छ। 'अहिले कुनै पनि वस्तुको अभाव छैन, तर बजारमा सबै वस्तुको मूल्य अकासिएको छ। मूल्य नियन्त्रणका लागि सरकारको उपस्थिति शून्य छ,' उनले भने, 'बजार पूर्ण रूपले अस्तव्यस्त छ र उपभोक्ता मारमा छन्। सरकारले यस्तो वेला राहतको प्याकेज ल्याउन जरुरी छ।'

अस्वाभाविक मूल्यवृद्धि र सरकारको बेवास्ता

अग्रलेख



मूल्य नियन्त्रण र नियमन गर्ने तथा अत्यावश्यक वस्तु र सेवाको समर्थन मूल्य निर्धारण गर्ने संयन्त्र राज्यसँग नहुँदा बजारमा अराजकता बढेको छ

● **माधव तिमल्सिना**

(पृष्ठ ४)

त्रिभुवन विमानस्थल अध्यागमनमा प्लास्टिक प्रतिबन्ध

डिपार्चर र अराइभलमा प्रवेश गर्ने यात्रुले अब प्लास्टिकका कुनै पनि सामग्री प्रयोग गर्न नपाउने



नयाँ पत्रिका


त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, अध्यागमन कार्यालयपरिसरमा प्लास्टिकजन्य सामग्री प्रयोगमा सोमबारदेखि प्रतिबन्ध लगाइएको छ।

विमानस्थलस्थित अध्यागमन कार्यालयले मातहतका सबै कार्यालयमा प्लास्टिकजन्य सामग्री प्रयोगमा प्रतिबन्ध लगाएको हो।

अन्तर्राष्ट्रिय विमानस्थलको डिपार्चर र अराइभलमा प्रवेश गर्ने यात्रुले अब प्लास्टिकका कुनै पनि सामग्री प्रयोग गर्न नपाउने विमानस्थल अध्यागमन कार्यालयका प्रमुख अध्यागमन अधिकृत नरहरि घिमिरेले बताए।

'प्लास्टिकजन्य सामग्री प्रयोगमा प्रतिबन्ध सरकारकै नीति हो। सोही नीति हामीले

» पृष्ठ २ मा क्रमशः



निजामती सेवा विधेयकको मस्यौदा लेखनमा सरकार

● **संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल भन्छिन्-**



सरकारको सयदिने कार्यसूचीमै ४५ दिनभित्र निजामती सेवा ऐन बनाउन विधेयक तर्जुमा गर्ने उल्लेख छ। त्यसैअनुसार अहिले मन्त्रालयले विधेयकका विषयवस्तुमा मिहिन छलफल गरिरहेको छ। लगभग हामी अन्तिम चरणमा पुगेका छौं। सम्भवतः एक साताभित्रै हाम्रोतर्फबाट गर्नुपर्ने काम सक्छौं।

असारभित्रै ऐन ल्याउने तयारी

सुवास भट्ट/नयाँ पत्रिका



संसद् विघटनसँगै रोकिएको संघीय निजामती सेवा विधेयकको प्रक्रिया फेरि अघि बढेको छ। लामो समयदेखि स्वार्थ समूह र राजनीतिक उल्झनमा अल्झिँदै आएको विधेयकलाई नयाँ सरकारले प्राथमिकतामा राख्दै पुनः मस्यौदा लेखन सुरु गरेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्वमा

» पृष्ठ २ मा क्रमशः

३० वर्षे सेवाअवधि र कुलिङ पिरियड राख्नेदेखि ट्रेड युनियन खारेजीसम्मका विषयमा छलफल

विधेयकमा ३० वर्षे सेवाअवधि ल्याउन लागिएको विषयले कर्मचारी वृत्तमा हलचल नै सिर्जना गरेको छ। यद्यपि, यसको औपचारिक जानकारी सरकारले दिएको छैन। हाल निजामती सेवामा अवकाशको उमेरहद ५८ वर्ष छ। विद्यमान निजामती सेवा ऐनमा सेवाअवधिको व्यवस्था छैन। नेपाल प्रहरी र सशस्त्रमा पनि ३० वर्षे सेवाअवधिकै व्यवस्था छ। ३० वर्षे सेवाअवधिको व्यवस्था गर्दा ठुलो संख्यामा कर्मचारी अवकाशमा जान्छन्। हाल बहाल रहेका ३० वर्षभन्दा बढी सेवाअवधि भएका कर्मचारीको संख्या पाँच हजार २५८ छ। त्यस्तै, दलगत ट्रेड युनियन खारेजीलाई पनि सरकारले नै प्राथमिकतामा राखिसकेको छ। अघिल्लो सरकारले तयार गरेको सुशासनको मार्गचित्रमा ट्रेड युनियनको सट्टा एकल पेसागत संगठनको अभ्यास गर्ने विषय छ।

विधेयकको मस्यौदा टोलीमा रहेका अधिकारीका अनुसार ऐनमा दुईवर्षे कुलिङ पिरियड राख्ने विषयमा एकमत छ। मुख्यगरी यही विषय पेचिलो हुँदा पछिल्लोपटकको विधेयक प्रक्रिया अवरुद्ध हुन पुगेको थियो। नयाँ मस्यौदामा भने कुलिङ पिरियडलाई स्पष्ट रूपमा राखिएको छ। सेवाबाट अवकाश भएको दुई वर्षअघि कुनै प्रकारको राजनीतिकलगायत नियुक्तिलाई रोक्ने व्यवस्था विधेयकमा राख्न लागिएको छ। त्यस्तै, स्वार्थको द्वन्द्वको विषयलाई पनि मस्यौदामा समेट्न लागिएको स्रोतको भनाइ छ।

■ महाधिवेशन र स्थानीय तह निर्वाचन तयारीमा रास्वपा

संगठनलाई पूर्णतादेखि जिम्मेवारी बाँडफाँटसम्मका निर्णय

कमलराज भट्ट/नयाँ पत्रिका

भदौ-असोजभित्र महाधिवेशन गर्ने तयारीमा जुटेको राष्ट्रिय स्वतन्त्र पार्टीले संगठनलाई पूर्णतादेखि जिम्मेवारी बाँडफाँटसम्मका निर्णय लिएको छ। आइतबार केन्द्रीय सचिवालय बैठक राखेर जिल्ला अधिवेशन १५ वैशाखदेखि थाल्ने निर्णय गरेको रास्वपाले सोमबार केन्द्रीय समिति बैठकमार्फत संगठनात्मक निर्णय लिएको हो।

प्रवक्ता मनीष झाका अनुसार केन्द्रीय समिति बैठकले पार्टीका विभिन्न संरचनालाई पूर्णता दिएको छ। पार्टीको महामन्त्री पदमा सहमहामन्त्री भूपदेव शाहलाई नियुक्त गरेको छ। महामन्त्री सुनील लम्साल भौतिक पूर्वाधारमन्त्री बनेपछि उनको ठाउँमा शाहलाई नियुक्त गरिएको हो। शाह प्रधानमन्त्री बालेन्द्र शाह काठमाडौं महानगरको मेयर हुँदा स्वकीय सचिव थिए।

यसैगरी, रास्वपाले केन्द्रीय सचिवालयमा दुईजना सागर ढकाल र सरिताश्री ज्ञवालीलाई मनोनीत गरेको छ। सभापति रवि लामिछानेले सचिवालय सदस्यमा प्रस्ताव गरेका उनीहरूलाई केन्द्रीय समितिले अनुमोदन गरेको छ। यससँगै सचिवालय १६ सदस्यीय पुगेको छ।

सचिवालयमा सभापति लामिछाने, उपसभापति स्वर्णिम वाग्ले, महामन्त्री कवीन्द्र बुर्लाकोटी र भूपदेव शाह, सहमहामन्त्री विपिन आचार्य, कोषाध्यक्ष लिमा अधिकारी, सहकोषाध्यक्ष बसुमाया तामाङ, प्रवक्ता मनीष झा, मन्त्रीहरू विराजभक्त श्रेष्ठ, शिशिर खनाल, सोबिता गौतम, सांसदहरू गणेश पराजुली, दीपक बोहरा, हरि ढकाल, सागर ढकाल र सरिताश्री ज्ञवाली सदस्य छन्।

महाधिवेशन केन्द्रित केन्द्रीय समितिको बैठकले संघीय नेतृत्व मञ्चमा तुलसीप्रसाद चौधरी (सप्तरी), रामसिंह थारू (बर्दिया), जीवन धामी (मोरङ), प्रेमा चौधरी (कैलाली), नवराज राना (कञ्चनपुर) र एकराज चौधरी (दाङ)लाई मनोनीत गरेको छ।

प्रवक्ता झाका अनुसार केन्द्रीय समितिले केन्द्रीय सल्लाहकार परिषद्मा जीवनप्रभा लामा (काभ्रे), मोतीप्रसाद पंगाली (नवलपरासी पूर्व), हरिप्रसाद पाण्डे (भक्तपुर) र विष्णुहरि शर्मा (कपिलवस्तु)लाई मनोनीत गरेको छ।

यस्तै, बैठकले विधान संशोधन समितिको संयोजक



सहमहामन्त्री विपिन आचार्यलाई बनाएको छ। यसअघि केन्द्रीय सचिवालयले महाधिवेशनको कार्यविधि मस्यौदा गर्न महामन्त्री कवीन्द्र बुर्लाकोटीको संयोजकत्वमा समिति गठन गरिसकेको छ।

प्रवक्ता झाले आगामी महाधिवेशन केन्द्रित केही समिति बनाउन केन्द्रीय समितिले नवनियुक्त महामन्त्री शाहलाई जिम्मेवारी दिएको बताए। रास्वपाले निर्वाचनपछि ६ महिनाभित्र महाधिवेशन गर्ने निर्णय गरेको थियो। सोअनुसार आगामी भदौ वा असोजभित्र केन्द्रीय महाधिवेशन गर्ने गृहकार्यमा रास्वपा जुटेको प्रवक्ता झाले बताए।

स्थानीय तहको निर्वाचनको उम्मेदवार आह्वान गर्दै

साथै, रास्वपाले स्थानीय कार्यतालिकाअनुसार एक वर्षपछि हुने स्थानीय तह निर्वाचन तयारीसम्बन्धी पनि केही निर्णय लिएको छ। स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोटको रूपरेखा निर्माण गरी क्यान्डिडेट क्लबमार्फत उम्मेदवार आह्वान २० वैशाखमा गर्ने जिम्मेवारी सहमहामन्त्री विपिन आचार्यलाई दिएको छ।

केन्द्रीय समितिमा के-के विषय उठ्यो ?

बैठकमा २० जना केन्द्रीय सदस्य २ मिनेटको दरले बोलेको र उनीहरूले पार्टी संगठन तथा सरकारको कामकारबाहीबारे सुझाव राखेको प्रवक्ता झाले बताए। उनका अनुसार गृहमन्त्री सुधन गुरुङको विषय भने बैठकमा उठेन।

जेन-जी केन्द्रीय सदस्यहरूले जेन-जी आन्दोलनमा घाइते भएकाहरूलाई शिक्षा, स्वास्थ्यको सुनिश्चितता गर्नुपर्ने, घाइतेले पाउने सुविधामा ढिलाइ नहुने कुरामा पार्टीले ध्यान दिनुपर्ने धारणा राखेका थिए। मधेशकेन्द्रित सदस्यहरूले भन्सारमा नेपाली नागरिकलाई सामान ल्याउन रोकिएको विषय नेतृत्वसँग राखेका थिए।

बैठकमा सभापति रवि लामिछानेले गुटगत राजनीतिभन्दा माथि उठेर जनता र समाजसँग जोडिएर काम गर्न निर्देशन दिएका छन्। प्रवक्ता झाका अनुसार सभापति लामिछानेले कुनै समूह वा गुटभन्दा पनि जनता र समाजसँग भिजेको मान्छेलाई प्रतिनिधिका रूपमा ल्याउन केन्द्रीय सदस्यहरूलाई निर्देशन दिएका छन्। 'कसैलाई अन्याय हुँदैन। कुन समूह हुँदैन, सबै रिजल्ट ओरियन्टेड हुन्छ,' बैठकमा लामिछानेको भनाइ थियो, 'जनतासँग रहेर जनताका लागि काम गर्ने प्रतिनिधि नै पार्टीले ल्याउँछ। जनताकै गुनासो सुन्ने, भुइँमै खेलेको हेर्ने हो। तपाईंहरूले पनि आफ्नो क्षेत्रमा समाजसँग भिजेको मान्छे नै समेट्नुहोला।'

जेन-जी आन्दोलनमा क्षतिग्रस्त बागमतीका संरचना पुनर्निर्माण

हेटौँडामा **पोष्टराज अधिकारी**

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट क्षतिग्रस्त बनेका बागमती प्रदेशअन्तर्गतका सरकारी संरचनाको पुनर्निर्माण भएको छ। हेटौँडा- १, चौकीटोलस्थित चार मन्त्रालय रहेको मुख्य भवनसहित सामाजिक विकास मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र प्रमुख सचिवको निवास पुनर्निर्माण गरिएको हो।

त्यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको भवन सामान्य मर्मतपछि सञ्चालनमा ल्याइएको छ भने प्रदेश सभा सचिवालय भवनको मर्मत कार्य अन्तिम चरणमा पुगेको छ। पुनर्निर्माण सम्पन्न भएका भवनको सोमबार प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन गर्दै सम्बन्धित मन्त्रालय तथा कार्यालयलाई हस्तान्तरण गरेका छन्।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्ठाका अनुसार आन्दोलनका क्रममा बागमती प्रदेशले कुल एक अर्ब रुपैयाँभन्दा बढीको क्षति व्यहोरेको थियो। जसमध्ये भवनतर्फ मात्रै करिब ८४ करोड रुपैयाँबराबरको क्षति भएको थियो।

सहरी विकास तथा भवन कार्यालय, हेटौँडामार्फत ठेक्का आह्वान गरी संरचन पुनर्निर्माण गरिएको हो। कार्यालयका प्रमुख भूपेन्द्र यादवका अनुसार चार मन्त्रालय रहेको भवनसहित पाँचवटा संरचना पुनर्निर्माणका लागि कुल तीन करोड ९५ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो। चार मन्त्रालय रहेको भवन पुनर्निर्माणका लागि एक करोड ८४ लाख रुपैयाँ लागत अनुमान गरिएकोमा सतुगण कन्स्ट्रक्सनले एक करोड २८ लाख रुपैयाँमै काम सम्पन्न गरेको उनले बताए। 'छोटो अवधिमै गुणस्तरीय काम सम्पन्न भएको छ,' यादवले दाबी गरे।

पुनर्निर्माणका क्रममा भवनहरूमा रेट्रोफिटिङ, प्लास्टर, पेन्टिङ, झ्याल-ढोका मर्मत तथा रङरोगन गरिएको छ। साथै, नयाँ लिफ्ट, ट्रान्सफर्मर, एसी जडान तथा टायल-ग्रेनाइट बिछ्याउने कामसमेत सम्पन्न गरिएको छ।

भवन हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री बानियाँले सातै प्रदेशमध्ये बागमती प्रदेशले सबैभन्दा पहिले क्षतिग्रस्त संरचनाको पुनर्निर्माण सम्पन्न गरेको दाबी गरे। 'आन्दोलनपछि लामो समयसम्म असहज अवस्थामा सेवा प्रवाह गर्नुपरेको थियो,' उनले भने, 'अब मन्त्रालयहरूलाई पुरानै भवनमा सारेर सेवा प्रवाहलाई थप व्यवस्थित बनाइनेछ।'

त्रिभुवन...

पृष्ठ १ बाट क्रमशः

विमानस्थलस्थित अध्यागमन कार्यालयमा पनि लागू गरेका हौँ,' उनले भने, 'अब अध्यागनको डिपार्चर र अराइभलमा प्रवेश गर्ने यात्रुले प्लास्टिकका सामग्री प्रयोग गर्न पाउनेछैनन्।'

कार्यालयका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मात्रै प्रत्येक दिन सरदर १७ हजारदेखि २० हजार यात्रुको आवागमन हुन्छ। उनीहरूले प्रत्येक दिन अराइभल र डिपार्चर सेक्सनमा मात्रै सरदर चार सय थानभन्दा धेरै प्लास्टिकका कप प्रयोग गर्दै आएका छन्। त्यसबाहेक प्रयोग हुने प्लास्टिकजन्य अन्य सामग्रीको तथ्यांक संकलन गरिएको छैन।

विमानस्थलस्थित अध्यागमनमातहतका कार्यालयमा मात्रै प्लास्टिकजन्य सामग्री प्रतिबन्ध लगाउँदा कम्तीमा प्लास्टिकका चार सय कप खपत बन्द हुनेछ। यो दर बढाउँदै लगिने घिमिरेले बताए। 'डिपार्चर र अराइभल सेक्सन हाम्रो क्षेत्राधिकारभित्र पर्छन्। हामीले पहिलो चरणमा यो क्षेत्रमा मात्रै प्लास्टिकजन्य सामग्री प्रयोगमा रोक लगाएका छौँ। त्यसबाहेकका अन्य क्षेत्रमा पनि यस्ता सामग्री प्रयोगमा प्रतिबन्ध लगाउन सक्दा राम्रो होला। जुन हाम्रो क्षेत्राधिकारभित्र पर्दैन,' उनले भने।

उनका अनुसार डिपार्चर र अराइभल सेक्सनमा प्रवेश गर्ने यात्रुका लागि पानी पिउन छुट्टाछुट्टै बुथ राखिनेछ। प्रत्येक बुथमा कागजको कप राखिनेछ।

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/०८

यस सा व उ स बाट संकलित खयर काठ ६२५.५२ क्यु फिट (हर्ट उड) र साल गोलिया काठ ९४६.९९ क्यु फिट ३ लटमा लिलाम बिक्री गर्नु परेकोले सूचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

रानीवन सा. वन उपभोक्ता समूह, देवघाट ५, तनहुँ।

भोलानाथ ग्रुप अफ कम्पनी प्रा. लि.
बु.न.प.-८, काठमाडौं

दर्ता खारेजी सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

प्रकाशित मिति : २०८३/०१/०८

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०२/०७ गते दर्ता भएको दर्ता नं. ३३६८४७/०८०/०८१ को भोलानाथ ग्रुप अफ कम्पनी प्रा.लि. कम्पनी रजिष्टारको कार्यालयको मिति २०८३/१/७ को निर्णय अनुसार कम्पनी ऐन २०६१ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको छ। साथै मिति २०८१/४/१४ गते कम्पनीको विशेष साधारणसमाले निर्णय गरेकोले तिर्नु व्यहोरा पर्ने ऋण धन एवं कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्युक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले १ दिन भित्र निम्न लिखित कार्यालय को ठेगानामा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सुबिन थापा, अध्यक्ष
मोबाइल : ९८४११७१७९८

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

स्नो रिभर्स लिमिटेड
Snow Rivers Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४५४२७८२
इमेल: info@snowrivers.com.np वेवसाइट: www.snowrivers.com.np

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त साधारण शेयरको बाँडफाँड तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

स्नो रिभर्स लिमिटेडले आफ्नो जारी पूँजी रु.९३,७५,००,०००/- (अक्षरेपि त्रियानब्बे करोड पचहत्तर लाख मात्र) को २०% अर्थात् रु.१८,७५,००,०००/- (अक्षरेपि अठार करोड पचहत्तर लाख मात्र) रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १८,७५,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याईएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ समेतको अधिनमा रही १०% अर्थात् रु.९,३७,५०,०००/- (अक्षरेपि नौ करोड सैंतीस लाख पचास हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयर (जसमध्ये आयोजना अति प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरिजङ्गा गाउँपालिकाको वडा नं. ८ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरीजङ्गा गाउँपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ७, सिदिङ्वा गाउँपालिकाको वडा नं. ५ र ६, पाथिभरा याङवारक गाउँपालिकाको वडा नं. ५ र ६ र पाँचथर जिल्लाको हिलिहाङ गाउँपालिकाको वडा नं. १ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर) सानिमा क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रवन्धकत्वमा मिति २०८२ चैत्र ९ गतेदेखि मिति २०८२ चैत्र २३ गतेसम्म बिक्री खुल्ला गरिएकोमा सो अवधीभित्र रितपूर्वक आवेदन दिनु हुने सम्पूर्ण आवेदकहरूलाई बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम उक्त ९,३७,५०० कित्ता साधारण शेयरहरू मिति २०८३/०१/०७ गते सोमबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं।

शेयर बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.sanima.capital वा निष्काशन कम्पनीको वेवसाइट: www.snowrivers.com.np बाट पनि हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

साथै, संकलन केन्द्रबाट दरखास्त फाराम बुझाएका लगानीकर्ताहरूको बाँडफाँडमा आंशिक/नपरेका शेयर वापतको रकम **यही मिति २०८३ बैशाख १० गते बिहीबार**देखि सम्बन्धित आवेदकहरूले आफूले दरखास्त फाराममा उल्लेख गरेको बैंक खातामा रकमान्तर गरिने व्यवस्था मिलाइएकोले आफ्नो खातामा रकम जम्मा भए नभएको एकिन गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं।

निष्काशन तथा बिक्री प्रबन्धक :

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालय: सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

अचाक्ली...

पृष्ठ १ बाट क्रमशः

केजीको बोरामा तीन सय रुपैयाँले महँगिएको छ।

खानेतेलतर्फ सबैभन्दा धेरै खपत हुने सनफ्लावर तेल लिटरमा १५ रुपैयाँ बढेर ३०५ रुपैयाँ पुगेको छ। त्यस्तै, जिरा र धनियाँ (दाना) क्रमशः प्रतिकेजी ५० र ७० रुपैयाँले बढेको छ। चिउराको भाउ प्रतिकेजी २५ देखि ५० रुपैयाँसम्म र राज्मा प्रतिकेजी ६० रुपैयाँले बढेको छ। वाणिज्य विभागले प्रत्येक महिना बजार मूल्य संकलन गरी प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। विभागका निरीक्षण अधिकृतहरूले खुद्रा बजारमा पुगेर मूल्य संकलन गर्दै आएको प्रवक्ता नरहरि तिवारीले जानकारी दिए। संकलित मूल्यसूचीका आधारमा तुलनात्मक विवरण सार्वजनिक गर्दै आएको उनले बताए।

खाद्यान्नभन्दा पनि अकासिएको छ हरियो तरकारीको भाउ। एक महिनाको अवधिमा झन्डै दुई सय प्रतिशतसम्म महँगिएको छ। सबैभन्दा महँगो टाटेसिमी छ। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार १ चैतमा औसत ३७ रुपैयाँ प्रतिकेजी थोक (होलसेल) मूल्य रहेको टाटेसिमी सोमबार ११० रुपैयाँमा बिक्री भयो। त्यस्तै, काउली, फर्सी, बरेलालगायतको भाउ दोब्बरले बढेको छ।

कालीमाटी बजार विकास समितिका उपनिर्देशक विनय श्रेष्ठले नियमित परिमाणमै तरकारी आपूर्ति भइरहेको, तर ढुवानी लागतमा भएको वृद्धिले मूल्यमा चाप परेको बताए। 'दैनिक औसत आवागमन सात सय टन हो, अहिले सोही परिमाणबराबरको तरकारी आयात भइरहेको छ,' उनले भने, 'ढुवानी लागतले केही असर गरेको देखिन्छ। ढुवानी भाडा बढेपछि स्वाभाविक रूपमा उपभोक्ता मूल्यमा केही चाप पर्छ।'

कालीमाटीको औसत मूल्यको तुलनामा काठमाडौं उपत्यकाका अन्य साना बजारमा थप मूल्यवृद्धि हुने प्रवृत्ति छ। तर, कालीमाटीमै दैनिक तरकारीको औसत भाउ बढिरहेको छ। समितिको तथ्यांकअनुसार आइतबार गाजरको औसत मूल्य ५० रुपैयाँ प्रतिकेजी रहेकोमा सोमबार बढेर ५५ रुपैयाँ पुगेको छ।

अन्तर्राष्ट्रिय बजारमा बढेको कच्चा तेलको भाउका कारण नेपाली बजारमा पनि इन्धनको भाउ समायोजन भइरहेकाले असर परेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्र सुवेदीले बताए। 'इन्धनको भाउ बढेपछि सबैतिर असर पर्ने नै भयो,' उनले भने, 'अहिले भइरहेको इन्धनको भाउ वृद्धिमा अन्तर्राष्ट्रिय कारक तत्त्व नै प्रमुख रहेकोमा हामी सबै जानकार नै छौँ।' उनले बजार भाउ नियन्त्रणका लागि मौजुदा कानुनअनुसार अधिकतम खुद्रा बिक्री मूल्यको कार्यान्वयनमा वाणिज्य विभागमार्फत कडाइ भइरहेको पनि दाबी गरे।

■ केराको भाउ मनलाग्दी
बारीमा ८५, बजारमा ३५०

केराको मूल्य महिना दिनयता बढेकोबढ्यै छ। काठमाडौं उपत्यकाको बजारमा एक दर्जन केराको औसत मूल्य ३५० रुपैयाँ पुगेको छ। बजारमा मागको तुलनामा आपूर्ति घटेका कारण मूल्य अकासिएको थोक फलफूल व्यवसायी संघका अध्यक्ष अमर बानियाँ बताउँछन्। 'केरा आयातमा प्रतिबन्ध लागेको छ, तर स्वदेशी केराले माग धान्न सक्ने अवस्था छैन,' उनले भने, 'अहिले बजारमा अभाव भएकाले मूल्यमा चाप परेको हो।'

मागभन्दा आपूर्ति थोरै हुँदा बढेको मूल्यको लाभ किसानले पाएका छैनन्। उपभोक्ताले एक दर्जन केरालाई औसत ३५० रुपैयाँ खर्च गर्नुपरे पनि उपभोक्ताले बारीबाट जम्मा ८५ रुपैयाँमा बेच्नुपरेको छ। केरा उत्पादक किसान महासंघका अध्यक्ष विष्णुहरि पन्तले कोसाको ६-७ रुपैयाँका दरले बारीबाट केरा बिक्री भइरहेको बताए।

'बारीमा किसानले धेरै मूल्यमा केरा बिक्री गरेकै छैनन्। औसतमा प्रतिदर्जन ८५ रुपैयाँ पाउने हो,' उनले भने, 'तर, बजारमा भने मूल्य अकासिएको देख्दा अचम्म लागेको छ।' स्वदेशी केरालाई धराशयी बनाउने अभिप्रायले नियोजित रूपमा मूल्य बढाइको उनको भनाइ छ।

'टिआर-फोर' नामक रोग नियन्त्रणका लागि सरकारले गत २ असोजदेखि केरा आयातमा प्रतिबन्ध लगाएको छ। सो प्रतिबन्धविरुद्ध केही व्यवसायीहरू संगठित रूपमै उत्रेर स्वदेशी किसानलाई अप्ठ्यारोमा पार्न खोजेको महासंघको बुझाइ छ। भारतबाट आयात भएको केरामा ढुसी आउने रोग (टिआर-फोर) देखिएपछि केही समयअघि चितवनमा स्वदेशी केराको बोट नै नष्ट गर्ने अभियानसमेत थालिएको थियो। नयाँ रोग भित्रिन नदिन र स्वदेशी केरालाई प्रवर्द्धन गर्न आयात प्रतिबन्धको निर्णय स्वागतयोग्य भएको पन्तले बताए। 'सरकारले स्वदेशी किसानलाई प्रोत्साहन गर्ने गरी लिएको नीतिलाई जोगाइराख्नु जरुरी छ,' उनले भने।

किसानले बारीमा ८५ रुपैयाँ दर्जनका दरले बिक्री गरेको केरा होलसेल बजारबाट १५० देखि १८० रुपैयाँ दर्जनका दरले बिक्री भइरहेको बानियाँले बताए। केराको मूल्यमा मनोमानी गर्ने खुद्रा व्यापारी भएको उनको आरोप छ। 'किसानबाट किनेको केरा होलसेल बजारमा आधा नै नष्ट हुन्छ, ढुवानी लागत पनि महँगो छ,' बानियाँले भने, 'त्यसैले, होलसेलबाट अधिकतम १८० रुपैयाँ प्रतिदर्जनमा केरा बिक्री भइरहेको छ, खुद्रा बजार नियन्त्रण भइरहेको छैन।' होलसेल मूल्यको दोब्बर भाउमा खुद्रा बजारमा केरा बिक्री भइरहेको छ। केरा उत्पादक संघले स्वदेशको माग धान्ने क्षमता नेपाली किसानमै रहेको दाबी गरे। अहिले पनि बारीमा नयाँ केरा लगाइसकेको र दुई-तीन महिनामा पर्याप्त उत्पादन हुने स्थिति रहेको संघका अध्यक्ष पन्तको दाबी छ।

प्रशोधित पानीमा प्रतिलिटर पाँच रुपैयाँ वृद्धि

जार तथा बोतलमा पाइने प्रशोधित खानेपानीको मूल्य पनि बढेको छ। पानी उद्योग महासंघका अध्यक्ष विक्रम लिम्बूका अनुसार बोतलको पानीमा चार रुपैयाँ र जारको पानीमा पाँच रुपैयाँ बढाउने निर्णय भएको छ। 'सबै खालका कच्चा पदार्थको भाउ ४० प्रतिशतले बढेको छ,' उनले भने, 'त्यसैले हामी मूल्य समायोजन गर्न बाध्य छौँ, तर उपभोक्ता मूल्य ४० प्रतिशतले बढाउने निर्णय भने भएको छैन।'

महासंघले विज्ञप्ति नै जारी गरेर पानी उद्योगमा प्रयोग हुने बोतल, क्याप, र्‍यापिङ रोल, जार, जार क्यापलगायत कच्चापदार्थको मूल्यमा करिब ४० प्रतिशतभन्दा बढीसम्म वृद्धि भएको, पेट्रोलियम पदार्थको अत्यधिक मूल्यवृद्धि भएकाले ढुवानी लागत बढेको र अन्तर्राष्ट्रिय परिस्थितिका कारण कच्चापदार्थ आपूर्ति असहज भएकाले अहिलेकै भाउमा बिक्री मूल्य निर्धारण गर्न असमर्थ रहेको जनाएको छ। महासंघमातहत ६२० उद्योग छन्। यी सबैलाई ४० प्रतिशतसम्म भाउ बढाएर बिक्री गर्न महासंघले अनुरोध गरेको छ।

'यो कुनै नाफामूलक निर्णय नभई बढेको उत्पादन लागत, ढुवानी खर्च, कच्चापदार्थ मूल्यवृद्धि र उद्योग सञ्चालनको वास्तविक अवस्थाबाट सिर्जित बाध्यात्मक परिस्थिति हो,' महासंघले भनेको छ, 'तसर्थ, महासंघ सम्पूर्ण सदस्य उद्योगीहरूलाई हाल कच्चापदार्थ तथा सञ्चालन लागतमा भएको मूल्यवृद्धिको अनुपातमा उत्पादित पानीको मूल्य समायोजन गरी बिक्री-वितरण गर्न अनुरोध गर्दछ।'

महासंघको सर्कुलरपछि बजारमा उपलब्ध पानीको बोतलको अधिकतम खुद्रा बिक्री पनि बढेको अध्यक्ष गुरुङले बताए। 'पहिले प्रतिबोतल १६ रुपैयाँ रहेको एमआरपी अब २० रुपैयाँ उल्लेख भएर आउनेछ,' उनले भने, 'जारको पानी पनि पाँच रुपैयाँ बढेर एमआरपी उल्लेख हुनेछ।' औसत ५० रुपैयाँ प्रतिजार रहेको पानी अबदेखि ५५ रुपैयाँ पुग्ने उनले जानकारी दिए।

एक महिनामा ६ पटक पेट्रोलियमको भाउ वृद्धि

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ र प्रशोधन शुल्कमा भएको वृद्धिका कारण आयल निगमले एक महिनामै ६ पटक पेट्रोलियम पदार्थको भाउ बढाएको छ। ६ पटक गरेर निगमले पेट्रोल ६२ रुपैयाँ, डिजेल र मट्टीतेल समान ९५ रुपैयाँ र आन्तरिक हवाई इन्धन १३५ रुपैयाँ प्रतिलिटर बढाएको छ। त्यस्तै, बाह्य हवाई इन्धन ८१९ डलर प्रतिकिलोलिटर र खाना पकाउने एलपी ग्यास सय रुपैयाँ प्रतिसिलिन्डर वृद्धि गरेको छ।

पश्चिम एसियामा युद्ध सुरु भएयता आयल निगमले निरन्तर पेट्रोलियम पदार्थको भाउ बढाइरहेको छ। १ चैत, ११ चैत, १७ चैत, १९ चैत, २६ चैत र २ वैशाखमा निगमले मूल्य बढाएको हो। १ चैतअघि पेट्रोल १५७ र डिजेल तथा मट्टीतेल १४२ रुपैयाँ थियो। अन्तिमपटक २ वैशाखमा भएको मूल्यवृद्धिपछि पेट्रोल २१९ र डिजेल तथा मट्टीतेल २३७ रुपैयाँ प्रतिलिटर छ। त्यस्तै, १२७ रुपैयाँ प्रतिलिटर रहेको आन्तरिक हवाई इन्धनको भाउ बढेर अहिले २६२ रुपैयाँ पुगेको छ भने अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवाले प्रयोग गर्ने इन्धनको भाउ प्रतिकिलोलिटर ९६६ डलरबाट एक हजार ७१६ डलर पुगेको छ। त्यस्तै, खाना पकाउने ग्यास एक हजार ९१० रुपैयाँबाट बढेर दुई हजार १० रुपैयाँ प्रतिसिलिन्डर पुगेको छ।

आयल निगमका प्रवक्ता मनोज ठाकुरले अन्तर्राष्ट्रिय बजारमा बढेको भाउअनुसार नेपालमा समायोजन भइरहेको बताए। 'अन्तर्राष्ट्रिय बजारमा उच्च दरले भाउ बढेको छ, त्यसैले नेपालमा असर पर्ने नै भयो,' उनले भने। खरिद मूल्यअनुसार अझै पनि नेपालमा मूल्य समायोजन नभएकाले पाक्षिक रूपमा पाँच अर्ब ७५ करोड घाटा रहेको निगमको प्रक्षेपण छ।

गाडी चढ्नासाथ २५ रुपैयाँ

काठमाडौं उपत्यकामा सवारी चढ्नासाथ सुरु भाडादर २५ रुपैयाँ पुगेको छ। बस चढेर छोटो दूरीमै ओर्लिए पनि यात्रुले २५ रुपैयाँ दिनुपर्छ। यसअघि २० रुपैयाँ तिर्नुपर्थ्यो। पेट्रोलियम पदार्थको भाउ बढेकाले सरकारकै सहमतिमा सार्वजनिक सवारीसाधनको भाडादर समायोजन गरिएको हो। उपत्यकामा २८ चैतदेखि लागू नयाँ भाडादर २५.९६ प्रतिशतका दरले बढाइएको छ।

लामो दूरीको भाडादर पनि वृद्धि गरिएको छ। सार्वजनिक सवारीसाधनको यात्रु भाडादर १६.७१ प्रतिशत, तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारीको ढवानी भाडादर १५.७५ प्रतिशत र पहाडी बाटोमा सञ्चालन हुने मालवाहक ट्रकको ढुवानी भाडादर २१.६८ प्रतिशतले बढाइएको यातायात व्यवस्था विभागले जनाएको छ।

त्यस्तै, हवाई इन्धनको मूल्यमा भएको वृद्धिका कारण हवाई भाडासमेत बढेको छ। सबैभन्दा लामो रुट काठमाडौं-धनगढीको हवाई भाडा महँगिएर एकतर्फी मात्रै अधिकतम २२ हजार ७५५ रुपैयाँसम्म पुगेको छ। यो रुटको न्यूनतम भाडा ११ हजार आठ सय रुपैयाँ छ। यसअघि उक्त भाडादर सात हजार पाँच सयदेखि १२ हजार रुपैयाँ आसपाससम्म थियो।

बिचौलियालाई फाइदा, किसानले पाएनन् केरामा बढेको मूल्य

धनगढी बजारमा केराको मूल्य प्रतिदर्जन २००, तर किसानले पाउँछन् बढीमा ५५ रुपैयाँ

धनगढीमा **तेजराज भट्ट**

धनगढी बजारमा केराको मूल्य प्रतिदर्जन २०० रुपैयाँमा बिक्री-वितरण भइरहेको छ, तर किसानले भने बढीमा ५५ रुपैयाँ मात्रै पाउने गरेका छन्। कैलाली टीकापुरका केरा किसान विश्राम कुश्मीले मूल्यवृद्धि गरेर बिचौलियाले फाइदा लिएको बताए।

'बजारमा एक दर्जन केराको मूल्य २०० पुगिसक्यो, तर उपभोक्ताका लागि भाउ अकासिँदा हामी किसानले पुरानै मूल्य पाइरहेका छौँ,' उनले भने, 'आज पनि मैले व्यापारीलाई ५५ रुपैयाँ दर्जनका दरले बेचेँ, थप दिन मान्दैनन्।'

जोशीपुर गाउँपालिका-४, झबैमा १२ बिघा जमिनमा केराखेती गर्दै आएका नेपबहादुर चौधरीले बजारमा महँगिएको केराको भाउ आफूले नपाएको बताए। 'बजारमा केराको मूल्य ह्वात्तै बढेको छ, तर हामीलाई मूल्य दिन तयार छैनन्,' डेढ दशकदेखि केराखेती गर्दै आएका चौधरीले भने, 'किसानबाट खरिद गरेको मूल्यमा अलिअलि मुनाफा जोड्ने कुरा स्वाभाविक हो, तर चार गुणासम्म बढाएर बेच्दा किसान र उपभोक्ता दुवै मारमा परेका छन्।'

सरकारले केरा आयातमा प्रतिबन्ध लगाएपछि उत्साहित बनेका स्वदेशी किसानको अहिले बारी र बजारमा मूल्य आकाश-जमिनको फरक देखिन्छ। किसान, व्यापारी र उपभोक्ताबिच देखिएको मूल्यको अन्तर सरकारले नियन्त्रण गर्नुपर्ने किसानहरूको माग छ। केरा उत्पादक संघ, कैलालीका उपाध्यक्ष टेकेन्द्र धामीले आयात प्रतिबन्धले केरामा आत्मनिर्भर बन्न सहज हुने, तर यो मौकामा भएको अस्वाभाविक मूल्यवृद्धि सरकारले नियन्त्रण गर्नुपर्ने बताए। 'भारतबाट आयात प्रतिबन्धको मौका छोपेर केराको मूल्य धेरै बढाउनुपर्छ भन्ने हाम्रो माग होइन, लागतअनुसार मूल्य तोकिनुपर्‍यो,' धामीले भने, 'किसानले थोरै मूल्यमा बेच्नुपर्ने, उपभोक्ताले धेरै मूल्य तिर्नुपर्ने र फाइदाजति व्यापारीले लिने प्रवृत्ति सरकारले नियन्त्रण गर्नुपर्छ।'

कैलाली र कञ्चनपुर केरा उत्पादनका पकेट क्षेत्र हुन्। संघका अनुसार कैलालीमा करिब एक हजार पाँच सय हेक्टरमा केराखेती भइरहेको छ। प्रतिहेक्टर उत्पादकत्व ३०.६ मेट्रिक टन रहेको कृषि ज्ञान केन्द्र, कैलालीका कृषि प्रसार अधिकृत टेकबहादुर विष्टले बताए।

निजामती सेवा...

पृष्ठ १ बाट क्रमशः

विभिन्न मन्त्रालयको सहभागितासहित मस्यौदा तयार भइरहेको छ। संविधान जारी भएको एक दशक बितिसक्दा पनि ऐन अभावले कर्मचारीतन्त्र र सेवा प्रवाहमा असर परिरहेकाले सरकारले चालू आर्थिक वर्षमै ऐन ल्याउने तयारी गरेको छ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले विधेयकका विषयवस्तुमा मिहिन छलफल र लेखनको काम चलिरहेको बताइन्। 'सरकारको सय दिने कार्यसूचीमै ४५ दिनभित्र निजामती सेवा ऐन बनाउन विधेयक तर्जुमा गर्ने उल्लेख छ। त्यसैअनुसार अहिले मन्त्रालयले विधेयकका विषयवस्तुमा मिहिन छलफल गरिरहेको छ,' उनले भनिन्, 'लगभग हामी अन्तिम चरणमा पुगेका छौँ। सम्भवतः एक साताभित्रै हाम्रोतर्फबाट गर्नुपर्ने काम सक्छौँ।'

अधिकारीहरूका अनुसार संघीय निजामती विधेयकलाई सरकारले प्राथमिकतामै राखेर अघि बढाएको छ। सरकार चालू आर्थिक वर्ष ०८२/८३ मा नै ऐन ल्याउने तयारीमा छ। मन्त्रिपरिषद्ले गत १३ चैतमा स्वीकृत गरेको सयदिने कार्यसूचीमा ४५ दिनभित्र संघीय निजामती सेवा विधेयक तर्जुमा गर्ने उल्लेख गरिसकेको छ। 'अब केही दिनमा मस्यौदाले अन्तिम रूप लिन्छ,' अधिकारीहरू भन्छन्। उनीहरूका अनुसार प्रक्रियाबाटै विधेयक अघि बढाउने तयारी छ। राष्ट्रिय सभाले विघटित प्रतिनिधिसभामै पठाएको विधेयकलाई प्रारम्भिक मानेर मस्यौदा तयार हुँदै छ।

कुलिङ पिरियडमा भएको छेडखानी सच्याएर विधेयक पारित गरी राष्ट्रिय सभाले प्रतिनिधिसभामा पठाएको थियो। प्रतिनिधिसभामा विधेयक टेबुल हुने अन्तिम प्रक्रिया जेन-जी विद्रोहका कारण रोकिएको थियो। २४ भदौमा प्रतिनिधिसभामा विधेयक टेबुल हुने तय भएकामा अघिल्लो दिन जेन-जी विद्रोह भएको थियो। विद्रोहपछि संसद् विघटन गरिएको थियो।

समायोजन भएर प्रदेश र स्थानीय तह पठाइएका कर्मचारीका गुनासैगुनासा

निजामती कानुन अघि बढाउनै लाग्दा अहिले कर्मचारीमा चासो र चिन्ता बढेको छ। यसैमाझ समायोजन भएर प्रदेश र स्थानीय तहमा पठाइएका कर्मचारी पनि आफ्नै गुनासा छन्। समायोजन भएका कर्मचारीको सेवा, सर्त, सुविधा, वृत्तिविकास, अन्तरतह, बढुवा, सरुवा तथा सेवा सुरक्षाका सम्बन्धमा कानुनी शून्यता र अन्योल छ। समायोजन भएर प्रदेश र स्थानीय तहमा गएका कर्मचारीले आफ्नो माग अघि सारेका छन्। कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम निजामती सेवाबाट प्रदेश र स्थानीय तहमा गएका कर्मचारीको वृत्ति विकास अवरुद्ध भएको, तीन तहका कर्मचारीबिच बढुवा र आन्तरिक प्रतिस्पर्धामा समान अवसरको अभाव रहेको र अन्तरप्रदेश तथा अन्तरतह सरुवाको स्पष्ट कानुनी मापदण्ड नहुँदा वृत्ति व्यवस्थापनमा कठिनाइ भएको भन्दै यो समस्या ऐनमार्फत सुल्झाउन उनीहरूले माग गरेका छन्।

कांग्रेसलाई एकताबद्ध बनाउन संस्थापन पक्षले सबैसँग संवाद गर्ने

● सहमहामन्त्री प्रकाश स्नेही भन्छन्-



अदालतबाट न्यायिक निरूपण भइसकेको छ। विशेष महाधिवेशनबाट पारित विधानलाई केन्द्रमा राखेर सभापतिले सबैसँग संवाद गर्नुहुन्छ। सबैलाई समेट्नुहुन्छ। विधानअनुसार आवश्यकता र औचित्यका आधारमा सबैसँग कुरा हुन्छ। अब समूहबन्दी गरेर जानुहुँदैन। लोकतन्त्र र संविधानमाथि चुनौती थपिएको वेला एकताबद्ध कांग्रेस आजको आवश्यकता हो। हामी व्यक्तिगत स्वार्थभन्दा माथि रहेर काम गर्छौं।

प्रेम गौतम/नयाँ पत्रिका

पार्टीलाई एकताबद्ध बनाउन कांग्रेस सभापति गगन थापाले सबै पक्षसँग संवाद गर्ने भएका छन्। सबैलाई समेटेर लैजाने नीतिअनुसार सभापतिबाहेक अन्य नेताहरूले पनि तहगत रूपमा इतरपक्षका नेताहरू छलफल थालेका छन्। शीर्षस्थ नेताहरूसँग सभापतिले छलफल गर्ने र बृहत् एकताका लागि अन्य नेताहरूले पनि भूमिका खेल्ने रणनीति संस्थापन पक्षले अपनाएको छ। तर, गुटबन्दीलाई भने नस्विकार्ने नीति लिएको छ। गुटबन्दीकै कारण कांग्रेस कमजोर बनेको संस्थापन पक्षको ठम्याइँ छ।

'अदालतबाट न्यायिक निरूपण भइसकेको छ। विशेष महाधिवेशनबाट पारित विधानलाई केन्द्रमा राखेर सभापतिले सबैसँग संवाद गर्नुहुन्छ। सबैलाई समेट्नुहुन्छ। विधानअनुसार आवश्यकता र औचित्यका आधारमा सबैसँग कुरा हुन्छ। अब समूहबन्दी गरेर जानुहुँदैन। लोकतन्त्र र संविधानमाथि चुनौती थपिएको वेला एकताबद्ध कांग्रेस आजको आवश्यकता हो। हामी व्यक्तिगत स्वार्थभन्दा माथि रहेर काम गर्छौं,' सहमहामन्त्री प्रकाश स्नेहीले भने। सभापतिबाहेक पनि तहगत रूपमा अन्य नेताहरूले पनि त्यसमा योगदान गरिरहनुभएको छ।' इतरपक्षको चासोको सुनुवाइ गरेरै अगाडि बढ्ने उनले बताए। 'हामी सबैको कुरा सुनेर अगाडि बढ्छौं। पार्टी सबैको साझा हो। पार्टीको बृहत्तर हितका लागि हामीले काम गर्ने हो। यसमा तेरो, मेरो भन्ने कुरा हुँदैन। सबै मिलेर पार्टीलाई बलियो बनाउनुपर्छ,' उनले भने।

१५औँ महाधिवेशनका लागि सहमतिमा मिति तोकेरसमेत जान सकिने उनले बताए। 'महाधिवेशनको सुनिश्चित नहुँदा पनि विशेष महाधिवेशन गरेर आयौं। १५औँ महाधिवेशनको मिति तोकिएको छ। सहमति हुँदा मध्यमार्गी मितिमा महाधिवेशन गर्न सकिन्छ,' क्रियाशील सदस्यता व्यवस्थापन समितिमा सदस्यसमेत रहेका स्नेहीले भने, 'अब जरा अभियानमा सबै खटिनुपर्छ। क्रियाशील सदस्यतामा कसैलाई पनि वञ्चित गर्ने सोच छैन। सबैलाई समेटेर अगाडि बढ्ने हो।' कांग्रेस संस्थापनले १६-१९ असोजमा गर्ने निर्णय गरेको छ। सोहीअनुसार वैशाख महिनाभर जरा अभियान सञ्चालन गरिरहेको छ।

सभापति थापाले आइतबार निवर्तमान सभापति पूर्णबहादुर खड्कासँग संवाद गरेका थिए। थापा र खड्काबिच पुनः छलफल गर्ने समझदारी छ। आइतबारको छलफलमा खड्काले थापालाई सहमतिको प्रस्ताव ल्याउन भनेका थिए।

थापाले बागमती प्रदेशस्तरीय चुनावी समीक्षा बैठकमा सोमबार एकताबद्ध भएर पार्टी १५औँ महाधिवेशनमा जाने बताए। 'पार्टीभित्रका सबै नेताहरूसँग म संवाद गरिरहेको छु, सबैसँग कुरा गर्छु, सबैलाई समेटेर जान्छु,' थापाले भनेका छन्। उनले भावनात्मक रूपमा नै एकता हुनुपर्नेमा जोड दिए। 'कांग्रेसको सदस्य हुने, लेबी तिर्ने, कांग्रेसको आन्तरिक चुनावमा मतदान गर्ने, तर मलाई मन लागेन चुनावमा अर्को पार्टीलाई भोट दिन्छु भन्न पाइँदैन,' थापाले भने।

इतरपक्षले सम्मानजनक अवस्था हुनुपर्नेमा जोड दिएको छ। १५औँ महाधिवेशनको मिति दुईवटा तोकिएकाले सहमतिमा एउटै मिति तोकेर जान सकिने इतरपक्षको भनाइ छ। विशेष महाधिवेशनअघि नै कांग्रेस केन्द्रीय कार्यसमितिले २८-३१ वैशाखमा १५औँ महाधिवेशनको मिति तोकेको थियो। तर, विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आएपछि उक्त कार्यतालिका प्रभावित भएको छ। विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिले आगामी असोजमा १५औँ महाधिवेशनको मिति तोकेको छ। उक्त मिति एकपक्षीय रूपमा तोकिएको भन्दै इतरपक्षले मध्यमार्गी मिति नतोकिए दुईवटा महाधिवेशन हुने चेतावनी दिएको छ।

'हाल महाधिवेशनको दुई कार्यतालिका छ। त्यसलाई समायोजन गरेर एउटै बनाउने स्थिति बन्यो भने एकता भएको मानिन्छ। होइन भने दुईवटा महाधिवेशन हुन्छ। पार्टी विभाजतर्फ जान्छ,' इतरपक्षीय नेता मीन विश्वकर्माले भने, 'बलविशेष महाधिवेशनबाट आएको कार्यसमितिको कोर्टमा छ।' संस्थापन पक्षले सहमतिको ठोस प्रस्ताव ल्याउनुपर्नेमा उनले जोड दिए।

खड्काको स्पष्टीकरणमा छलफल नै भएन

कांग्रेसको अनुशासन समितिले निवर्तमान सभापति पूर्णबहादुर खड्कालाई सोधेको स्पष्टीकरण यथावत् राखेको छ। गत २ वैशाखमा समितिले खड्कालाई सात दिनको म्याद दिएर स्पष्टीकरण सोधेको थियो। तर, अदालतले विशेष महाधिवेशन पक्षधरलाई मान्यता दिएपछि महामन्त्री गुरुराज घिमिरेले स्पष्टीकरणको अध्याय समाप्त भएको बताएका थिए। सोमबारको बैठकमा खड्काको विषयमा छलफल नै नभएको अनुशासन समितिका संयोजक तारामान गुरुङले बताए। 'त्यो विषयमा आज छलफल नै भएन। हामीले सात दिनको समय दिएर स्पष्टीकरण सोधेका थियौं। भर्खर पाँच दिन त भयो,' उनले भने। गुरुङले समितिले पार्टीको विधानअनुसार प्रक्रियागत ढंगले काम गरिरहेको पनि बताए। उनले विधानभन्दा तलमाथि नगर्ने पनि बताए।

विद्यार्थी संगठनका कार्यालय र बोर्ड हटाउन उपकुलपतिहरूलाई प्रधानमन्त्रीको निर्देशन

शिवहरि घिमिरे/नयाँ पत्रिका

प्रधानमन्त्री वालेन्द्र शाह बालेनले विश्वविद्यालयबाट विद्यार्थी, कर्मचारी र प्राध्यापकका दलीय संगठनका कार्यालय र संरचना हटाउन निर्देशन दिएका छन्। सोमबार विभिन्न विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूसँगको छलफलमा उनले कुनै पनि विश्वविद्यालयमा दलीय संगठन हुन नहुने भन्दै त्यस्ता संरचना हटाउन निर्देशन दिएका हुन्।

बालेनले विश्वविद्यालय र स्वास्थ्य शैक्षिक संस्थाहरूमा रहेका दलीय विद्यार्थी तथा कर्मचारी संगठनका संरचनाहरू तत्काल हटाउनेबारे सरकारले गरेको निर्णय कार्यान्वयन गर्न उपकुलपतिहरूलाई निर्देशन दिए। प्रधानमन्त्री शाहले शैक्षिक संस्थाहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय संगठनका संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने र यदि ऐन बाधक भएमा त्यसलाई परिमार्जनसमेत गर्ने स्पष्ट पारे। 'अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झन्डा, प्रभाव वा संगठन राख्न दिनुहुँदैन। राजनीति नै गर्ने भए पेसागत जिम्मेवारीबाट अलग भएर पूर्ण रूपमा राजनीतिमा लाग्न सक्नुपर्छ,' बालेनले, 'शैक्षिक संस्थाहरूमा राजनीतिक गर्नु राम्रो भएन, यसले शैक्षिक गतिविधिमा प्रत्यक्ष असर पारेको छ।'

प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बसेको बैठकमा प्रधानमन्त्री बालेनले तीन घण्टा छलफल गरेका थिए। सबै उपकुलपतिहरूले पालैपालो विश्वविद्यालयको कामकारबाही र योजनाबारे प्रधानमन्त्रीसमक्ष प्रस्तुति राखे। उपकुलपतिहरूबाट विश्वविद्यालय र प्रतिष्ठानका कामकारबाही, योजना र समस्या सुनिसकेपछि प्रधानमन्त्री शाहले अन्तिममा पाँच मिनेटमा आफ्ना कुरा राखेर बैठक सकाए। आफ्ना धारणा राख्नेक्रममा प्रधानमन्त्री शाहले विश्वविद्यालयहरूले गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादनमा बढी ध्यान दिनुपर्ने बताउँदै आफूले आवश्यक सहयोग गर्ने बताएका थिए। 'तपाईंहरूले आ-आफ्नो विश्वविद्यालय र प्रतिष्ठान राम्रैसँग सञ्चालन गरिरहनुभएको हो, थुप्रै विश्वविद्यालय र प्रतिष्ठानमा समस्या रहेछन्, त्यसमा सरकारले गर्नुपर्ने सहजीकरण अवश्य गर्छ, विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर राम्रो हुनुपर्छ, सबै नियमपूर्वक चल्नुपर्छ,' शाहले भने, 'कतिपय विश्वविद्यालयका नीति नयाँ बनाउनुपर्नेछ, कतिका भवन र संरचना व्यवस्थित बनाउनुपर्नेछ, त्यसमा सरकारले ध्यान दिएर काम गर्नेछ।'



■ नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति धनेश्वर नेपालको गुनासो-

धम्की र आक्रमण खेप्नुपरेको छ

हामीले विद्यार्थीका दलीय संरचना हटाउन खोजेका छौं, तर हामीलाई धम्की आइरहेको छ। यसमा सरकारले सुरक्षा दिनुपर्छ।

■ प्रधानमन्त्री बालेनले भने-

आवश्यक सहयोगका लागि सरकार प्रतिबद्ध छ

अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झन्डा, प्रभाव वा संगठन राख्न दिनुहुँदैन। राजनीति नै गर्ने भए पेसागत जिम्मेवारीबाट अलग भएर पूर्ण रूपमा राजनीतिमा लाग्न सक्नुपर्छ। शैक्षिक संस्थाहरूमा राजनीतिक गर्नु राम्रो भएन, यसले शैक्षिक गतिविधिमा प्रत्यक्ष असर पारेको छ। तपाईंहरूले आ-आफ्नो विश्वविद्यालय र प्रतिष्ठान राम्रैसँग सञ्चालन गरिरहनुभएको हो, थुप्रै विश्वविद्यालय र प्रतिष्ठानमा समस्या रहेछन्, त्यसमा सरकारले गर्नुपर्ने सहजीकरण अवश्य गर्छ, विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर राम्रो हुनुपर्छ, सबै नियमपूर्वक चल्नुपर्छ। कतिपय विश्वविद्यालयका नीति नयाँ बनाउनुपर्नेछ, कतिका भवन र संरचना व्यवस्थित बनाउनुपर्नेछ, त्यसमा सरकारले ध्यान दिएर काम गर्नेछ। दलीय संगठनका संरचना हटाउँदा सुरक्षा थ्रेट भएमा सुरक्षा संयन्त्रलगायत आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध छ। प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्छ, ढुक्क भएर जिम्मेवारी पूरा गर्नुहोला।

■ ७ साउनमा त्रिविको सिनेट राखिने

बैठकमा त्रिवि उपकुलपति प्रा.डा.दीपक अर्यालले आगामी सिनेट बैठकबारे पनि प्रधानमन्त्री शाहलाई जानकारी गराए। उनले आगामी ७ साउनमा नीति तथा योजनाबारे सिनेट बस्ने भएकाले प्रधानमन्त्रीलाई समय व्यवस्थान गर्न अनुरोध गरे। 'यसबारेमा उहाँसँग सौहार्द रूपमा कुराकानी भयो, उहाँले राम्रोसँग काम गर्न भन्नुभएको छ, आगामी ७ साउनमा त्रिवि सिनेट बैठकका लागि मैले निमन्त्रणा गरेको छु, तर उपकुलपतिमा प्रधानमन्त्रीज्यू बस्ने नबस्ने भन्नेबारेमा छलफल भएन, यदि त्यो व्यवस्था गर्ने हो भने पनि सुरुमा त ऐन संशोधन हुनुपर्‍यो,' उनले भने।

■ वीरको दुवाकोट भवन सम्पन्न गर्न र बिमाको भुक्तानी गर्न अनुरोध

प्रधानमन्त्री शाहसँगको छलफलमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान न्याम्सका उपकुलपति प्रा.डा भूपेन्द्र बस्नेतले छलफलका क्रममा दुवाकोटमा अलपत्र परेको वीरको नयाँ संरचना समयमै सकाउन सरकारलाई सहयोग गर्न अनुरोध गरे। उनले हाल वीर अस्पतालले सरकारबाट बिमाबापत पाउनुपर्ने ५१ करोड भुक्तानीसमेत नपाएको भन्दै सहजीकरणका लागि आग्रह गरे। 'हाल वीरको दुवाकोट भवन निर्माण कार्य अलपत्र छ, त्यसबारेमा पनि मैले जानकारी गराएको छु,' उनले भने, 'सरकारबाट ५१ करोड बिमाको भुक्तानी भएको छैन, उक्त रकम सहजीकरण गरिदिन पनि अनुरोध गरेको छु।'

■ उपकुलपतिहरूले प्रधानमन्त्रीसमक्ष समस्या र गुनासा

प्रधानमन्त्रीसमक्ष विभिन्न विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले आ-आफ्ना धारणा र समस्या राखेका थिए। नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. धनेश्वर नेपालले विद्यार्थी संगठनका संरचना हटाउन खोज्दा उल्टै धम्की र आक्रमण खेप्नुपरेको भन्दै असुरक्षाको गुनासो गरे। 'हामीले विद्यार्थीका दलीय संरचना हटाउन खोजेका छौं, तर हामीलाई धम्की आइरहेको छ,' उनले भने, 'यसमा सरकारले सुरक्षा दिनुपर्छ।' नेपालको गुनासोमा प्रधानमन्त्री शाहले राजनीतिक संगठनका संरचना हटाउँदा सुरक्षाको कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिए। 'दलीय संगठनका संरचना हटाउँदा सुरक्षा थ्रेट भएमा सुरक्षा संयन्त्रलगायत आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध छ,' प्रधानमन्त्रीले भने, 'प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्छ, ढुक्क भएर जिम्मेवारी पूरा गर्नुहोला।'

प्रधानममन्त्री शाहले शैक्षिक क्यालेन्डरको पूर्ण पालना गर्न र परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्नसमेत सचेत गराए। उनले यदि समयमै परीक्षा सञ्चालन नगर्ने, नतिजा प्रकाशन नगर्ने हो भने त्यसको जवाफदेही उपकुलपति नै हुनुपर्ने बताए। बैठकमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक अर्यालले जेन-जी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठनहरू क्रमशः निष्क्रिय बन्दै गएको बताउँदै त्रिविले विद्यार्थीका दलीय संरचनाहरू हटाउन थालेको जानकारी गराए। 'विद्यार्थी संगठनको विषयमा दलीय विद्यार्थी संगठनहरू हटाउनुपर्ने बारेमा कुरा गर्नुभयो, उहाँले एक-दुई दिनमै दलीय संगठनका कार्यालय र होर्डिङ बोर्ड हटाउन भन्नुभएको छ, त्यस्तै जग्गा फिर्ता गर्नेबारेमा पनि हामीले निकालेको सूचनाअनुसार काम गर्नुहोला भन्नुभयो,' उनले भने, 'त्रिविका कामहरू नियमपूर्वक हुनुपर्‍यो भन्नेबारेमा उहाँको बढी चासो थियो।'

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतम, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा.विजुकुमार थपलिया र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तले केही आंगिक क्याम्पसहरूमा अझै पनि विद्यार्थी राजनीतिको तनाव कायमै रहेको बताउँदै विद्यार्थी संगठनका झन्डा, ब्यानर र कार्यकक्ष हटाउन प्रहरी प्रशासन माग गरे।

■ अमेरिकी सहायक विदेशमन्त्री कपुर काठमाडौंमा

रास्वपा सभापति लामिछानेसँग भेटवार्ता

नयाँ पत्रिका

दक्षिण तथा मध्य एसिया हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समीर पल कपुर सोमबार तीनदिने कार्यभ्रमणका क्रममा काठमाडौं आइपुगेका छन्। कपुरले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग शिष्टाचार भेट गरेका छन्। सोमबारै उनले उद्यमीहरूलाई समबोधन गरेका छन्। नेपालमा नयाँ सरकार गठन भएपछि अमेरिकाबाट भएको यो पहिलो र उच्चस्तरीय भ्रमण हो।

अघिल्लो सरकारका पालामा दक्षिण तथा मध्य-एसिया मामिला हेर्ने अधिकारी डोनाल्ड लु थिए। उनले अवकाश पाएसँगै राष्ट्रपति डोनाल्ड ट्रम्पले कपुरलाई सहायक विदेशमन्त्रीमा नियुक्त गरेका थिए। लामिछानेसँग नेपाल अमेरिका सहकार्य, नयाँ सरकारको विकास प्राथमिकतालगायतका विषयमा छलफल भएको कपुरले बताएका छन्।



'राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेट गर्न पाउँदा खुसी लाग्यो। नयाँ सरकारमा रास्वपाका प्राथमिकताबारे जानकारी लिँदै अमेरिका-नेपाल सहकार्यका सम्भावित क्षेत्रहरूबारे छलफल गर्ने,' भेटपछि अमेरिकी विदेश मन्त्रालयको एक्स पेजमा कपुरले लेखेका छन्। सभापति लामिछानेको निवासमा भेटमा परराष्ट्र मन्त्रालयका अधिकारी पनि सहभागी थिए। तर परराष्ट्र मन्त्रालय तथा रास्वपाले यो भेटबारे औपचारिक जानकारी सार्वजनिक गरेका छैनन्।

सोमबारै कपुरले नेपालको सूचना तथा प्रविधि क्षेत्रमा अमेरिकी व्यापारिक अवसर विस्तार गर्ने विषयमा सम्बद्ध उद्योग क्षेत्रका नेतृत्वकर्ताहरूसँग छलफल गरेका छन्। उनले आइटी व्यावसायीहरूलाई सम्बोधन गरेका छन्। 'डिजिटल पूर्वाधार सुदृढ गर्ने, कृत्रिम बुद्धिमत्ता (एआई)को प्रयोग विस्तार गर्ने, साइबर सुरक्षा मजबुत बनाउने र अमेरिकी प्रविधिगत क्षमताको आदान-प्रदान बढाउने उपायबारे पनि विचार-विमर्श गर्ने,' कपुरले छलफलपछि एक्समा लेखेका छन्। सहायक विदेशमन्त्री कपुरले परराष्ट्रमन्त्री शिशिर खनाल, अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलगायतसँग भेटवार्ता गर्ने कार्यक्रम छ।

संक्षेप

पौडी खेल्ने क्रममा दुई बालकको मृत्यु

संखुवासभा/ मकालु गाउँपालिकामा पौडी खेल्ने क्रममा दुई बालकको मृत्यु भएको छ। मकालु गाउँपालिका- २ सेकेदेम भन्ने ठाउँको सुकेखोलामा स्थानीय मदन राईका १२ वर्षीय छोरा सुवास राई र चार वर्षीय छोरा आशिष राईको पौडी खेल्ने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक मेघराज अर्यालले बताए। उनका अनुसार सोमबार दिउँसो करिब १ बजेतिर स्थानीय खोलामा एकै परिवारका दाजुभाइ र बहिनी सुवास पौडी खेल्न गएका थिए। पौडी खेल्ने क्रममा आशिष डुंगाबाट चिप्लिएर लड्दा उनलाई बचाउन जाँदा दाजु सुवास पनि गम्भीर घाइते भएका थिए। सुवास र आशिषलाई उपचारका लागि तुरुन्तै मकालु स्वास्थ्य केन्द्र सेदुवामा पुऱ्याए पनि चिकित्सकले दुवैजनालाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ। दुवै दाजुभाइको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल खाँदबारी ल्याइएको र कानुनी प्रक्रिया पूरा गरेपछि आफन्तलाई जिम्मा दिइने प्रहरीले जनाएको छ।

नागरिकको घरमै राहदानी पठाउँदै कैलाली प्रशासन

धनगढी/ कैलालीमा स्थानीय प्रशासनले राहदानी नागरिकको घरसम्मै पुऱ्याउने सेवा सुरु गरेको छ। जिल्ला प्रशासन कार्यालयले केन्द्रबाट तयार भएर आएका एक सय ३५ वटा राहदानी हुलाकमार्फत सम्बन्धित व्यक्तिको ठेगानामा पठाएको छ। सोमबारबाट राहदानी व्यक्तिको घरमै पठाउने सेवा सुरु गरिएको प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बताए। राहदानी लिन अब जिल्ला प्रशासन कार्यालय आउन नपर्ने उनले बताए। लाइनमा लागेर सेवा लिनुपर्ने झन्झट अन्त्य हुँदै गएको उनले बताए। जिल्ला प्रशासनबाट प्रदान गरिने सेवाहरू जनताको घरमै पुऱ्याउने लक्ष्यसहित काम अगाडि बढेको प्रमुख जिल्ला अधिकारी रेग्मीको भनाइ छ। तत्कालका लागि राहदानी हुलाकमार्फत सेवाग्राहीको घरमै पठाउने व्यवस्था सुरु गरिएको र कार्यालयले दिने अन्य सेवासमेत जनताको घरमै पुग्ने गरी काम भइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। हुलाकबाटै पठाउन थालिएपछि नागरिकले राहदानी लिनका लागि जिल्ला प्रशासन कार्यालय आउनुपर्ने बाध्यता हटेको छ।

सेयरमा कुरा नमिल्दा गुन्डा लगाएर कुटपिट

झापा/ झापाको दमकमा एक सरकारी विद्यालयका शिक्षकले निजी विद्यालयका सञ्चालकमाथि सोमबार कुटपिट गरेका छन्। मोरङको मिक्लाजुङस्थित तोरीबारीमा रहेको देवकोटा माध्यमिक विद्यालयका शिक्षक दीपक दंगालले नेकपा नेतासमेत रहेका दमकस्थित सप्तश्री बोर्डिङका सञ्चालक वीरेन्द्र बस्नेतमाथि गुन्डागर्दीमा संलग्नलाई प्रयोग गरेर कुटपिट गरेका हुन्। दंगाल देवकोटा माविका संघीय अनुदानअन्तर्गत अंग्रेजी विषयका करार शिक्षक हुन्। उनको लगानी दमकस्थित सप्तश्री बोर्डिङमा रहेको खुलेको छ। विद्यालयको सेयर कारोबारमा कुरा नमिलेपछि दंगालले बस्नेतलाई झापामा विगतदेखि नै गुन्डागर्दीमा संलग्न दुरेन राई, शिव साहलगायतलाई लगाएर कुटपिट गरेका हुन्। घटनापछि बस्नेतले इलाका प्रहरी कार्यालय दमकमा जाहेरी दर्ता गराएका छन्। प्रहरीले घटनामा संलग्न राई र साहलाई पक्राउ गरेको छ। घटनामा चारजना रहेको र दुईजना फरार रहेको प्रहरीले जनाएको छ। कुटपिट गर्न मान्छे लगाउने शिक्षक दंगाल पनि फरार छन्। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार चारजना व्यक्तिले अश्लील शब्द प्रयोग गरी गालीगलौज गर्दै बस्नेतमाथि कुटपिट गरेका थिए।

'म्हेर्च्याकुमा' परम्परा हराउँदै गएकोमा ह्योल्मो समुदाय चिन्तित

०७२ मा भूकम्पले हेलम्बु क्षेत्रका हजारौँ परम्परागत म्हेर्च्याकुमा ढलेपछि पुनर्निर्माण गरिँदा ढुंगा, इँटा, रड, सिमेन्ट, बालुवाको प्रयोग

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

हेलम्बुमा एक सयभन्दा बढी गुम्बा छ। गुम्बैगुम्बाको गाउँ मानिने हेलम्बु ह्योल्मो समुदायको प्रमुख वासस्थान हो। जसको आफ्नै भाषा, संस्कृति, धर्म, वेषभूषा र वास्तुकलागत पहिचान छ। भारतको अरुणाञ्चल, सिक्किम, नेपालको हेलम्बु, लाङटाङ, रोल्वालिङ, चुम्नुब्री र संखुवासभालाई गुरु रिम्पोछेको गुप्त क्षेत्र मानिन्छ। गुरु रिम्पोछेले बहुमूल्य निधि लुकाएको विश्वास गरिने गुप्तभूमि हेलम्बु धार्मिक पर्यटनमा पनि परिचित छ।

मौलिक संरचना, प्राचीन परम्परा र धार्मिक हिसाबले सजिसजाउ म्हेर्च्याकुमा ह्योल्मो समुदायको घर हो। विशेषगरी पूजाकोठा र भान्सामा ह्योल्मो समुदायको प्राचीन परम्परा र कलाले सजिएको हुन्छ। माथिल्लो कोठाको एक कुनाबाट अर्को कुनासम्म मिलाएर राखिने बुट्टा कुँदेर बनाइएको काठको ठुल्ठुला च्याकहरू, छ्येटी बक्सी (पूजा सामग्री राखिने दराज), कप र थालहरू राख्ने कायुल बक्सी, नेसा भडा भाँडाकुँडा राखिने दराज र अन्न राख्न बनाइएका क्याङजाङ बक्सीले घरको शोभा बढाएको हुन्छ। म्हेर्च्याकुमा घर अत्यन्तै सुन्दर र सफा हुन्छन्।

०७२ को विनाशकारी भूकम्पले हेलम्बु क्षेत्रमा रहेका परम्परागत हजारौँ म्हेर्च्याकुमा ढले। परम्परागत घर ढुंगामाटो र काठले बनेका थिए। ह्योल्मो खेबा (विद्वान्) बाट डिजाइन गरिएका वास्तुकलाले ती घरहरू अरूभन्दा पृथक् थिए। भूकम्पपछि पुनर्निर्माण गरिएका घर ढुंगा, इँटा, रड, सिमेन्ट, बालुवा र गिटीले बनेका छन्। आधुनिक घर त बन्यो, तर ह्योल्मो समुदायको पहिचान लोप हुँदै गएको छ। यसप्रति उनीहरू चिन्तित देखिएका छन्।

हेलम्बु क्षेत्र धार्मिक पर्यटन, सांस्कृतिक पहिचान र प्राचीन वास्तुकलामा प्रख्यात छ। परम्परागत घर म्हेर्च्याकुमा यो समुदायको जीवन हो। जीवनका सबै आयाम यही घरभित्र सजिएको हुन्छ। लामो समयदेखि ह्योल्मो संस्कृति र परम्पराको खोज गर्दै आएका अनुसन्धानदाता टासी दोङ्बा ह्योल्मो भूकम्पले खोसेको जीवनको प्राचीन खुसी फर्काउने अभियानमा लागेका छन्। ढलेका हजारौँ घर आधुनिक रूपमा ठडिए पनि ह्योल्मो समुदायको वास्तविक जीवन संस्कृति गुमेकोमा उनी निकै दुःखित छन्।



● **निमाग्याल्जेन शेर्पा**, अध्यक्ष, हेलम्बु गाउँपालिका



ह्योल्मो समुदाय प्राचीन संस्कृति र कलाले धनी छ। तर, पछिल्लो समय परम्परागत वास्तुकलाले सजिएका घर लोप हुँदै गएको छ। यसले हाम्रो परम्परा फर्काउने चिन्ता थपिएको छ। ह्योल्मो समुदाय सुख र भौतिक हिसाबले सम्पन्न भए तापनि सांस्कृतिक निधि हराउँदै जानु चिन्ताको विषय हो।

परम्परागत शैलीका धाम्बे, फर्को, सहाड, बिसौलीजस्ता सामग्री लोप भएका छन्। यद्यपि, ह्योल्मो फाउन्डेसनको अभियानले भूकम्पप्रतिरोधी, सुरक्षित र व्यवस्थित आवास निर्माणमा ह्योल्मो परम्परागत म्हेर्च्याकुमा संरचनाको नक्सालाई तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले स्वीकृति दिएकाले एकादुई एकीकृत बस्तीमा भने मौलिकता बचेको छ।

परम्परागत घर विविध फर्निचर, वास्तुकला, चित्रकला, मूर्ति र विशेष पूजा सामग्रीले सजिएको हुन्थ्यो। बौद्ध धर्मसँग सम्बन्धित अष्टमंगलका प्रतीकहरू जस्तै श्रीवत्स (अनन्त गाँठो) प्रज्ञा र करुणाको मिलन, पद्म (कमल फूल) -पवित्रता र स्पष्टताको प्रतीक, ध्वज (झन्डा) बुद्धको विजय, कलश-समृद्धि र प्रचुरता, मत्स्य जोडी (सुनौलो माछा) निडरता र आनन्द, धर्मचक्र-बुद्धको शिक्षा, शंख-बुद्धको आवाज र छत्र (छाता) संरक्षणको प्रतीक वास्तुकला र मूर्तिमा कुँदिएका हुन्छन्। विशेष बुट्टा भएको नाम्याल गोसुम झ्याल र ढोका, पूजा छ्येटी, परम्परागत भाँडा राख्ने काठ संरचना र सामुदायिक सभास्थल म्हेर्च्याकुमा घरको विशेषता हुन्।

प्राचीन संस्कृति र कलाले धनी ह्योल्मो समुदायका परम्परागत वास्तुकलाले सजिएका घर लोप हुँदै गएकोमा हेलम्बु गाउँपालिका अध्यक्ष निमाग्याल्जेन शेर्पा (ह्योल्मो) चिन्तित छन्। 'हाम्रो परम्परा फर्काउने चिन्ता थपिएको छ,' उनले भने, 'ह्योल्मो समुदाय सुख र भौतिक हिसाबले सम्पन्न भए तापनि सांस्कृतिक निधि हराउँदै जानु चिन्ताको विषय हो।' म्हेर्च्याकुमा, सांस्कृतिक नृत्य, वास्तुकला र हिमाल ह्योल्मो समुदायको विशेष पहिचान भएको र यही हेर्न विदेशी पर्यटक हेलम्बु पुग्ने उनले सुनाए। ह्योल्मो क्षेत्रको प्राचीन वास्तुकला र कालिगढले भारत, भुटान र अरू मुलुकमा रहेका बौद्ध गुम्बामा मूर्ति र चित्रकला स्थापना गरेका छन्।

हेलम्बु गाउँपालिकाको सेर्माथाङ, मेलम्चीघ्याङ, तार्केघ्याङ, कुटुङसाङ, तार्तुङलगायत गाउँमा बसोवास गर्ने ह्योल्मोवासीले आजकाल आफ्नो प्राचीन संस्कृतिको संरक्षण गर्न विभिन्न सांस्कृतिक अभियान सञ्चालन गरिरहेका छन्। ह्योल्मो परम्परागत म्हेर्च्याकुमा घरनिर्माण तथा जीवित सांस्कृतिक केन्द्र स्थापना कार्यक्रम र ह्योल्मो आदिवासी वास्तुकला, संस्कृति, दिगो जीविकोपार्जनको पुनर्जागरण अभियान सञ्चालनमा छन्। आफ्नो संस्कृति झल्काउने परम्परागत घरको मोडेल निर्माण गरेर देशको विभिन्न जिल्लामा छरिएर रहेका ह्योल्मो समुदायलाई भ्रमण, अध्ययन र उपलब्ध वास्तुकलाको सिप सिक्न म्हेर्च्याकुमा पुनर्स्थापना गर्ने अभियान सञ्चालन भएकोमा हेलम्बुवासी उत्साही भएका छन्।

अस्वाभाविक मूल्यवृद्धि र सरकारको बेवास्ता

मूल्य नियन्त्रण र नियमन गर्ने तथा अत्यावश्यक वस्तु र सेवाको समर्थन मूल्य निर्धारण गर्ने संयन्त्र राज्यसँग नहुँदा बजारमा अराजकता बढेको छ



● माधव तिमल्सिना

अग्रलेख

■ संकटग्रस्त उपभोक्ता र बेपत्ता राज्य

नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र कमसल वस्तु वा सेवाबाट क्षति पुगेमा व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकलाई 'मौलिक हक'का रूपमा स्थापित गरेको छ। तर, आजको बजारको भयावह चित्र हेर्दा लाग्छ, यो हक केवल कागजका रूपमा एउटा दस्ताबेज भएर दराजमा थन्किएको छ। पिउने पानी, खानेतेल, तरकारी, फलफूल, माछामासु, सार्वजनिक यातायात, पेट्रोलियम पदार्थ, दालचामल र औषधिजस्ता आधारभूत वस्तुको मूल्यवृद्धिको ग्राफ हेर्दा यो 'सामान्य बजार प्रक्रिया' नभएर 'नियोजित लुट'जस्तो देखिन्छ।

बजारमा सरकारको उपस्थिति हुनुपर्ने ठाउँमा बिचौलिया र सिन्डिकेटवालाको बलियो पकड छ। सरकार केवल मूल्यवृद्धिको तथ्यांक सार्वजनिक गर्ने एउटा 'रेकर्डर'जस्तो मात्र बनेको छ। यस लेखमा वर्तमान मूल्यवृद्धिको जरो, सरकारको नीतिगत असफलता र तत्काल चालिनुपर्ने कदमको विस्तृत चर्चा प्रयास गरिनेछ।

■ नीतिगत र कानुनी व्यवस्थाको धरातल

नेपालमा उपभोक्ता हित संरक्षणका लागि थुप्रै ऐन र नियम छन्, तर तिनको कार्यान्वयनको अवस्था भने दयनीय छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ : यस ऐनले अनुचित व्यापारिक क्रियाकलापलाई दण्डनीय मानेको छ। वस्तुको मूल्य, गुणस्तर र परिमाणमा कैफियत देखिएमा तत्काल कारबाही गर्ने अधिकार वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले तोकेका निरीक्षण अधिकृतलाई दिइएको छ। तर, अहिलेसम्म सो ऐन पूर्ण रूपमा कार्यान्वयन गर्न सकिएको छैन। ऐनबमोजिम अत्यावश्यक वस्तुको सूची, बजारको तह एवं वस्तुको मूल्य निर्धारण मानक तयार पार्दै सशक्त र प्रभावकारी अनुगमन र नियमन गर्दै समन्वयात्मक भूमिका निर्वाह गर्न सकिएको छैन।

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ : यो ऐनले २० प्रतिशतभन्दा बढी मुनाफा लिनुलाई कालोबजारी मानेको थियो। तर, आज बजारमा यसरी धेरैजसो वस्तुमा शतप्रतिशतभन्दा बढी मुनाफा लिँदा यो ऐन आकर्षित हुने थियो। विगतमा यही ऐनको डरले धेरै व्यवसायीले अचाक्ली मूल्यवृद्धि गर्दा डर हुने गरेको थियो। तर, विगतको सरकारले यो ऐन खारेज गरिदिँदा बजार पूर्ण रूपमा छाडा भएको छ। मूल्य नियन्त्रण र नियमन गर्ने तथा अत्यावश्यक वस्तु र सेवाको समर्थन मूल्य निर्धारण गर्ने संयन्त्र राज्यसँग नहुँदा बजारमा अराजकता बढ्दै गएको र कानुनी राज्य स्थापित हुन सकेको छैन।

प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ : यसले सिन्डिकेट, कार्टेलिङ र एकाधिकारलाई निषेध गरेको छ। तर, यातायातदेखि खाद्यान्न ढुवानीसम्म सिन्डिकेटको जालो तोडिन सकेको छैन, यथावत् छ। यो ऐन यति लामो समयसम्म पनि पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन। वास्तवमै पूर्ण रूपमै बजारलाई स्वच्छ प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाउने हो भने सरकार र संसद्को उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता समितिले प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन २०६३ लाई सशक्त र प्रभावकारी कार्यान्वयनका लागि विशेष पहलकदमीको आवश्यकता छ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ : प्रत्येक नागरिकलाई खाद्य सुरक्षाको ग्यारेन्टी गर्ने भनिए पनि मूल्यवृद्धिका कारण आमनागरिकको भान्छा पहुँचबाहिर पुग्दै छ। यसतर्फ सरकारले विशेष कार्ययोजनासहित लक्षित वर्गसँग सम्बन्धित विभिन्न सहुलियतका कार्यक्रम तत्काल घोषणा गर्न आवश्यक छ।

■ अस्वाभाविक मूल्यवृद्धिका मुख्य कारक तत्त्व

(क) तहगत बिचौलियाको सञ्जाल : उत्पादक (किसान) देखि उपभोक्तासम्म सामान आइपुग्दा कम्तीमा पाँचदेखि सात तहका बिचौलियाको घेरा पार गर्नुपर्छ। किसानले १० रुपैयाँमा बेचेको तरकारी उपभोक्ताको भान्छामा पुग्दा ८० रुपैयाँ पुग्नुको मुख्य कारण नै यही हो। सरकारले यी तह घटाउने नीति ल्याउन सकेको छैन। उपभोक्ता संरक्षण ऐन २०७५ ले बजारको तह तोक्दै बिचौलिया नियन्त्रण नै मूल्यवृद्धि नियन्त्रणको प्रमुख आधार भनिए पनि अहिलेसम्म वस्तुको प्रकृतिअनुसार तह तोक्न नसक्दा उत्पादक र उपभोक्ता दुवै प्रताडित रहेकाले आवश्यक व्यवस्था गर्नु अत्यावश्यक छ।

(ख) 'कृत्रिम अभाव'को रणनीति : ठुला व्यापारिक घरानाले अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्ने सानो



संकेत पाउनेबित्तिकै मौज्दात लुकाउने गर्छन्। बजारमा कृत्रिम अभाव सिर्जना गरेर 'आर्टिफिसियल डिमान्ड' खडा गरिन्छ र त्यसपछि महँगो मूल्यमा सामान बाहिर निकालिन्छ।

(ग) फितलो बजार अनुगमन र यसको प्रभाव : वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागसँग देशभरिको बजार नियमन गर्न न पर्याप्त जनशक्ति छ, न त प्रविधि नै। अनुगमन टोली बजारमा पुग्नुअघि नै व्यापारीले सूचना पाउने राज्यसँग वैज्ञानिक तथ्यांक (माग र आपूर्तिबारे) नहुँदा बजारमा कुन स्थानमा कुन समयमा के माग भइरहेको छ, उत्पादन कति भइरहेको छ, मूल्य निर्धारण गर्ने तथा माग र आपूर्तिमा असमानता सिर्जना गरी उपभोक्ताको अनुहार हेरेर वस्तु र सेवाको मूल्य तोकिँदा पनि समस्या भइरहेको छ। परम्परागत पाराले एकीकृत रूपमा वस्तु र सेवाको अनुगमन र नियमन तीनै तह सरकारको प्रमुख विषय नबन्दा अनुगमन केवल औपचारिकतामा सीमित छ।

> पिउने पानी, खानेतेल, तरकारी, फलफूल, माछामासु, सवारी भाडा, पेट्रोलियम पदार्थ, दालचामल र औषधिजस्ता आधारभूत वस्तुको मूल्यवृद्धिको 'ग्राफ' हेर्दा यो 'सामान्य बजार प्रक्रिया' नभएर 'नियोजित लुट'जस्तो देखिन्छ

(घ) आयातमा आधारित अर्थतन्त्र र डलरको विनिमय दर : हामी ८० प्रतिशतभन्दा बढी खाद्यान्न र उपभोग्य वस्तुमा आयातमा निर्भर छौं। डलरको मूल्य बढ्दा र अन्तर्राष्ट्रिय ढुवानी खर्च बढ्दा त्यसको सीधै असर नेपाली भान्छामा पर्छ। तर, यसलाई न्यूनीकरण गर्न आन्तरिक उत्पादन बढाउने र आत्मनिर्भर बन्ने नीतिहरू केवल कागजमा सीमित छन्। जबसम्म सरकारबाट उत्पादनमा आत्मनिर्भरता बढाउन अत्यावश्यक कृषि उपज आफूलाई पुग्ने गरी व्यावसायिक कार्ययोजना आउँदैन, तबसम्म यी समस्या विभिन्न बहानामा बिउँतिरहन्छन्।

■ बजारमा 'राज्य'को उपस्थिति देखाउन तत्काल गर्नुपर्ने काम

सरकारलाई झकझकाउन निम्न पाँचवटा क्षेत्रमा तत्काल हस्तक्षेप आवश्यक छ :

१. शक्तिशाली र स्वायत्त 'बजार नियमन प्राधिकरण'को गठन : अहिलेको वाणिज्य विभागको ढाँचाले बजारको बेथिति थाम्न सक्दैन। सबै प्रदेश र स्थानीय तहलाई जोड्ने गरी एउटा शक्तिशाली 'बजार नियमन प्राधिकरण' गठन गरिनुपर्छ, जसलाई दोषीलाई तत्कालै थुन्ने र जरिवाना पनि गर्ने न्यायिक अधिकारसमेत प्राप्त होस्।

२. 'फार्म टु फोर्क' मोडेलको कार्यान्वयन : किसान र उपभोक्तालाई सीधै जोड्ने गरी 'डिजिटल मार्केटिङ' वा 'सरकारी संकलन केन्द्र' स्थापना गरिनुपर्छ। बिचौलियाको तहलाई अधिकतम तीन तहमा सीमित गरिनुपर्छ। साल्ट ट्रेडिङ कार्पोरेसन लि. र खाद्य व्यवस्था व्यापार कम्पनी लि. मातहतका कार्यालयलाई परिचालन गरी सहकारीमार्फत प्रत्येक स्थानिय तहसम्म एउटा सुपथ मूल्य पसल सञ्चालन गरिनुपर्छ।

३. अनिवार्य वस्तु 'मूल्य निर्धारण समिति'को सक्रियता : प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने मूल्य निर्धारण समितिलाई सक्रिय बनाउनुपर्छ। स्थानीय उत्पादन र आयातित सामानको लागत विश्लेषण गरी 'एमआरपी' (अधिकतम खुद्रा मूल्य) कडाइका साथ लागू गर्नुपर्छ। बिल नदिने र नलिने दुवैलाई कानुनी दायरामा ल्याउनुपर्छ।

४. अत्यावश्यक वस्तुको सरकारी 'बफर स्टक' : कम्तीमा ६ महिनालाई पुग्ने गरी खाद्यान्न, नुन, चिनी र तेलको 'सरकारी भण्डारण' हुनुपर्छ। निजी क्षेत्रले मूल्य बढाउन खोज्दा सरकारले आफ्नो मौज्दातबाट सस्तोमा सामान बजारमा पठाएर मूल्य नियन्त्रण (प्राइस इन्टरभेन्सन) गर्नुपर्छ। जसका लागि संविधानबमोजिम समयसापेक्ष आपूर्ति नीति, बजार नीति, उत्पादन नीति र उपभोक्ता नीति तत्काल जारी गर्दै आमउपभोक्तालाई न्यायोचित मूल्यमा आपूर्ति व्यवस्था ग्यारेन्टी गर्ने काम राज्यले गर्नुपर्छ।

५. उपभोक्ता शिक्षा र उजुरी प्रणालीको आधुनिकीकरण : उपभोक्ता स्वयं सचेत नभएसम्म बजारमा सुधार सम्भव छैन। सरकारले 'हेलो सरकार'जस्तै 'बजार उजुरी पोर्टल' र मोबाइल एप ल्याउनुपर्छ, जहाँ उपभोक्ताले मूल्यसूचीको फोटो खिचेर पठाउनासाथ ३० मिनेटभित्र अनुगमन टोली पुग्ने व्यवस्था गरिनुपर्छ।

पिउने पानी र खाने तेल, खाद्यान्न, तरकारी, फलफूलजस्ता मानव स्वास्थ्यसँग सीधै जोडिएका वस्तुमा भइरहेको सिन्डिकेट, कार्टेलिङ नियन्त्रणमा अहिलेसम्म सरकारबाट कुनै पनि धारणा आएको सुनिन्न। बजारमा भइरहेको मूल्यवृद्धि वास्तवमै सही या गलत के हो भन्ने विभिन्न बहानाबाजी चलिरहेको छ। यसरी उपभोक्ताको भान्सा चिसिन पुग्दा पनि राज्य नबोल्नु लज्जाको विषय हो। पानी, तेल, निर्माण सामग्री, पेट्रोलियम पदार्थ, दैनिक अत्यावश्यक वस्तुहरूको मूल्यमा हुने दैनिक उतारचढावलाई सरकारले 'बजारको नियम' भन्दै छोडिदिनु अक्षम्य अपराध हो। यी वस्तुको उत्पादन लागत सार्वजनिक गरी न्यूनतम नाफा राखेर बिक्री गर्ने व्यवस्था तत्कालै गरिनुपर्छ।

बजार अराजक हुनु भनेको राज्य कमजोर हुनु हो। जब सरकारले व्यापारीको स्वार्थ र नागरिकको भोकको बिचमा व्यापारीलाई रोज्छ, तब लोकतन्त्रको उपहास हुन्छ। सरकारले तत्काल आफ्ना संरचनालाई सक्रिय बनाउनुपर्छ। स्पष्ट भन्छौं- सरकार, तिम्रो उपस्थिति तथ्यांकमा होइन, नागरिकको भान्छाको खर्चमा देखिनुपर्छ। नागरिकलाई सहुलियत दिनु नै आजको एक मात्र राष्ट्रिय एजेन्डा हुनुपर्छ।

(तिमल्सिना उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष हुन्)

३ प्रश्न

नेपाल भेटेरिनरी एसोसिएसनका पूर्वअध्यक्ष तथा भेटेरिनरी जनस्वास्थ्य विज्ञ
डा. शीतलकाजी श्रेष्ठलाई



बर्डफ्लु कस्तो खालको रोग हो ?

यसलाई एभियन इन्फ्लुएन्जा पनि भनिन्छ। बुझ्ने भाषामा भन्ने हो भने यो रोग पक्षी प्रजातिको रुघाखोकी हो, जुन रोगी कुखुराको च्याल एवं सुलीबाट मान्छेमा पनि सर्न सक्छ। मान्छेमा यो रोग लागिसकेपछि घातक पनि हुन सक्छ। राम्रोसँग पकाएको मासु एवं अन्डाबाट यो रोग नसर्ने हुँदा बर्डफ्लु लागेका वेला मासु एवं अन्डा सेवन गर्ने हुँदैन भन्नेचाहिँ होइन।

अहिले नेपालमा यो रोगको संक्रमणको अवस्था कस्तो छ ?

यो वर्ष पूर्वी नेपालका तीन जिल्ला र मध्य नेपालको चितवनसहित जम्मा ६ वटा जिल्लामा बर्डफ्लुको संक्रमण देखिएको छ। अहिले बिस्तारै नियन्त्रणमा आउने क्रम जारी रहेको छ। पहिलेका वर्षभन्दा अहिलेसम्म यो वर्ष त्यति डरलाग्दो तरिकाले रोग भने फैलिएको छैन।

बर्डफ्लुको रोकथाम गर्न र यसबाट जोगिन के गर्नुपर्छ ?

यसको रोकथाम गर्न या यसबाट जोगिन सर्वप्रथम कुखुरापालन व्यवसाय गर्ने व्यवसायीले जैविक सुरक्षाको पूर्ण पालना गर्नुपर्ने हुन्छ। रोगको लक्षण देखिएको भान भएमा तुरुन्त भेटेरिनरी प्रयोगशालामा परीक्षण गर्न पठाउनुपर्छ। नियामक निकायले द्रुत गतिमा यो रोगको परीक्षण गरेर आमजनमानसम्म यसको सही सूचना तुरुन्त दिनुपर्छ। आमउपभोक्ताले सफासँग काटिएको ठाउँबाट मात्र कुखुराको मासु खरिद गर्नुपर्छ। जहिले पनि अन्डा एवं कुखुराको मासु राम्रोसँग पकाएर सेवन गर्ने विषयमा सचेततापूर्वक ध्यान दिनुपर्छ।

प्रेरक प्रसंग

बालापनको चञ्चलता

महान् विचारक कन्फ्युसियस एकपटक आफ्ना शिष्यका साथमा लामो यात्रामा थिए। बाटोमा पर्ने कुनै एक गाउँमा पुगेपछि उनले त्यहाँ बसोवास गर्ने एउटा परिवारका एकजना निकै बुद्धिमान् बालकबारे थाहा पाए। त्यसपछि कन्फ्युसियसले उनीसित भेटघाट गरे। भेटघाटका क्रममा कन्फ्युसियसले ती बालकलाई सोधे-संसारमा मानिसबिच निकै असमानता र भेदभाव छ। यसलाई हामी कसरी हटाउन सक्छौं ? बालकले तुरुन्तै जवाफ दिए- यस्तो किन गर्नुपऱ्यो ? यसको के नै आवश्यकता छ र ? हामीले पर्वतलाई फुटाएर समथर बनाइदियौं भने चराचुरुंगी कहाँ बस्लान् ? हामीले नदी र सागरलाई पुरिदियौं भने माछा कसरी जीवित रहलान् ? विश्व यति विशाल र विस्तृत छ कि



त्यसमाथि यी असमानता र विसंगतिको उसमाथि कुनै प्रभाव पर्नेछैन। ती बुद्धिमान् बालकको यस्तो जवाफ सुनेर कन्फ्युसियसका शिष्य निकै प्रभावित भए। उनीहरूले बालकको मुरीमुरी प्रशंसा गरे। तर, कन्फ्युसियसले गम्भीरतापूर्वक भने- मैले यस्ता निकै धेरै बालक देखेको छु, जो आफ्नो उमेर र क्षमताअनुसार खेलकुद र बालसुलभ गतिविधिमा मन लगाउनुको साटो संसार र संसारको गतिलाई बुझ्नतिर मन लगाउँछन्। तर, मेरो अनुभवअनुसार तीमध्ये कुनै पनि प्रतिभावान् बालकले जीवनमा एउटा पनि महत्त्वपूर्ण काम गर्न सकेनन्। किनकि, उनीहरूले आफ्नो बालापनको सरलता, चञ्चलता र सहज अनुत्तरदायित्वको कुनै अनुभव नै गरेनन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अस्पताल किन प्रयोगविहीन ?

उदयपुरको कोभिड अस्पताल प्रयोगविहीन भएको समाचार पढ्दा म निकै दुःखी भएँ। किनकि, नेपालमा यस्ता कैयौं स्वास्थ्य क्षेत्रसँग सम्बन्धित भौतिक संरचना छन्, जुन जनशक्ति र मर्मत सम्भारको अभावमा जीर्ण बन्दै गएका छन्। उदयपुरको यो संरचना पनि स्विट्जरल्यान्डको सहयोगमा बनेकाले सहयोगी राष्ट्रमा समेत नकारात्मक सन्देश सञ्चरित हुन सक्छ। यसका लागि उचित जनशक्तिको परिचालन गरी यस्ता संरचनाको मर्मत तथा सम्भार गरी नागरिकलाई उचित र गुणस्तरीय स्वास्थ्य सेवा छिटोछरितो रूपमा प्रदान गर्नुपर्छ।

स्वास्थ्य सेवा नागरिकको आधारभूत आवश्यकता भएकाले अपेक्षित नतिजा हासिल गर्न सबै सरकारी निकाय, तीनै तहका सरकार संघ, प्रदेश र स्थानीय तहबिचको साझेदारी र समन्वय आवश्यक हुन्छ। त्यसैले, यस्ता भौतिक संरचनाको निर्माण गर्नुभन्दा पनि उचित जनशक्ति तथा स्रोतसाधनको परिचालन गर्नु र पूर्वाधार निर्माण गर्नु बुद्धिमानी हुन्छ।

● **निश्चल खतिवडा**, सरस्वतीनगर, काठमाडौं
nischalkhatiwada42@gmail.com

पूर्वसंस्थापन नसच्चिने संकेत

नेपाली काग्रेसको पूर्वसंस्थापन समूह सर्वोच्च अदालतको आदेशपछि पनि सच्चिने संकेत नदेखिनु दुःखको विषय हो। विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दियो। गगन थापाको हस्ताक्षरमा निर्वाचनमा होमिए। संस्थापन पक्षका नेता पनि निर्वाचनमा सहभागी भए। सर्वोच्चले पनि विशेष महाधिवेशनलाई मान्यता दिएपछि आफूहरूलाई सच्याउनुको साटो पूर्वसंस्थापनका नेता फैसलाविरुद्ध पुनरावलोकनमा जाने भन्नुले नसच्चिने संकेत गरेको छ।

● **गौरव थपलिया**, गोठाटार, काठमाडौं

सरकार, महँगी अति भयो !

यतिखेर बजारमा कुनै पनि उपभोग्य वस्तु खरिद गर्न जाँदा त्यसको भाउ अचाक्ली बढेको भेटिन्छ। झन्डै दुइतिहाइ बहुमतको सरकारले कमान्ड सम्हालेको समयमा पनि यसरी बजारमा अनियन्त्रित ढंगमा मूल्य बढ्नुले आमउपभोक्तामा गहिरो चिन्ता थपेको छ। बजारमा मध्यपूर्वको युद्ध र पेट्रोलियम पदार्थको मूल्य बढेको देखाएर आफूखुसी मूल्य बढाइरहेका छन्। सरकारले बजारको महँगी देखेकै छैन या देखेर पनि नदेखेझैं गरिरहेको छ हँ ?

● **गोमा चौधरी**, लाजिम्पाट, काठमाडौं

केका लागि गर्ने वाम एकता ?

२१ फागुनको निर्वाचनपछि भविष्यमा फेरि लगभग उट्नै नसक्ने गरी पछारिएका नेपालका कम्युनिस्ट पार्टी यतिखेर पुनः एकताका लागि छट्पटिएका देखिन्छन्। तर, उनीहरूले यो एकता किन गर्न लागेका हुन्, त्यो भने प्रस्ट पार्न जरुरी ठानेको देखिन्न। के यो एकता निर्वाचनमा भएको लज्जास्पद पराजयपछि नेताहरूको अस्तित्वमाथि प्रश्न उठेकाले आआफ्नो अस्तित्व जोगाउने र लाज छोप्ने असफल प्रयास मात्र हो यो एकता प्रयास ? पार्टी रूपान्तरण र नेतृत्वमा पुस्तान्तरणकै लागि यो एकता हुँदै छ ? वाम नेताले एकताको पहल गर्नुभन्दा पहिले यी प्रश्नको उत्तर दिनुपर्छ।

जेन-जी आन्दोलनपछि बदलिएको राजनीतिक परिदृश्यमा पुराना राजनीतिक दलविरुद्ध आमनागरिकले मतपत्रमार्फत चर्को आक्रोश व्यक्त गरेका छन्। यस्तो अवस्थामा पुनः नागरिकमाझ आफूलाई स्थापित गर्न वामपन्थी दलका नेताले यो एकताको जाल फ्याँकेका हुन् भने यो व्यर्थको प्रयास मात्र हुनेछ। किनकि, यतिखेर पुराना दलमा नेतृत्वको भविष्यको सुरक्षाभन्दा पनि पार्टीको रूपान्तरण र नेतृत्वमा पुस्तान्तरणको बढ्दा खाँचो छ। साथै, अब पनि पुरानै सिद्धान्त, नेतृत्व र ढर्रामा पार्टीलाई अघि बढाउने सपना कम्युनिस्ट नेताले देखिरहेका छन् भने तिनले यो सपना नदेखे पनि हुन्छ। पार्टी एकता जरुरी छ, तर रूपान्तरण र पुस्तान्तरणका लागि भन्ने नेतृत्वले बुझ्न ढिलो गर्नुहुँदैन।

● **बम कार्की**, गाईघाट, उदयपुर

संसद्मा किन असफल भए मोदी ?

आमभारतीय नागरिक सयौं नयाँ सांसदको नियुक्तिले आफ्नो जीवन बदलिनेछ भन्नेमा विश्वस्त छैनन्



देश/विदेश

● वीर संघवी

भारतमा प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले संसदीय क्षेत्र 'परिसिमन विधेयक' ल्याउनुका दुई कारण बताइएको थियो। पहिलो, परिसिमनलाई महिला आरक्षणको मुद्दासँग जोडेर सरकारले विपक्षीलाई यसलाई समर्थन गर्न बाध्य पार्न सकिने सोचेको थियो। भाजपालाई आफ्नो बलियो राजनीतिक व्यवस्थापनको बलमा विपक्षी सांसदलाई विधेयकको पक्षमा मतदान गर्न 'मनाउन' सकिने विश्वास भएजस्तो देखिन्थ्यो।

दोस्रो, विपक्षीले विधेयकविरुद्ध मत दिए उनीहरू महिला आरक्षणविरोधी रहेको देखिने उसको बुझाइ थियो। नत्र, संविधान संशोधनको यो विधेयक पारित गर्न आवश्यक दुईतिहाइ बहुमत ऊसँग थिएन। र, ठ्याक्कै भयो पनि त्यस्तै। विधेयक असफल भएपछि सरकार समर्थक समाचार च्यानलले यसको पराजयको मूल विवादास्पद सीमांकन मुद्दालाई कम महत्त्व दिइरहेका छन्। बरु, उनीहरूले यसलाई 'महिला विधेयक' भन्दै विपक्षीले महिला आरक्षणविरुद्ध मतदान गरेको हौवा फैलाइरहेका छन्।

अहिले नै किन : दोस्रो कारण नै असली कारण थियो भने यसलाई निकै कुटिल चाल मान्नुपर्छ। मोदी सरकार बनेको १२ वर्ष भयो। यसबिच महिला आरक्षणका दिशामा सरकारले कुनै कदम चालेन। तर, अहिले विपक्षीमाथि हिलो छ्याप्ने गरी विवादास्पद विधेयकसँग महिला विधेयक ल्याउँदा भाजपाको प्रतिबद्धतामाथि प्रश्न उठ्छ। तर, यो कानुन अहिले नै किन ल्याइयो ? अर्को लोकसभा चुनावनजिक किन ल्याइएन ? उसो त महिला आरक्षणको कार्यान्वयनले चुनावी नतिजामा धेरै प्रभाव पार्छजस्तो लाग्दैन। महिला आरक्षण विषयमा भारतमा दुई दशकभन्दा लामो समयदेखि बहस भइरहेको छ। तर, यसको चुनावी प्रभावको कुनै ठोस प्रमाण भेटिँदैन। अनि, महिलाले एक दशकभन्दा लामा समयदेखि सत्तामा रहेर अहिले उनीहरूलाई सहयोग गर्न चाहेको दाबी गर्ने वरिष्ठ पुरुष नेतालाई के साँच्चै विश्वास गर्छन् त ?

वास्तवमा, आमभारतीय महिलाले आरक्षणको सम्भावित लाभार्थीमा आफूलाई पहिचान गर्छन् जस्तो लाग्दैन। आजको भारतमा, राजनीति सामान्य मानिसबाट यति टाढा देखिन्छ कि कुनै पनि महिलाले बढेको सिटले कुनै दिन आफू वा आफूले चिनेको मानिस सांसद बन्न सक्छन् भनेर विश्वास गर्न सक्दैनन्।

महिला आरक्षण-परिसिमनको संयुक्त विधेयकलाई विपक्षीले पारित हुन नदिनुको कारण भने अर्कै छ। यसले हिन्दीभाषीको बाहुल्य रहेका राज्यमा सांसदको संख्या उल्लेखनीय वृद्धि गर्ने थियो। र, यो त्यही क्षेत्र हो, जहाँ भाजपा सबैभन्दा बलियो छ। व्यापक विरोधपछि सरकारले मौखिक रूपमा आश्वासन दिँदै सांसद वृद्धि गर्दा प्रत्येक राज्यको अनुपात उस्तै रहने भनेको थियो। तर, विधेयकमा भने त्यस्तो लेखिएको थिएन। र, सरकार आफ्नो वचनमा अडिग रहेको भए पनि सयौं नयाँ सांसद पद सिर्जना हुने थियो। यही नै यस विधेयकको सबैभन्दा ठुलो कमजोरी थियो। भारतीय नागरिकको ठुलो हिस्साले ठुलो संसद् मन पराउँदैनन्।

आज आमभारतीयमा राजनीतिज्ञप्रति चरम अविश्वास छ। धेरैलाई राजनीतिज्ञले आरामदायी जीवनशैलीका लागि करदाताले तिरेको अर्बौं खर्चिरहेको लाग्छ। यस्तोमा मानिसले बढेको सांसद् संख्याले यो खर्च झन् बढ्ने सोचिरहेका छन्। हुन त संसद् संख्या वृद्धिका आआफ्नै तर्क होलान्। सबैभन्दा महत्त्वपूर्ण तर्क छ, जनसंख्या बढेकाले त्यहीअनुरूप सांसद संख्या बढाउनुपर्छ।



दक्षिणी राज्यले भने हिन्दी बेल्टमा जनसंख्या बढी बढेको छ, जब कि दक्षिणले शिक्षा र आयमा राम्रो प्रदर्शन गरेको छ, त्यसैले उनीहरूलाई किन सजाय दिने भनी प्रतिप्रश्न गरेका छन्। जनसंख्या नियन्त्रणमा असफल भएकामा कम सफल राज्यलाई किन पुरस्कृत गरिँदै छ ? यसको दुवै पक्षमा तर्क गर्न सकिन्छ, तर वास्तविक प्रश्न यो हो- के सांसदले जनताको जीवनमा फरक पार्छन् ?

भारतमा हुने निर्वाचन प्रक्रियामा ध्यान दिने हो भने प्रत्येक सिटमा कम्तीमा सय करोड भारु खर्च गरिन्छ। यो पैसा प्रायः व्यापारीबाट अवैध रूपमा प्राप्त गरिएको हुन्छ, घुस वा दबाबका माध्यमबाट। यदि २०० भन्दा बढी नयाँ सिट थपियो भने खर्च र भ्रष्टाचार दुवै बढ्नेछ। अनि, निर्वाचित भएपछि प्रत्येक सांसदले गर्ने अलग खर्च हुन्छ, जसमा दिल्लीमा ठुला घर, यात्रा र सुविधा पर्छन्। त्यसैले, भारतमा राजनीति निकै महँगो बनेको छ।

खर्चको यो पाटो बेवास्ता गरे पनि सांसदले गर्ने काममै पनि मानिस सन्तुष्ट छैनन्। भारतमा सांसद भनेको दबाब समूह हो भन्ने धारणा छ। यो धारणाअनुसार जति निर्णय हुन्छ, त्यो दलको माथिल्लो तहले गर्छ। सांसद त खाली खुरुखुरु माथिले गरेको निर्णय सदर गर्ने आज्ञापालक हुन् भन्ने आमजनमानसमा परेको छ। विपक्षी सांसदले सरकारलाई जवाफदेही बनाउँछन् भन्ने गरिन्छ। तर, भारतमा सदन सञ्चालनको पक्षपातपूर्ण जुन प्रणाली छ, त्यसले तिनलाई बलियोसँग प्रश्न गर्न नै असमर्थ बनाइरहेको छ। त्यसैकारण, आमभारतीय नागरिकलाई सांसदले संविधान निर्माताले परिकल्पना गरेको काम गरिरहेका छन् भनेर विश्वास दिलाउन कठिन छ। र, यस्तोमा सयौं नयाँ सांसदको नियुक्तिले उनीहरूको जीवन परिवर्तन गर्नेछ भनेर कोही पनि विश्वस्त छैनन्।

सरकार साँच्चै देश सुधार गर्न करदाताको पैसा प्रयोग गर्न चाहन्छ भने यसले थप अदालत निर्माण गर्नुपर्छ। न्यायाधीशको संख्या बढाउनुपर्छ। पहिलेभन्दा बढी प्रहरी अधिकारीलाई तालिम दिनुपर्छ। र, कमजोर नोकरशाहीमा सुधार गर्नुपर्छ। तर, राजनीतिज्ञ आफ्नाबारेमा मात्र सोच्ने गर्छन्। परिसिमनको पछाडि पक्कै पनि बलियो तर्क होला, तर संसद्को कामकारबाही र राजनीतिज्ञको वास्तविकताले त्यो तर्कलाई कमजोर बनाउँछ।

(संघवी छापा तथा टिभी पत्रकार हुन्)
द प्रिन्टबाट

आठ बालबालिकाको हत्या

न्युयोर्क/ अमेरिकाको लुजियानामा एक व्यक्तिले आठ बालबालिकाको गोली हानेर हत्या गरेका छन् । श्रेवेपोर्ट सहरमा भएको गोलाबारीमा मारिएकामध्ये सातजना एकै परिवारका सदस्य हुन् । पीडितहरू तीनदेखि ११ वर्ष उमेर समूहका छन् । मारिनेमध्ये तीन बालक र पाँच बालिका छन् । गोली स्थानीय समयअनुसार आइतबार बिहान पाँच बजे भएको थियो । घरेलु विवादपछि उक्त आक्रमण भएको थियो । बालबालिकामाथि आक्रमण गरेपछि संदिग्ध व्यक्ति चोरेको कारमा भागेको प्रहरीले जनाएको छ । त्यसपछि अधिकारीले उनलाई खेदेर मारेका थिए । गोली लागेर घाइते भएका बालबालिकाकी आमासहित दुई महिलाको अवस्था गम्भीर छ । भाग्ने क्रममा घरको छतबाट हाम फालेका एक बच्चालाई अस्पताल लगिएको थियो । प्रहरीले आक्रमणकारीको पहिचान गरेको छ ।

जापानमा शक्तिशाली भूकम्प

टोकियो/ जापानका अधिकारीले उत्तरपूर्वी तटमा ७.७ म्याग्निच्युडको भूकम्प गएपछि अर्को हप्ता 'ठुलो' भूकम्पको जोखिम बढ्ने चेतावनी दिएका छन् । भूकम्पपछि तीन मिटर सुनामी छालको चेतावनी दिइएको छ । राजधानी टोकियोबाट ५३० किलोमिटर (३३० माइल) उत्तरमा रहेको इवाते प्रान्तमा भूकम्प आएपछि हजारौँ मानिसलाई तटीय क्षेत्र छाडेर उच्च जमिनमा जान भनिएको छ । सबैभन्दा ठुला छालहरू ८० सेन्टिमिटर मापन गरिएको थियो । जापानको मौसम विज्ञान एजेन्सीले अर्को साता 'अझ बलियो कम्पन आउने' र त्यसले ठुलो क्षति निम्त्याउने चेतावनी दिएको छ । जापानका मानिस अझै पनि २०११ मा आएको ठुलो भूकम्पको सम्झनाले त्रसित छन् । उक्त भूकम्पमा १८ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो । सोमबारको समुद्रमुनिको भूकम्प १० किलोमिटर गहिराइमा रहेको रेकर्ड गरिएको थियो । भूकम्पको केन्द्रविन्दु नजिकका क्षेत्रहरू जापानको मुख्य टापु, होन्सु र होक्काइडोको उत्तरी क्षेत्रका बासिन्दालाई सम्भावित ठुला छालको चेतावनी जारी गरिएको थियो । कम्पन राजधानी टोकियोमा पनि अनुभव गरिएको थियो ।

अमेरिका–इरान दोस्रो चरणको वार्ता अनिश्चित

अमेरिकाले हर्मुजनजिकै बन्दरगाह पार गर्न खोजिरहेको इरानी कार्गो जहाजलाई आक्रमण गरी नियन्त्रणमा लिएपछि तेहरान वासिंटनसँग रुष्ट




तेहरान/ अमेरिका र इरानबिच हुने भनिएको दोस्रो चरणको वार्ता अनिश्चित बनेको छ । अमेरिकाले स्ट्रेट अफ हर्मुज नजिकैबाट एउटा इरानी पानीजहाज कब्जा गरेपछि दुई देशबिच चाँडै हुने भनिएको वार्ता अनिश्चित देखिएको हो । इरानमाथिको नाकाबन्दी कडा बनाउन खटिएको अमेरिकी सेनाले आइतबार इरानी पानीजहाज कब्जामा लिएको थियो । उक्त घटनापछि सोमबार इरानले शान्ति वार्ताको अर्को चरणको योजना नरहेको बताएको छ । अमेरिकाले उपराष्ट्रपति जेडी भान्सको नेतृत्वमा पाकिस्तानमा एक प्रतिनिधिमण्डल पठाउँदै गर्दा तेहरानको उक्त भनाइ आएको हो । अमेरिकाले हर्मुजनजिकै बन्दरगाह पार गर्न खोजिरहेको इरानी कार्गो जहाजलाई आक्रमण गरी नियन्त्रणमा लिएपछि तेहरान वासिंटनसँग रुष्ट छ । यसअघि अमेरिकी मध्य कमान्डले एक भिडियो सार्वजनिक गरेको थियो, जसमा एक नौसैनिक जहाजले कार्गो जहाजलाई गोलीबारी गर्दै रोकेको देखिन्छ । त्यसको पुष्टि गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'आज इरानी झन्डावाला एक जहाजले नाकाबन्दी तोड्ने कोसिस गर्‍यो, तर त्यो असफल भयो । यो जहाज ९०० फिट लामो छ र लगभग एक विमानबाहकजत्तिकै भारी छ ।'

अमेरिका-इरान दुई हप्ताको युद्धविराम बुधबार समाप्त हुँदै छ । तर, पाकिस्तानमा वार्ता सुरु भए पनि सफलताको सम्भावना कम रहेको विश्लेषण हुन थालेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना प्रतिनिधिमण्डल पाकिस्तानतर्फ प्रस्थान गरेको सोमबार बताएका थिए । तर, इरानले पाकिस्तानमा प्रतिनिधिमण्डल पठाउने वा नपठाउने विषयमा केही उल्लेख गरेको छैन ।

अमेरिकाले हर्मुजमा नाकाबन्दी कायम राखेसम्म तेहरान वार्तामा सहभागी नहुने इरानी सञ्चार माध्यमले जनाएका छन् । यसैबिच पाकिस्तानले दोस्रो चरणको वार्ताका लागि भित्रभित्रै तीव्र तयारी गरिरहेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । अमेरिका र इरान २२ अप्रिलमा समाप्त हुने युद्धविरामलाई थप विस्तार गर्न अप्रत्यक्ष वार्तामा रहेको विभिन्न स्रोतलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । रिपोर्टअनुसार दुवै पक्ष युद्धविराम लम्ब्याउने पक्षमा छन् । तथापि, इरानले अमेरिकासँगको अर्को चरणको वार्ता सुरु हुन लेबनानमाथिको इजरायली आक्रमण अन्त्य हुनुपर्ने माग राख्दै आएको थियो । सो माग पनि बिहीबार इजरायल र लेबनानबिच युद्धविरामसँगै पूरा भएको छ ।

इतिहासमा आज
अप्रिल २१



इसापूर्व ७५६ : रोमन पौराणिक कथाअनुसार जुम्ल्याहा दाजुभाइ रोमुलुस र रेमुसले रोम सहरको स्थापना गरे ।

सन् १५२६ : मध्यएसियाका विजेता बाबरले पानीपतको युद्धमा सुल्तान इब्राहिम लोधीलाई हराएर भारतमा मुगल साम्राज्य स्थापना गरे ।

सन् १९६१ : फ्रान्सेली सेनाले अल्जेरियामा विद्रोह गर्‍यो ।

सन् १९७७ : बंगलादेशको राष्ट्रपतिमा जिया उर रहमान नियुक्त ।

सन् १९८९ : चीनको बेइजिङस्थित तियानमेन स्क्वायरमा दसौँ हजार विद्यार्थी जम्मा भएर व्यापक राजनीतिक स्वतन्त्रता माग गर्दै नारा लगाए ।

सन् २०१९ : श्रीलंकाका सहर कोलम्बो, नेगोम्बो र बाटिकालोआमा इस्टर सन्डेका दिन विभिन्न चर्च र होटेलमा आतंकवादी हमला हुँदा २५३ को मृत्यु, सयौँ घाइते ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८३/०१/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।
साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

चाबहिल शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (घरजग्गाको विवरण)
रितु खड्का ना.प्र.नं. १४१४९८, जारी मिति : २०६३/०७/०१, जि. प्र. का. गोरखा बाबुको नाम : लिला बहादुर खड्का पतिको नाम : राजन अधिकारी ससुराको नाम : चन्द्र बहादुर अधिकारी स्थायी ठेगाना : पृथ्वीनारायण न.पा -०९,गोरखा हालको ठेगाना : काठमाडौं म.न.पा.-१६, काठमाडौं **कर्जा शिर्षक : घर कर्जा**	**राजन अधिकारी** ना.प्र.नं. ७६३५०, जारी मिति : २०५८/०१/२९ जि. प्र. का. गोरखा बाबुको नाम : कृष्ण बहादुर अधिकारी बाजेको नाम : चन्द्र बहादुर अधिकारी स्थायी ठेगाना : गोरखा न.पा -०६, गोरखा हालको ठेगाना : काठमाडौं म.न.पा.-१६, काठमाडौं	कृष्ण बहादुरको नाती, चन्द्र बहादुर अधिकारीको छोरा, राजन अधिकारीको नाममा मालपोत कार्यालय, काभ्रेपलान्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला नाल्दुम वालुवापाटी गा.वि.स./ न.पा. वडा नं. ८ स्थित कि.नं. ३५३ को क्षेत्रफल १-४-२-२ रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सानो गौचरण शाखा, काठमाण्डौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (घरजग्गाको विवरण)
धन माया गुरुङ्ग ना.प्र.नं. ३३०२, जारी मिति : २०४४/०६/०५ जि.प्र.का. काठमाडौं बाबुको नाम : पधम धोज गुरुङ्ग पतिको नाम : चित्र बहादुर गुरुङ्ग ससुराको नाम : भैरव सिंह गुरुङ्ग स्थायी ठेगाना : काठमाडौं म.न.पा.- ५ , काठमाडौं **कर्जा शिर्षक : आवधिक कर्जा**	**गौरी गुरुङ्ग** ना.प्र.नं. ७८०९/८५८, जारी मिति : २०४३/०४/१३, जि.प्र.का. काठमाडौं बाबुको नाम : चित्र बहादुर गुरुङ्ग बाजेको नाम : भैरव सिंह गुरुङ्ग पतिको नाम : माधव कुमार गुरुङ्ग स्थायी ठेगाना : काठमाडौं म.न.पा.- ४ , काठमाडौं हालको ठेगाना : काठमाडौं म.न.पा.- ५ , काठमाडौं	लाल बहादुरको नातिनी, पदम ध्वज गुरुङ्गको छोरी, धन माया गुरुङ्गको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं गा.वि.स./न.पा. वडा नं. ५ (सानो गौचरण पेट्रोल पम्प नजिक) स्थित कि.नं. ७ को क्षेत्रफल १-०-२-१ रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सहिदचोक शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
ज्ञानेन्द्र प्रसाद खनाल ना.प्र.नं. ८/२७९२२, जारी मिति : २०४६/११/१० जि.प्र.का. गोरखा बाबुको नाम : होमनाथ खनाल बाजेको नाम : अग्निकान्त खनाल स्थायी ठेगाना : बुङकोट - ४, गोरखा हालको ठेगाना : चन्द्रगिरी न.पा. - ५, काठमाडौं **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**सन्तोषी खनाल** ना.प्र.नं. ४४१००६/४८ जारी मिति : २०६४/०१/२०, जि.प्र.का. गोरखा बाबुको नाम : पिताम्बर गौतम पतिको नाम : ज्ञानेन्द्र प्रसाद खनाल ससुराको नाम : होमनाथ खनाल स्थायी ठेगाना : बुङकोट - ४, गोरखा हालको ठेगाना : चन्द्रगिरी न.पा. - ५, काठमाडौं	**गौरव खनाल** ना.प्र.नं. ४४१००६/१३०८ जारी मिति : २०७०/०४/२८ जि.प्र.का. गोरखा बाबुको नाम : ज्ञानेन्द्र प्रसाद खनाल बाजेको नाम : होमनाथ खनाल स्थायी ठेगाना : बुङकोट - ४, गोरखा हालको ठेगाना : चन्द्रगिरी न.पा. - ५, काठमाडौं

धितोको विवरण (सवारी साधनको विवरण)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Datsun Car Go 'T'	बा. १४ च ४२३६	२०१५	868862B	MDHZBAADOF7019099

अनामनगर शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१. लाक्पा तामाङ ना.प्र.नं. १२६५, जारी मिति : २०४६/१०/०८, जि.प्र.का. सिन्धुपाल्चोक बाबुको नाम : वीरमान तामाङ बाजेको नाम : गजे तामाङ स्थायी ठेगाना : बरुवा -१, सिन्धुपाल्चोक हालको ठेगाना : काठमाडौं म.न.पा. -६, बौद्व, काठमाडौं **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**निमालामो तामाङ** ना.प्र.नं. २४१०६९/११२३, जारी मिति : २०६४/०१/१४, जि.प्र.का. सिन्धुपाल्चोक बाबुको नाम : कामी लामा पतिको नाम : लाक्पा तामाङ ससुराको नाम : वीरमान तामाङ स्थायी ठेगाना : बरुवा -१, सिन्धुपाल्चोक हालको ठेगाना : काठमाडौं म.न.पा. -६, बौद्व, काठमाडौं

धितोको विवरण (सवारी साधनको विवरण)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Toyota KDH222R-LEMDY Hiace	बा ५ ख २३१०	२०१६	2KD-A924376	JTFSS22P100161120

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
२. संजय मेहता ना.प्र.नं. ०६-०१-७०-०१०२६, जारी मिति : २०७०-०१-२९, जि.प्र.का. सुनसरी बाबुको नाम : रामबृक्ष मेहता बाजेको नाम : जिवस मेहता स्थायी ठेगाना : डुम्राहा -०९, सुनसरी हालको ठेगाना : काठमाडौं म.न.पा-४, काठमाडौं **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**पवित्रा राजवंशी** ना.प्र.नं. ०४१०३०/७८३, जारी मिति : २०६६/०३/१५, जि.प्र.का. झापा बाबुको नाम : चतुर सिंह राजवंसी पतिको नाम : संजय मेहता ससुराको नाम : रामबृक्ष मेहता स्थायी ठेगाना : घैलाडुब्बा -५, झापा हालको ठेगाना : काठमाडौं म.न.पा-४, काठमाडौं

धितोको विवरण (सवारी साधनको विवरण)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Toyota KDH222R-LEMDY Hiace	बा ४ ख ८२४८	२०१६	2KD-A919697	JTFSS22P600159184

तिनकुने शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं ३२११५६/०८०/०८१ अन्तर्गत मिति २०८०/०६/१९ मा दर्ता कायम भएको **संघर्ष ट्रेड एण्ड सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : मध्यपुर थिमि न.पा -०८, भक्तपुर स्थायी लेखा नं. ६१९७८६५४८, मिति : २०८०/०६/२२ **संचालक : सुदिप सिंह मार्कण्ड** **कर्जा शिर्षक : फोर्स कर्जा**	**सुदिप सिंह मार्कण्ड** ना.प्र.नं. ५१७/९९५० जारी मिति : २०५२/११/१०, जि. प्र. का. बैतडी बाबुको नाम : गौरी सिंह मार्कण्ड बाजेको नाम : गगन सिंह मार्कण्ड स्थायी ठेगाना : दशरथचन्द न.पा -१, बैतडी हालको ठेगाना : काठमाडौ म.न.पा -३२, काठमाडौं	**शर्मिला कार्की** ना.प्र.नं. ७०९४२, जारी मिति : २०५८/०१/३० जि. प्र. का. नुवाकोट बाबुको नाम : लिला बहादुर कार्की पतिको नाम : सुदिप सिंह मार्कण्ड ससुराको नाम : गौरी सिंह मार्कण्ड स्थायी ठेगाना : कल्याणपुर-०६, नुवाकोट हालको ठेगाना : काठमाडौ म.न.पा -३२, काठमाडौं

धितोको विवरण (घर/जग्गाको विवरण)

१. गगन सिंह मार्कण्डको नाति, गौरी सिंह मार्कण्डको छोरा, सुदिप सिंह मार्कण्डको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला, मोतीपुर गा.वि.स./न.पा. वडा नं. ८ (किसान चोक नजिक) स्थित कि.नं. ८८१८ र ८८१९ को क्षेत्रफल क्रमशः १-१-११.५-० र २-७-१.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. गगन सिंह मार्कण्डको नाति, गौरी सिंह मार्कण्डको छोरा, सुदिप सिंह मार्कण्डको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, टिकाथली गा.वि.स./न.पा. वडा नं. ६ (लुभू बसपार्क नजिक) स्थित कि.नं. २७२४ को क्षेत्रफल १०५.५१ व.मि.को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

गोलबजार शाखा, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
१. पंची देवी मण्डल ना.प्र.नं. १५३०२२/३१९, जारी मिति : २०६३/१२/२०, जि.प्र.का. सिराहा बाबुको नाम : लक्ष्मण मण्डल पतिको नाम : दिलिप कुमार मण्डल ससुराको नाम : जगन मंडल स्थायी ठेगाना : धनगढी -५, सिराहा हालको ठेगाना : धनगढीमाई न. पा. -१०, सिराहा **कर्जा शिर्षक : आवधिक कर्जा**	**दिलिप कुमार मंडल** ना.प्र.नं. १३१४३०५८ जारी मिति : २०५२/०३/३० जि.प्र.का. सिराहा बाबुको नाम : जगन मंडल बाजेको नाम : सुन्दर मण्डल स्थायी ठेगाना : धनगढी -५, सिराहा हालको ठेगाना : धनगढीमाई न. पा.-१०, सिराहा	लक्ष्मण मण्डलको छोरी, जगन मंडलको बुहारी, दिलिप कुमार मण्डलको पत्नी, पंची देवी मण्डलको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, नैनपुर गा.वि.स./ न.पा. वडा नं. ५ ख (ग्रीनल्याण्ड ईंग्लिश बोर्डिङ्ग स्कुल नजिक) स्थित कि.नं. १३४९ को क्षेत्रफल ०-१-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	धितोको विवरण (जग्गाको विवरण)
२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लाहान, सिरहामा प्रा.फ.र.नं. १०१२/०६६/०६७ अन्तर्गत मिति २०६६/०४/२८ मा दर्ता कायम भएको **श्रीराम कलेक्सन** फर्म दर्ता ठेगाना : सुखीपुर -८, सिरहा स्थायी लेखा नं. ३०३७८९९७८, मिति : २०६६/०५/०१ **प्रोप्राइटर : देव नारायण ठाकुर वडही** ना.प्र.नं. ३६१/९०८३२५५७, जारी मिति : २०४३/०५/२६, जि.प्र.का. सिरहा बाबुको नाम : सिताराम ठाकुर बडही, बाजेको नाम : जिया ठाकुर स्थायी ठेगाना : सुखीपुर -८, सिरहा, हालको ठेगाना : सुखीपुर गा.पा. -१०, सिरहा **कर्जा शिर्षक : आवधिक कर्जा**	सिताराम ठाकुरको नाती, देवनारायण ठाकुरको छोरा, रामचन्द्र शर्माको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता श्रेस्ता कायम रहेको, सिराहा जिल्ला दहीपौडी गा.वि.स./ न.पा. वडा नं. ८ स्थित कि.नं.३४७२ को क्षेत्रफल ०-०-१५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. रामचन्द्र शर्मा **कर्जा शिर्षक : घर कर्जा**	सिताराम ठाकुरको नाती, देवनारायण ठाकुरको छोरा, रामचन्द्र शर्माको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता श्रेस्ता कायम रहेको, सिराहा जिल्ला कविलासी गा.वि.स./ न.पा. वडा नं. ८ क स्थित कि.नं. ३२२१ को क्षेत्रफल ०-६-२-५ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण

रामचन्द्र शर्मा ना.प्र.नं. ७५६/२५५४/१३३४ जारी मिति : २०४४/०३/३२, जि.प्र.का. सिरहा बाबुको नाम : देवनारायण ठाकुर बाजेको नाम : सिताराम ठाकुर स्थायी ठेगाना : सुखीपुर -८, सिरहा हालको ठेगाना : सुखीपुर गा.पा. -१०, सिरहा	**दिनेश कुमार शर्मा** ना.प्र.नं. १५१०५३/२१५२२ जारी मिति : २०६९/०२/३१, जि.प्र.का. सिरहा बाबुको नाम : रामचन्द्र शर्मा बाजेको नाम : देव नारायण ठाकुर वडही स्थायी ठेगाना : सुखीपुर -०८, सिरहा हालको ठेगाना : सुखीपुर गा.पा. -१०, सिरहा	**श्रीकान्ती वडही** ना.प्र.नं. २४०, जारी मिति :२०५९/०४/१३, जि.प्र.का. सिरहा बाबुको नाम : सत्य नारायण ठाकुर वडही पतिको नाम : रामचन्द्र शर्मा वडही ससुराको नाम : देवनारायण ठाकुर वडही स्थायी ठेगाना : सुखीपुर -०८, सिरहा हालको ठेगाना : सुखीपुर गा.पा. -१०, सिरहा

कृष्णनगर शाखा, कपिलवस्तु

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा, कपिलवस्तुमा उद्योग दर्ता नं. ११४३३/०७७ अन्तर्गत मिति २०७७/०६/२२ मा दर्ता कायम भएको **निसा पोल्ट्री फार्म** उद्योग दर्ता ठेगाना : कृष्णनगर न.पा. -३, कपिलवस्तु स्थायी लेखा नं. ६०३०८३४६०, मिति : २०७६/१२/०४ **प्रोप्राइटर : अमिरुन निसा** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**महम्मद उसमान** ना.प्र.नं. ६१४/४/१३/५०२८५ जारी मिति : २०३६/०९/०९ जि.प्र.का. कपिलवस्तु बाबुको नाम : उब्दुल सलाम बाजेको नाम : सुक्रत स्थायी ठेगाना : कृष्णनगर -३, कपिलवस्तु हालको ठेगाना : कृष्णनगर न.पा. -३, कपिलवस्तु	**अमिरुन निसा** ना.प्र.नं. १७९० जारी मिति : २०५५/०३/११ जि.प्र.का. कपिलवस्तु पतिको नाम : महम्मद उसमान ससुराको नाम : उब्दुल सलाम स्थायी ठेगाना : कृष्णनगर -७, कपिलवस्तु हालको ठेगाना : कृष्णनगर न.पा. -३, कपिलवस्तु

धितोको विवरण (जग्गाको विवरण)

उब्दुल सलाम शाहको बुहारी, महम्मद उसमानको पत्नी, अमिरुन निसाको नाममा मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, झन्डेनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ३९९ को क्षेत्रफल ०-२-५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुड फर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभएसम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रवापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समयसीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ बैशाख २२ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८३ बैशाख २३ गते, समय : दिउँसो ३ बजे, स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ८ वैशाख ०८३

१४.९० खर्बको वस्तु आयात, २.११ खर्बको भित्रियो पेट्रोलियम

निर्यात १८.४६ प्रतिशतले बढेर दुई खर्ब २२ अर्ब पुग्यो, १२ खर्ब ७९ अर्बको व्यापार घाटा



पवन तिमिल्सिना/नयाँ पत्रिका

पश्चिम एसियामा जारी तनावका कारण पेट्रोलियम पदार्थको आपूर्ति शृंखला खलबलिँदा नेपालमा हुने वस्तु आयातमा चाप पर्न थालेको छ। अन्तर्राष्ट्रिय बजारमा २३ चैत (६ अप्रिल)मा कच्चा तेलको मूल्य ११२.४१ अमेरिकी डलरसम्म पुगेको थियो।

भन्सार विभागले सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आर्थिक वर्ष ०८२/८३ को चैतसम्म १४ खर्ब ९० अर्ब रुपैयाँको वस्तु आयात भएको छ। जसमा दुई खर्ब ११ अर्ब रुपैयाँ मात्रै पेट्रोलियम पदार्थको आयात भएको छ। कुल आयातमा पेट्रोलियम पदार्थको हिस्सा १४.१८ प्रतिशत पुगेको छ।

चालू आवको नौ महिनामा एक खर्ब तीन अर्ब ३१ करोड रुपैयाँको डिजेल आयात भएको छ। गत आवको सोही अवधिमा ९१ अर्ब २६ करोडको डिजेल आयात भएको थियो। पेट्रोलको ५० अर्ब ३९ करोडको आयात भएको छ। गत आवको सोही अवधिमा ४७ अर्ब ७७ करोडको पेट्रोल आयात भएको थियो। तर, खाना पकाउने ग्यासको आयात भने घटेको देखिन्छ। गत आवको नौ महिनामा ४६ अर्ब ५८ करोडको ग्यास आयात भएकोमा चालू आवको सोही अवधिमा ४१ अर्ब ६४ करोड मात्रै आयात भएको छ। हवाई इन्धनको आयातमा भने वृद्धि भएको छ। गत आवको चैतसम्ममा १४ अर्ब ६४ करोडको हवाई इन्धन आयात भएकोमा चालू आवको नौ महिनामा १६ अर्ब दुई करोडको आयात भएको छ।

वस्तु	आयात मूल्यमा
डिजेल	१ खर्ब ३ अर्ब ३१ करोड
कच्चा सोयाबिन तेल	९६ अर्ब ७२ करोड
पेट्रोल	५० अर्ब ३९ करोड
फलामजन्य उत्पादन (लम्प, पेलेट आदि)	४२ अर्ब ६२ करोड
पेट्रोलियम ग्यास (एलपिजी)	४१ अर्ब ६४ करोड
स्मार्टफोन	३३ अर्ब ८२ करोड
रासायनिक मल (डाइअमोनियम फस्फेट)	२४ अर्ब ८ करोड
सुन	२३ अर्ब ५० करोड
मल (फर्टिलाइजर ग्रेड)	२२ अर्ब ३८ करोड
फलाम-इस्पात	२२ अर्ब २७ करोड
औषधि	२० अर्ब ९७ करोड
अपरिष्कृत चाँदी	१९ अर्ब ५१ करोड
कोइला	१८ अर्ब ५३ करोड
हवाई इन्धन	१६ अर्ब २ करोड
धान	१५ अर्ब ८६ करोड
कच्चा सूर्यमुखी तेल	१४ अर्ब ५९ करोड
५० सिसीभन्दा बढी र १२५ सिसीसम्म क्षमताका पिस्टन इन्जिन भएका एसेम्बल नगरिएका मोटरसाइकल	११ अर्ब १ करोड
५१ किलोवाटदेखि १०० किलोवाटसम्मका इलेक्ट्रिक कार, जिप तथा भ्यान	१० अर्ब ४५ करोड
कोल्जा बिउ (तोरी समूहको)	१० अर्ब ४३ करोड
चाँदीको पाउडर	१० अर्ब ८ करोड
सोयाबिनको तेल निकालिसकेपछि बाँकी रहने पिना	१० अर्ब १ करोड
कच्चा पाम तेल	९ अर्ब ६१ करोड
ताजा स्याउ	९ अर्ब ६१ करोड

एक खर्ब २० अर्बको कच्चा खानेतेलको आयात

चालू आवमा कच्चा खानेतेलको पनि आयात उच्च छ। नौ महिनामा एक खर्ब २० अर्ब ९३ करोडको कच्चा खाने तेलको आयात भएको भन्सार विभागको तथ्यांक छ। नेपालमा प्रशोधित तेल निर्यात गर्ने उद्योगहरूले कच्चा खानेतेलको आयात गर्दै आएका छन्। जसमा भटमास, सूर्यमुखी र पाम तेल प्रशोधन गर्ने प्रयोजनका लागि कच्चा तेल आयात हुन्छ।

सुन, स्मार्टफोनको आयात उच्च

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढेकाले आयातमा समेत त्यसको चाप देखिन थालेको छ। सुनको मूल्य बढेर आयातमा चाप पर्दा विगतमा राष्ट्र बैंकले आयातको कोटा घटाउने गरे पनि यसपालि विदेशी मुद्रा सञ्चिति पर्याप्त रहेकाले खुकुलो अवस्था कायमै छ। जसकारण आयातसमेत बढेको देखिन्छ। समीक्षा अवधिमा २३ अर्ब ५० करोड रुपैयाँको सुनको आयात भएको छ। परिमाणमा यो एक हजार दुई सय ५४ किलो दुई सय ५८ ग्राम हुन्छ। त्यस्तै, नौ महिनामा १६ लाख ७४ हजार दुई सय ४९ वटा स्मार्टफोन आयात भएका छन्। यसमा ३३ अर्ब ८२ करोड मूल्य देखिएको छ। ४६ अर्ब ४७ करोडको रासायनिक मल भित्रिएको छ। पेट्रोलियमसँगै आपूर्ति शृंखलाको असन्तुलनको असर रासायनिक मलमा देखिएको हो।

दुई खर्ब २२ अर्बको निर्यात, व्यापार घाटा १२ खर्ब ७९ अर्ब

चालू आवको नौ महिनामा दुई खर्ब २२ अर्बको वस्तु निर्यात भएको छ। गत आवको सोही अवधिमा एक खर्ब ८८ अर्बको मात्रै निर्यात भएको थियो। अर्थात्, निर्यात १८.४६ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा १२ खर्ब ७९ अर्बको व्यापार घाटा भएको देखिन्छ।

यस अवधिमा ९० अर्ब ७१ करोडको प्रशोधित सोयाबिन तेल निर्यात भएको छ। १० अर्ब ७० करोडको ठुलो अलैँची निर्यात गरिएको छ। सात अर्ब ४४ करोडको ऊन वा जनावरको रौँबाट बनेका कार्पेट र ६ अर्ब ९४ करोडको सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ।

त्यस्तै, पाँच अर्बको मात्रै पाम तेल बाहिरिएको छ। जुट वा अन्य बास्ट फाइबरबाट बुनेका कपडाहरू चार अर्ब ७९ करोडको भित्रिएको छ। तीन अर्ब ९६ करोडको मात्रै फेल्ट निर्यात भएको छ।

८५ प्रतिशतभन्दा कम पोलिस्टर भएको धागो तीन अर्ब ७१ करोडको निर्यात भएको छ। ८५ प्रतिशत वा सोभन्दा बढी पोलिस्टर भएको धागो तीन अर्ब ४७ करोडको बाहिरिएको छ। तीन अर्ब २३ करोडको मात्रै कुकुर वा बिरालोको खाना निर्यात भएको छ। दुई अर्ब ७६ करोडको ऊन वा राम्रो जनावरको रौँबाट बनेका सल, स्कार्फ, मफलर तथा घुम्टो निर्यात भएको छ।

प्रत्येक त्रैमासको अन्तिम महिना कर्जा प्रवाह उच्च

पहिलो त्रैमासको अन्तिम महिना असोजमा कर्जा प्रवाह सामान्य देखिए पनि पुस र चैतमा अन्य महिनाको तुलनामा कर्जा प्रवाह अत्यधिक

● **भुवन दाहाल**, पूर्वअध्यक्ष, नेपाल बैंकर्स संघ




हरेक त्रैमासभित्र कर्जाको किस्ता असुल गर्नैपर्छ। तर, असुल नभएको ब्याज पुँजीकरण गर्दा पनि यस्तो देखिन्छ। यसै गरी सञ्चालक तथा व्यवस्थापनले शाखा प्रमुखहरूलाई कर्जा तथा निक्षेप बढाउन त्रैमासिक लक्ष्य दिएका हुन्छन्। त्यसले गर्दा पनि यो वेलामा कर्जा प्रवाह बढाउने गर्छन्। कतिपय अवस्थामा बैंकहरूले एभरग्रिनिङ (ऋण तिर्न पनि ऋण दिएका) गरेका हुन सक्छन्। त्यो भने गलत प्रवृत्ति हो, त्यस्तो गरेमा राष्ट्र बैंकले कारबाहीसमेत गर्न सक्छ। यस्तो प्रवृत्तिलाई भने निर्मूल पार्नुपर्छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बैंकहरूले त्रैमासको अन्तिम महिनामा उच्च दरमा कर्जा प्रवाह गर्ने गरेको देखिएको छ। चालू आवको पहिलो त्रैमासको अन्तिम महिना असोजको कर्जा प्रवाह सामान्य देखिए पनि पुस र चैतमा अन्य महिनाको तुलनामा कर्जा प्रवाह ह्वात्तै बढेको नेपाल बैंकर संघको तथ्यांकले देखाउँछ। नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले हरेक त्रैमासको अन्तिम महिनाको पनि अन्तिम साता कर्जा प्रवाह उच्च हुने गरेको बताए। त्रैमासको अन्तिम समयमा असुल नभएको ब्याज पुँजीकरण गर्दा पनि कर्जा बढेको देखिन्छ। यसैगरी सञ्चालक तथा व्यवस्थापनले शाखा प्रमुखहरूलाई कर्जा तथा निक्षेप बढाउन त्रैमासिक लक्ष्य दिएका हुन्छन्। त्यसले गर्दा पनि उक्त समयमा प्रत्येक शाखाले कर्जा प्रवाह बढाउने कोसिस गर्दा कर्जा बढ्ने गरेको उनको भनाइ छ। 'त्रैमासभित्र कर्जाको किस्ता असुल गर्नैपर्छ। तर, असुल नभएको ब्याज पुँजीकरण गर्दा पनि यस्तो देखिन्छ। यसैगरी सञ्चालक तथा व्यवस्थापनले शाखा प्रमुखहरूलाई कर्जा तथा निक्षेप बढाउन त्रैमासिक लक्ष्य दिएका हुन्छन्। त्यसले गर्दा पनि यो वेलामा कर्जा प्रवाह बढाउने गर्छन्,' उनले भने, 'कतिपय अवस्थामा बैंकहरूले एभरग्रिनिङ (ऋण तिर्न पनि ऋण दिएका) गरेका हुन सक्छन्। त्यो भने गलत प्रवृत्ति हो, त्यस्तो गरेमा राष्ट्र बैंकले कारबाहीसमेत गर्न सक्छ। यस्तो प्रवृत्तिलाई भने निर्मूल पार्नुपर्छ।'

चालू आवको पहिलो त्रैमासको पहिलो महिना साउनमा १० अर्ब ८६ करोड रुपैयाँले कर्जा घटेको थियो। त्यसपछि प्रमुख चाडपर्वको समय भदौमा ४३ अर्ब २५ करोड रुपैयाँ र असोजमा ४० अर्ब ६८ करोड रुपैयाँले कर्जा प्रवाह बढेको छ। त्यसलगत्तै दोस्रो त्रैमासको पहिलो महिना कात्तिकमा २२ अर्ब ४१ करोड रुपैयाँले कर्जा प्रवाह घट्दा मंसिरमा २६ अर्ब ५५ करोड रुपैयाँले बढेको थियो। दोस्रो त्रैमासको अन्तिम महिना पुसमा एकैपटक एक खर्ब चार अर्ब ८१ करोड रुपैयाँ कर्जा बढेको देखिन्छ। पुसको अन्तिम साता (२६-३०) मात्र ५३ अर्ब ५१ करोड रुपैयाँले कर्जा प्रवाह बढेको छ।



यसैगरी, तेस्रो त्रैमासको पहिलो महिना माघमा ६५ करोड रुपैयाँले मात्रै कर्जा प्रवाह भएको छ। त्यसपछि फागुनमा १५ अर्ब ७३ करोड कर्जा प्रवाह भएको छ। तर, चैतमा एकैपटक ७७ अर्ब ९९ करोड रुपैयाँले कर्जा प्रवाह बढेको छ। चैतको २१-२७ मा २९ अर्ब १८ करोड रुपैयाँ र चैतको २८-३० मा ३१ अर्ब ८४ करोड रुपैयाँले कर्जा प्रवाह बढेको तथ्यांकमा उल्लेख छ।



तथ्यांकअनुसार गत आवमा पनि यही प्रवृत्ति देखिन्छ। गत आवको साउनमा दुई अर्ब र भदौमा ५३ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको थियो। त्यसपछि असोजमा ५६ अर्ब रुपैयाँले कर्जा प्रवाह भएको देखिन्छ।

त्यसपछि कात्तिकमा दुई अर्बले कर्जा प्रवाह घट्दा मंसिरमा ४२ अर्ब रुपैयाँले बढेको थियो। त्यसपछि पुसमा एकैपटक ९४ अर्ब रुपैयाँले कर्जा प्रवाह बढेको थियो। त्यसपछि माघमा १२ अर्ब र फागुनमा २३ अर्ब रुपैयाँले कर्जा बढेको देखिन्छ। त्यसपछि चैतमा आएर एकैपटक ६५ अर्ब रुपैयाँले बढेको थियो। त्यसपछि वैशाखमा चार अर्बले कर्जा प्रवाह घट्दा जेठमा ३६ अर्ब र असारमा २७ अर्बले बढेको देखिन्छ।

नौ महिनामा पौने तीन खर्बले बढ्यो कर्जा

चालू आवको नौ महिनामा २० वाणिज्य बैंकको कर्जा प्रवाह दुई खर्ब ७६ अर्ब ३९ करोड रुपैयाँले बढेको छ। गत असारसम्म वाणिज्य बैंकको कर्जा प्रवाह ४९ खर्ब ७४ अर्ब ५५ करोड रुपैयाँ थियो। चैत मसान्तसम्म आउँदा त्यो ५२ खर्ब ५० अर्ब ९४ करोड रुपैयाँ पुगेको छ। यसैगरी, निर्देशित कर्जाको सीमा पुऱ्याउन पनि बैंकहरूले लक्षित क्षेत्रमा छोटो अवधिको ऋण दिएर असुल गर्ने प्रवत्ति पनि रहेको एक बैंकरले बताए।

६ खर्बले बढ्यो निक्षेप

चालू आर्थिक वर्ष ०८२/८३ को नौ महिनामा वाणिज्य बैंकहरूको निक्षेप पाँच खर्ब ९७ अर्ब १७ करोड रुपैयाँले बढेको छ। गत असारसम्म वाणिज्य बैंकमा ६५ खर्ब ३० अर्ब ७९ करोड रुपैयाँ निक्षेप थियो। चैतसम्म आउँदा त्यो ७१ खर्ब २७ अर्ब ९६ करोड रुपैयाँ पुगेको संघको तथ्यांकमा उल्लेख छ।

संघका अनुसार ५२ अर्ब २२ करोड रुपैयाँले निक्षेप घट्दा भदौमा ९३ अर्ब ९४ करोड रुपैयाँ, असोजमा एक खर्ब ७९ अर्ब रुपैयाँ, कात्तिकमा तीन अर्ब २३ करोड रुपैयाँ र मंसिरमा ५९ अर्ब ७० करोड रुपैयाँले निक्षेप बढेको छ। यसैगरी, पुसमा एक खर्ब २९ अर्ब ६८ करोड रुपैयाँ, माघमा १० अर्ब ३१ करोड रुपैयाँ, फागुनमा ५० अर्ब सात करोड रुपैयाँ र चैतमा एक खर्ब २३ अर्ब ४१ करोड रुपैयाँले निक्षेप बढेको छ।

नयाँ नियम लागू भएकै दिन दोहोरो अंकले घट्यो नेप्से

काठमाडौं/ धितोपत्र कारोबार सञ्चालन (चौथो संशोधन) विनियमावली ०८२, लागूपछिको पहिलो कारोबार दिन सोमबार नेप्सेमा दोहोरो अंकको गिरावट आएको छ। उक्त दिन बजार १३.१७ अर्थात् ०.४६ प्रतिशतले घटेर नेप्से परिसूचक २८२५.२३ विन्दुमा बन्द भएको छ। नेप्से घटेसँगै कारोबार रकम पनि दुई अर्ब रुपैयाँले घटेको छ। यसअघि शुक्रबार सात अर्ब ४६ करोड रुपैयाँको कारोबार भएकामा सोमबार पाँच अर्ब ४३ करोडमा खुम्चिएको छ।



सोमबार तीन सय ४९ कम्पनीको कारोबार भयो। जसमध्ये एक सय ९७ कम्पनीको मूल्य घट्यो भने ६५ वटाको बढ्यो। यस्तै, ६ कम्पनीको मूल्य स्थिर रह्यो। एक करोड १६ लाखभन्दा बढी कित्ता एक लाख १६ पटकभन्दा बढी कारोबार भएको नेप्सेले जनाएको छ। यसअघि १० प्रतिशतसम्म धितोपत्रको मूल्य घट्ने वा बढ्ने (सर्किट ब्रेक) हुँदै आएको थियो। ७ वैशाखदेखि लागू नयाँ नियमअनुसार त्यसलाई १५ प्रतिशत पुऱ्याइएको छ। सोमबार चार कम्पनीको मूल्य १५ प्रतिशतले बढेको छ। जसमा सूर्यकुण्ड हाइड्रोपावर, होटेल फरेस्ट इन, पाल्पा सिमेन्ट, शिखर पावर डेभलपमेन्ट रहेका छन्। नेप्सेका अनुसार यी कम्पनीको मूल्य बढेर क्रमशः १३६४, १२६१.४०, ५५५.५० र ५२६.२० प्रतिशत कायम भएको छ। यता, दोल्ती पावरका लगानीकर्ताले ५.३५ प्रतिशत घाटा खाएका छन्।

१३ वटा उपसमूहमध्ये होटेल र ट्रेडिङबाहेक सबैको सूचक घटेको छ।

संक्षेप

आगामी बजेटमा सरकारको परीक्षण हुन्छ : अर्थमन्त्री

काठमाडौं/ अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी बजेटमा सरकारको परीक्षण हुने बताएका छन्। राजस्व संकलन र खर्चीबिच ठुलो खाडल रहेको अवस्थामा नागरिकका आकांक्षा पूरा हुने गरी बजेट निर्माण गर्नु चुनौतीपूर्ण हुने उनले बताए।

सबै मन्त्रालयका मन्त्री र सचिवहरूसँग आगामी बजेटको तयारीका सम्बन्धमा सोमबार छलफल गर्दै अर्थमन्त्रीले चुनौतीको सामना गर्न प्राथमिकता निर्धारण गरेर बजेट निर्माणकार्यमा लाग्नसमेत आग्रह गरे। 'नेपालको सार्वजनिक वित्त संकटको अवस्थामा छ, यो सन्दर्भमा आगामी बजेटमा हामी सबैको सामूहिक परीक्षण हुनेछ,' उनले भने, 'राज्यको अनिवार्य दायित्व १३ खर्ब ३० अर्ब र राजस्व ११ खर्ब ८० अर्ब रहेको अवस्थामा नागरिकका आकांक्षा सम्बोधन हुने गरी बजेट निर्माण गर्नु चुनौतीपूर्ण हुन्छ।'

अर्थमन्त्रीले बजेटका लागि सिद्धान्तका रूपमा सुशासन तथा संस्थागत सबलीकरण, सदाचारिता नीतिको अवलम्बन, फराकिलो आर्थिक वृद्धिसहितको आर्थिक विकास, निजी लगानी, सूचना प्रविधिको विस्तार, हरित उत्पादन, पुँजी निर्माणका लागि पूर्वाधार विकास, मध्यमस्तरीय वर्गको विकास, विपन्न वर्गको उत्थान र सौम्यशक्तिको विस्तारजस्ता सैद्धान्तिक आधारलाई मध्यनजर राखी बजेट तथा कार्यक्रम छनोट गर्नुपर्नेमा जोड दिए।

नयाँ स्मार्ट लाइसेन्समा थपिए ३९ विशेषता

काठमाडौं/ सरकारले स्मार्ट लाइसेन्स (सवारीचालक अनुमतिपत्र)मा ३९ वटा विशेषता थप गरेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै लाइसेन्समा भिन्न-भिन्न सुरक्षण विशेषता समावेश गरिएको जनाएको हो।

सुरक्षण मुद्रण केन्द्रबाट छपाइ भइरहेको स्मार्ट लाइसेन्समा प्राविधिक पक्ष र सुरक्षा सुदृढीकरण गर्दै 'स्मार्ट चिप' पूर्ण उपयोगका लागि कार्ड रिडर र अनलाइन-अफलाइन प्रमाणीकरणको व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। 'हाल छपाइ भइरहेको स्मार्ट चिपमा पूर्ण रूपमा अन्तर्राष्ट्रियस्तरको आइएसो ७८१० आइडी-१ गुणस्तरमा आधारित छ,' विज्ञप्तिमा भनिएको छ, 'विश्वभर प्रचलित क्रेडिट कार्डको मानक आधारित रहेको र विकसित मुलुकहरूले आफ्ना संवेदनशील र अनुमतिपत्रमा दशकौँदेखि प्रयोग गर्दै आएको प्रविधिमा आधारित छ।' यो स्मार्ट लाइसेन्स हालसम्म जारी भएकामध्ये सबैभन्दा सुरक्षित र अत्याधुनिक अनुमतिपत्र भएको पनि मन्त्रालयको दाबी छ।

विमानस्थलको महँगो पार्किङ शुल्क पुनरावलोकन गरिने

काठमाडौं/ देशभरका अन्तर्राष्ट्रिय तथा अन्तरिक विमानस्थलमा रहेका सवारीसाधन पार्किङ शुल्क पुनरावलोकन हुने भएको छ। विमानस्थलमा पाकिङ शुल्क अत्यधिक महँगो भएको यात्रु तथा हवाई सेवा कम्पनीका कर्मचारीले गुनासो गरेपछि त्यसलाई पुनरावलोकन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पाँच सदस्सीय समिति गठन गरेको हो। प्राधिकरणका निमित्त उपमहानिर्देशक विनोदप्रसाद न्यौपानेको संयोजकत्वमा गठिन समितिले तीन दिनभित्र शुल्क पुनरावलोकनको प्रतिवेदन बुझाउनुपर्नेछ।

नेपालको सबैभन्दा व्यस्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पार्किङ शुल्क अत्यधिक महँगो भएको आमगुनासो छ। त्रिभुवन विमानस्थलमा मोटरसाइकल तथा स्कुटर पार्किङ गरेको प्रतिघण्टा ४० र कार, जिप, भ्यान पार्किङको ८० रुपैयाँ लिने गरिएको छ।

मध्यपूर्वका सबै देशमा खुल्यो श्रम स्वीकृति

सरकारले १७ फागुनदेखि मध्यपूर्वका साउदी अरेबिया, युएई, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा श्रमिकलाई पठाउन रोक लगाएको थियो, युद्ध मत्थर भएसँगै ती देशमा श्रम स्वीकृति खुला

अजित अधिकारी/नयाँ पत्रिका

अमेरिका-इजरायल र इरान युद्धका कारण वैदेशिक रोजगारीमा जाने युवाका लागि रोकिएको मध्यपूर्वको श्रमस्वीकृति खुलेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले सोमबार दिउँसो मध्यपूर्वका सबै देशमा श्रम स्वीकृति खुला गर्ने निर्णय गरेका हुन्।

सरकारले १७ फागुनदेखि लागू हुने गरी मध्यपूर्वका साउदी अरेबिया, युएई, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा श्रमिकलाई पठाउन रोक लगाएको थियो। तर, युद्ध मत्थर हुँदै आएपछि ती सबै देशमा पुनः श्रम स्वीकृति खुला भइसकेकोमा सोमबारदेखि नयाँ श्रम स्वीकृति पनि जारी गर्ने निर्णय भएको हो।

वैदेशिक रोजगार व्यवसायी संघले पनि सात हजारभन्दा बढी श्रमिकको भिसा लागिसकेकाले नयाँ श्रम स्वीकृति खोल्न सुझाव दिँदै आएको थियो। वैदेशिक रोजगार विभागकी महानिर्देशक मिरा आचार्यले मन्त्रीस्तरीय निर्णयबाट मध्यपूर्वको श्रम स्वीकृति खोलिएको जानकारी दिइन्। उनका अनुसार मंगलबारबाट श्रम स्वीकृति जारी हुनेछ। व्यवसायीहरूले मध्यपूर्वका देशहरूमा नयाँ श्रम स्वीकृति रोकिएपछि अन्तिम चरणमा पुगेका हजारौँ नेपाली कामदार अलपत्र परेको गुनासो गर्दै आएका थिए। संघले सात हजार आठ सय ८८ कामदारलाई तत्काल अन्तिम श्रम स्वीकृति दिन सरकारसँग लिखित मागसमेत राखेको थियो।



■ मध्यपूर्व बन्द हुँदा मलेसियामा आकर्षण

१७ फागुनदेखि मध्यपूर्वका १२ देशमा नयाँ श्रम स्वीकृति रोकिएपछि नेपाली श्रमिक मलेसियातर्फ मोडिएका छन्। वैदेशिक रोजगार विभागका अनुसार चैतमा सबैभन्दा बढी १८ हजार ६ सय ४९ श्रमिक मलेसिया गएका छन्। त्यसपछि युएई ११ हजार चार सय ६३, कतार आठ हजार नौ सय ५९ र साउदी आठ हजार नौ सय २० जना पुगेका छन्। युएई, कतार र साउदी जाने सबै पुनः श्रम स्वीकृति लिएका हुन्।

चैतमा रोमानिया, जापान, साइप्रस, माल्दिभ्स, पोर्चुगल र माल्टा जानेको संख्या पनि बढेको विभागले जनाएको छ। चैतमा कुल ६१ हजार आठ सय १९ श्रमिक एक सय एक मुलुक पुगेको विभागले जनाएको छ। सामान्य अवस्थामा भने साउदी अरेबियामा सबैभन्दा बढी श्रमिक जाने गरेका थिए। त्यस्तै, प्रमुख १० गन्तव्य मुलुकहरूमा युरोपेली देशको संख्या नगण्य हुन्थ्यो, तर मध्यपूर्वका १२ देशमा नयाँ श्रम स्वीकृति रोकिँदा चैतमा प्रमुख १० गन्तव्य मुलुकमध्ये चारवटा युरोपियन देश परेका छन्।

डेढ महिनामा कहिले के भयो ?

- १७ फागुनमा मध्यपूर्वको श्रम स्वीकृति बन्द
- ३ चैतमा साउदी अरेबिया, युएई, कतार, ओमान, यमन, जोर्डन र टर्कीका लागि पुनः श्रम स्वीकृति खुला
- २ वैशाखमा इजरायल, कुवेत, बहराइन र लेबनानमा पुनः श्रम स्वीकृति खुला
- ७ वैशाखबाट सबै श्रम स्वीकृति खुला

■ व्यवसायीले दिए सुझाव

वैदेशिक रोजगार व्यवसायी संघले थप व्यवस्थित, पारदर्शी, श्रमिकमैत्री तथा मर्यादित श्रम बजार बनाउनुपर्ने भन्दै श्रम मन्त्रालयलाई सुझाव पेस गरेको छ। संघले सोमबार दिउँसो बुझाएको पत्रमा प्रत्येक गन्तव्य मुलुकअनुसार कामदार पठाउँदा लाग्ने अधिकतम लागत निर्धारण गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। हालको फ्री भिसा, फ्री टिकट नीति लागू नभएकाले व्यावहारिक नीति लिनुपर्ने संघको भनाइ छ। 'कामदारको लागत निर्धारण अस्पष्ट र अव्यावहारिक भएका कारण यो क्षेत्रमा धेरै विकृतिसमेत बढेका छन् र कामदार नै अन्यायमा परी राज्यले समेत राजस्व घाटा व्यहोरिरहेको छ,' संघले बुझाएको पत्रमा भनिएको छ, 'इजाजतप्राप्त संस्थाहरूलाई कामदारको एक महिनाको तलबबराबर मुनाफा लिन पाउने व्यवस्था लागू गरी सोही आधारमा राज्यलाई बुझाउनुपर्ने कर तथा राजस्व नियमित रूपमा संकलन गरिनुपर्छ।'

त्यस्तै, राष्ट्र बैंकमार्फत सहुलियत कर्जा सरल, छिटो तथा प्रभावकारी रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्नुपर्ने माग पनि राखिएको छ। युरोपियन देशहरूबाट पनि मागपत्र प्रमाणीकरण सुरु हुनुपर्ने र दूतावास वा कूटनीतिक नियोग नभएका मुलुकबाट प्राप्त हुने मागपत्रका लागि सक्कल कागजात नेपालमै भिकाई वैदेशिक रोजगार विभागमार्फत स्वीकृति दिने व्यवस्था लागू गरिनुपर्ने सुझाव पनि दिइएको छ।

युएईसँग नेपाल ६ विकेटले पराजित

नयाँ पत्रिका

अलराउन्ड दीपेन्द्रसिंह ऐरीले आफ्नो पहिलो टी-२०आई कप्तानी उत्कृष्ट बनाउन सकेनन् । ऐरीको कप्तानीमा नेपालले पहिलोपटक त्रिवि क्रिकेट मैदानको फ्लडलाइटबिच युएईविरुद्धको पहिलो खेलमा ६ विकेटको हार सामना गरेको छ । दुई वर्षपछि नेपाल घरेलु मैदानमा उत्रिँदा ब्याटिङ र बलिङमा कमजोर देखियो । युएईले यसै दुई पक्ष बलियो बनाउँदै नेपालमाथि सानदार जित निकालेको हो । वर्षाले प्रभावित पारेको प्रतिस्पर्धामा पहिलो ब्याटिङ गरेको नेपालले १८.५ ओभरमा आठ विकेट गुमाएर १२२ रन बनाएको थियो ।



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

> वर्षाले प्रभावित पारेको पहिलो टी-२० आईमा डकवर्थ लेविस अनुसार ७८ रनको लक्ष्य युएईले ८.५ ओभरमा चार विकेट गुमाएर पूरा गर्‍यो


नेपालले ब्याटिङ गरिरहँदा वर्षाले प्रभावित पारेको थियो । त्यसपछि डकवर्थ लेविस नियमअनुसार युएईले नयाँ लक्ष्यका रूपमा १० ओभरमा ७८ रन बनाउनुपर्ने भयो । युएईले ८.५ ओभरमा चार विकेटको क्षतिमा ७८ रन जोड्यो । नेपालका लागि लेग स्पिनर सन्दीप लामिछानेले दुई ओभरमा आठ रन खर्चेर सर्वाधिक तीन विकेट लिए । उनले ३.३ ओभरमा ओपनर मुहम्मद वासिम र ३.५ ओभरमा अदिप उस्मानीको विकेट लिँदै नेपाललाई खेलमा फर्काउने प्रयास गरेका थिए । सन्दीपले ५.४ ओभरमा हर्प्रित सिंहको विकेट लिँदा युएई ४४-३ को स्थितिमा रह्यो ।

युईका अक्षदीप नाथले केवल आठ बलमा दुई छक्काको सहयोगमा १७ रन जोड्दा नेपाल सात बलअघि नै पराजित भयो । अब नेपालले युएईविरुद्ध दोस्रो टी-२० आई खेल मंगलबार खेल्नेछ । युएईको ब्याटिङमा मुहम्मदले १५ बलमा समान तीन चौका र छक्का प्रहार गरी सर्वाधिक ३३ रन बटुले । उनले इनिङ्सको पहिलो ओभरमै हेमन्त धामीविरुद्ध २० रन बटुलेका थिए । अलिसान साराफुले १५ बलमा समान एक चौका र छक्का प्रहार गर्दै १८ रन जोडे ।

नेपालको फितलो ब्याटिङ

डे नाइट खेलमा पहिलो ब्याटिङ गरेको नेपालले सुरुवात राम्रो भयो । त्यसपछि गतिलो साझेदारी हुन नसक्दा नेपालले युएईविरुद्ध बलियो लक्ष्य दिन सकेन । कुशल भुर्तेल र अर्जुन साउदले पहिलो विकेटका लागि २.३ ओभरमा २१ रन जोडे । अर्जुनले ११ बलमा तीन चौकाको सहयोगमा १३ रन बनाए । ओपनर कुशलले नौ बलमा समान एक चौका र छक्का प्रहार गरी १६ रन जोडे । कुशल मल्ल र कप्तान दीपेन्द्रसिंहबिच चौथो विकेटका लागि २८ रनको साझेदारी भएको थियो । मल्लले २१ बलमा १७ रन बनाए । दीपेन्द्रसिंह अन्तिमसम्म आउट भएनन् । उनले ३५ बलमा दुई चौकाको सहयोगमा सर्वाधिक ३२ रन बनाए । बसिर अहमदले ११ बलमा १४ रन तथा नन्दन यादवले सात बलमा दुई छक्का प्रहार गरी १३ रनको योगदान दिए । बलिङमा युएईका लागि मुहम्मद जुहैबले चार ओभरमा २९ रन खर्चेर सर्वाधिक तीन विकेट लिए । जुनिद सिद्दिकीले १८ रनमा दुई विकेट हात पारे ।

टी-२० आईमा हेमन्तको डेब्यु



युएईसँगको प्रतिस्पर्धामा नेपालबाट सिमर हेमन्त धामीले डेब्यु गरेका छन् । हेमन्तले आफ्नो डेब्यु उत्कृष्ट बनाउन सकेनन् । युएईले लक्ष्य पछ्याएको इनिङ्सको पहिलो ओभरमै हेमन्तले बलिङ गर्न अवसर पाए । तर, उनको डेब्यु बलिङ स्पेल निकै खराब रह्यो । युएईका कप्तान वासिमले उनीविरुद्ध एकै ओभरमा २० रन बटुले । जसमा समान दुई छक्का र चौका समावेश रह्यो । यसैगरी, युएईबाट अक्षदीप नाथ, अदिप उस्मानी, हर्प्रित सिंह र खुजैमा तन्भिरले डेब्यु गरेका थिए ।

बलिङ र ब्याटिङ राम्रो भएन


● **दीपेन्द्रसिंह ऐरी**, कप्तान, नेपाल



पानी परेकाले खेललाई प्रभावित बनाएको हो । पहिलो ब्याटिङ गर्दा सोचेजस्तो भएन । यसैकारण युएईले सहज लक्ष्य पाएको हो । त्रिवि मैदानको पिचमा ब्याटिङ राम्रो गर्ने प्रयास भएको थियो । मलाईसमेत ब्याटिङ गर्न गाह्रो भयो । सन्दीप नेपालकै मुख्य बलर हुन् । उनले हामीलाई खेलमा फर्काउने प्रयास नगरेको होइन । तर, हामीभन्दा युएईले निकै राम्रो खेल्यो । दोस्रो खेलमा उत्कृष्ट पुनरागमन गर्ने योजना छ ।

नेपालविरुद्ध खेल्न सधैं रमाइलो लाग्छ

● **मुहम्मद वासिम**, कप्तान, युएई



नेपालविरुद्ध कुनै पनि मैदानमा प्रतिस्पर्धा गर्न निकै रमाइलो लाग्छ । हामी दुईबिचको प्रतिस्पर्धामा दर्शकको उपस्थिति बाक्लो नै हुने गर्छ । त्रिवि मैदानमा नेपालको घरेलु मैदान र दर्शकबिच जित निकाल्दा मजा लाग्छ । हामीले पहिलो खेलमा ब्याटिङ र बलिङमा राम्रो गरेका थियौं । टसअघि सुरुमा बलिङ गर्ने योजना थियो । बलिङ रणनीति सोचेजस्तै भयो ।

बुद्धिचाल महासंघले आधा दर्जन प्रतियोगिता गर्ने

नयाँ पत्रिका

नेपाल बुद्धिचाल महासंघले नयाँ सिजनमा आधा दर्जन राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता गर्ने भएको छ । महासंघका अध्यक्ष हेराकाजी महर्जनको अध्यक्षतामा सोमबार बसेको केन्द्रीय बैठकले नयाँ सिजनमा आधा दर्जन बुद्धिचाल प्रतियोगिता गर्ने निर्णय गरेको जनाएको छ । १६ देखि १८ वैशाखसम्म राष्ट्रिय र्‍यापिड तथा ब्लिट्ज चेस च्याम्पियनसिपको आयोजना गर्ने महर्जनले बताए ।

यो याम्पियनसिपको जिम्मेवारी स्थानीय व्यवस्थापनका रूपमा क्षेत्रपाटी क्लबले पाएको छ । यसैगरी, महासंघले ४ देखि ८ जेठसम्म झापाको बिर्तामोडमा २७औँ खुला राष्ट्रिय बुद्धिचाल प्रतियोगिता आयोजना गर्नेछ । राष्ट्रिय बुद्धिचाल चलिरहँदा ११औँ महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको लागि नेसनल 'बी' छनोट प्रतियोगिता सञ्चालन हुने महर्जनले बताए । राष्ट्रिय 'बी' छनोट प्रतियोगिता आयोजना गर्न स्थानीय व्यवस्थापनको जिम्मेवारी काँकडभिट्टास्थित नाइट चेस क्लबलाई प्रदान गरिएको छ । सो छनोट प्रतियोगिताबाट पुरुष तथा महिला दुवैतर्फ गरी समान नौजना खेलाडी राष्ट्रिय 'ए'का लागि छनोट हुनेछन् । राष्ट्रिय 'ए' पुरुष तथा महिलाको राष्ट्रिय प्रतियोगिता २ ९ जेठ देखि ४असारसम्म कास्कीमा सञ्चालन हुनेछ । राष्ट्रिय प्रतियोगिताबाट समान चारजना खेलाडीहरू उज्वेकिस्तानमा हुने ४७औँ चेस ओलम्पियाडमा छनोट हुनेछन् । वार्षिक रूपमा नियमित आयोजना हुँदै आएका सात विधागत राष्ट्रिय प्रतियोगिताहरूमध्ये १० देखि १२ जेठसम्म ललितपुरमा नेसनल जुनियर चेस च्याम्पियनसिपको समेत आयोजना गर्ने महासंघले जनाएको छ ।

जनकपुरमा महासंघको साधारणसभा

नेपाल बुद्धिचाल महासंघले आफ्नो विधानअन्तर्गत नियमित साधारणसभा मधेश प्रदेशको धनुषास्थित जनकपुरधाममा गर्ने निर्णय गरेको छ । साधारणसभाका लागि महासंघले सार्वजनिक सूचना सँगसँगै पत्राचारमार्फत निर्धारित समयसीमाभित्र अधिवेशन सम्पन्न गरेका २० जिल्ला छन् । ५५ जिल्ला संघमध्ये अधिवेशन हुन नसकेका जिल्लाको हकमा चेस खेलको गतिविधि भए-नभएको सक्रियता अनुगमन गरी मूल्यांकनका आधारमा जिल्ला बुद्धिचाल संघ तदर्थ समिति गठन गर्ने निर्णय गरेको छ । अनुगमन उपसमितिमा अध्यक्ष महर्जन संयोजक वरिष्ठ उपाध्यक्ष दीपेन राई, उपाध्यक्ष माधवप्रसाद प्रधान, महासचिव धरमबहादुर लामा र खेलाडी रुपेश जयसवाल सदस्य रहनेछन् ।

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति: २०८३।०१।०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८३।०१।२३ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:

१. ऋणीको नाम: भगवती ट्रेडर्स **कर्जा शिर्षक:** बैंक जमानत, ओभरड्राफ्ट सुविधा, आवधिक चालुपूँजी कर्जा र आवधिक कर्जा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, झापामा दर्ता रहेको), दर्ता नं.: ३५९/१८७१/२०६६/०६७, दर्ता मिति: २०६६/१२/०२, स्थायी लेखा नं.: ३०३९४३५८५, ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ६ ।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
वीरेन्द्र बोहोरा: ना.प्र.प.नं (जारी मिति/स्थान): ७१/१०५२ (२०५८/०१/१६/पाँचथर), बाजेको नाम: टीकाराम बोहोरा, बाबुको नाम: गंगा बहादुर बोहोरा, ठेगाना: पाँचथर जिल्ला, स्याबरूम्बा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ३ ।

व्यक्तिगत जमानतकर्ताहरु:
क. अरूणा कार्की: ना.प्र.प.नं (जारी मिति/स्थान): ०४२०४४/३३२४ (२०६६/११/०९/झापा), बाबुको नाम: पदम बहादुर कार्की, ससुराको नाम: गंगा बहादुर बोहोरा, पतिको नाम: बीरेन्द्र बोहोरा, ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. १९ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ३ ।
ख. गंगा बहादुर बोहोरा: ना.प्र.प.नं (जारी मिति/स्थान) : १६४९-१६६७/२१२ (२०४३/०८/२३/पाँचथर), बाजेको नाम: दल बहादुर बोहोरा, बाबुको नाम: टीकाराम बोहोरा, ठेगाना: पाँचथर जिल्ला, स्याबरूम्बा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ३ ।

लिलाम हुने धितोको विवरण:
अ. पदम बहादुर कार्कीको छोरी, गंगा बहादुर बोहोराको बुहारी, बीरेन्द्र बोहोराको पत्नी, झापा जिल्ला, दमक न.पा. वडा नं. १९ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ३ बस्ने **अरूणा कार्की**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरू:
क. झापा जिल्ला, दमक न.पा. वडा नं. १ र नक्सा सिट नं. १ स्थित कि.न. १८१७० को क्षेत्रफल ०-०-५.५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
ख. झापा जिल्ला, मधुमल्ला (दमक) गा.वि.स./न.पा. वडा नं. ४ र नक्सा सिट नं. ४ घ स्थित कि.न. २४० को क्षेत्रफल ०-१-१०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
आ. दल बहादुर बोहोराको नाति, टीकाराम बोहोराको छोरा, पाँचथर जिल्ला, स्याबरूम्बा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ३ बस्ने **गंगा बहादुर बोहोरा**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, मधुमल्ला (दमक) गा.वि.स./न.पा. वडा नं. ४ र नक्सा सिट नं. ४ ख स्थित कि.न. ३५८ को क्षेत्रफल ०-१-१०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

२. ऋणीको नाम: स्मरण सप्लायर्स **कर्जा शिर्षक:** क्यास क्रेडिट, आवधिक कर्जा र सवारी साधन कर्जा
(प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा दर्ता रहेको), दर्ता नं.: १२०७/०७६/०७७, दर्ता मिति: २०७६/०७/१७, स्थायी लेखा नं.: ६०१०३६५४५, ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. १५ ।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
वद्री नाथ वाग्ले: ना.प्र.प.नं (जारी मिति/स्थान) : २०९४१(२०५३/०२/२५/लमजुङ), बाजेको नाम: वामदेव वाग्ले, बाबुको नाम: ऋषिराम वाग्ले, ठेगाना: लमजुङ जिल्ला, श्रीमन्जाङ गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७।

व्यक्तिगत जमानतकर्ता:
सिता खनाल: ना.प्र.प.नं (जारी मिति/स्थान): ५४७४(२०५७/०६/०१/चितवन), बाबुको नाम: माधव प्रसाद खनाल, ससुराको नाम: ऋषिराम वाग्ले, पतिको नाम: वद्री नाथ वाग्ले, ठेगाना: चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७।

३. ऋणीको नाम: वद्री नाथ वाग्ले **कर्जा शिर्षक:** व्यक्तिगत आवासिय कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान) : २०९४१(२०५३/०२/२५/लमजुङ), बाजेको नाम: वामदेव वाग्ले, बाबुको नाम: ऋषिराम वाग्ले, ठेगाना: लमजुङ जिल्ला, श्रीमन्जाङ गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७।

व्यक्तिगत जमानतकर्ताहरू:
क. सिता खनाल: ना.प्र.प.नं (जारी मिति/स्थान): ५४७४(२०५७/०६/०१/चितवन), बाबुको नाम: माधव प्रसाद खनाल, ससुराको नाम: ऋषिराम वाग्ले, पतिको नाम: वद्री नाथ वाग्ले, ठेगाना: चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७।
ख. पुष्कर राज थापा: ना.प्र.प.नं (जारी मिति/स्थान) : १३६/९८०३(२०५५/०४/०४/सिन्धुली), बाजेको नाम: नुर बहादुर थापा, बाबुको नाम: नैन बहादुर थापा, ठेगाना: सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स., वडा नं. ८ परिवर्तित सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ५ ।

ऋणीहरु स्मरण सप्लायर्स र वद्री नाथ वाग्लेको लिलाम हुने धितोको विवरण:
वामदेव वाग्लेको नाति, ऋषिराम वाग्लेको छोरा, लमजुङ जिल्ला, श्रीमन्जाङ गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७ बस्ने **वद्री नाथ वाग्ले**को नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर गा.वि.स./न.पा., वडा नं. ७ नक्सा सीट नं. ७ ख स्थित कि.न. ४४९६, ३८३३, ४४९८ र ३८३६ को क्षेत्रफल क्रमशः ३३.८६, ३२१.७१, ३८.१० र १८६.२५ व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

ऋणी स्मरण सप्लायर्सको लिलाम हुने धितोको विवरण:
वामदेव वाग्लेको नाति, ऋषिराम वाग्लेको छोरा, लमजुङ जिल्ला, श्रीमन्जाङ गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७ बस्ने **वद्री नाथ वाग्ले**को नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा., वडा नं. ६ नक्सा सीट नं. ६ क स्थित कि.न. १५९१, १५८८ र १५९० को क्षेत्रफल क्रमशः १४३६.७३, १८९.७१ र ८१४.५९ व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

४. ऋणीको नाम: अनुज थापा **कर्जा शिर्षक:** आवास कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): १०६१ (२०५६।०१।०६/काठमाडौं), बाजेको नाम: कटक बहादुर थापा, बाबुको नाम: प्रेम बहादुर थापा, ठेगाना: धादिङ जिल्ला, त्रिपुरेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, ईचंगुनारायण गा.वि.स. वडा नं. ९ ।

व्यक्तिगत जमानतकर्ता:
प्रेम बहादुर थापा: ना.प्र.प.नं (जारी मिति/स्थान): ८५ (२०४०।०८।१०/काठमाडौं), बाजेको नाम: मोतिलाल थापा, बाबुको नाम: कटक बहादुर थापा, ठेगाना: धादिङ जिल्ला, त्रिपुरेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, ईचंगुनारायण गा.वि.स. वडा नं. ९ ।

लिलाम हुने धितोको विवरण:
कटक बहादुर थापाको नाति, प्रेम बहादुर थापाको छोरा, धादिङ जिल्ला, त्रिपुरेश्वर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, ईचंगुनारायण गा.वि.स. वडा नं. ९ बस्ने **अनुज थापा**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ स्थित कि.नं. १३३ को क्षेत्रफल ०-२-३-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

५. ऋणीको नाम: सुनिता श्रेष्ठ **कर्जा शिर्षक:** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३७२०२४/५७३८०(२०६६/१०/२७/रुपन्देही), बाबुको नाम: सन्तोष श्रेष्ठ, ससुराको नाम: ध्रुव प्रताप मल्ल, पतिको नाम: निरज वम मल्ल, ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताहरु:
क. शारदा मल्ल: ना.प्र.प.नं (जारी मिति/स्थान): ६/६/१२०६ (२०४६/०१/३०/रुपन्देही), ससुराको नाम: शक्ति वम मल्ल, पतिको नाम: ध्रुव प्रताप मल्ल, ठेगाना: रुपन्देही जिल्ला, सौ. फर्साटिकर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ४ ।
ख. ध्रुव प्रताप मल्ल: ना.प्र.प.नं (जारी मिति/स्थान): २३०६(२०४२/०५/११/पर्वत), बाजेको नाम: रन वम मल्ल, बाबुको नाम: शक्ति वम मल्ल, ठेगाना: पर्वत जिल्ला, पकुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ४ ।
ग. निरजन बम मल्ल: ना.प्र.प.नं (जारी मिति/स्थान): ११३२०(२०५९/०३/३०/रुपन्देही), बाजेको नाम: शक्ति वम मल्ल, बाबुको नाम: ध्रुव प्रताप मल्ल, ठेगाना: रुपन्देही जिल्ला, सौ. फर्साटिकर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ४ ।
घ. निरज वम मल्ल: ना.प्र.प.नं (जारी मिति/स्थान): १६०१४(२०६०/०९/३०/रुपन्देही), बाजेको नाम: शक्ति वम मल्ल, बाबुको नाम: ध्रुव प्रताप मल्ल, ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ६ ।

लिलाम हुने धितोको विवरण:
सन्तोष श्रेष्ठको छोरी, ध्रुव प्रताप मल्लको बुहारी, निरज वम मल्लको पत्नी, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **सुनिता श्रेष्ठ**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९/ङ स्थित कि.न. १३२८ र १३३० को क्षेत्रफल क्रमशः ११४.२८ र ५५.०२ व.मि.को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

६. ऋणीको नाम: साबित्रा डुम्रे **कर्जा शिर्षक:** व्यक्तिगत कर्जा (आवधिक सुविधा)
ना.प्र.प.नं (जारी मिति/स्थान): ७९०४३(२०४६/०३/१५/नवलपरासी), बाबुको नाम: बालकृष्ण, ससुराको नाम: खगेश्वर डुम्रे, पतिको नाम: याम कान्त डुम्रे, ठेगाना: नवलपरासी जिल्ला, शिवमन्दीर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ११ ।


व्यक्तिगत जमानतकर्ताहरु:
क. याम कान्त डुम्रे: ना.प्र.प.नं (जारी मिति/स्थान): ५५१६(२०४३/१२/११/स्याङ्जा), बाजेको नाम: हरिकृष्ण डुम्रे, बाबुको नाम: खगेश्वर डुम्रे, ठेगाना: स्याङ्जा जिल्ला, कालिकाकोट गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ११ ।
ख. हेमराज डुम्रे: ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७१-०११७३(२०७१/०२/२७/नवलपरासी), बाजेको नाम: खगेश्वर डुम्रे, बाबुको नाम: याम कान्त डुम्रे, ठेगाना: नवलपरासी जिल्ला, रामनगर गा.वि.स, वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ११ ।
ग. अजय कुमार यादव: ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-६९-०५२०५(२०६९/११/२१/रुपन्देही), बाजेको नाम: राम नारायण यादव, बाबुको नाम: काशिराम यादव, ठेगाना: रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ११ ।

लिलाम हुने धितोको विवरण:
हरिकृष्ण डुम्रेको नाति, खगेश्वर डुम्रेको छोरा, स्याङ्जा जिल्ला, कालिकाकोट गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ११ बस्ने **याम कान्त डुम्रे**को नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर गा.वि.स./न.पा., वडा नं. ५ स्थित कि.न. ३७ को क्षेत्रफल २६२.४० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

झापा-११ ले जित्यो विराट गोल्डकपको उपाधि



नयाँ पत्रिका

झापा ११ फुटबल क्लबले ३८औँ विराट गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । प्रतियोगिताको आइतबार राति सहिद रंगशालामा झापा ११ ले घरेलु टोली सम्राट स्पोर्टिङ क्लबलाई २-१ ले हराउँदै उपाधि जितेको हो । झापाले २०७१ सालमा विराट गोल्डकपको उपाधि जितेको थियो । उपाधिसँगै झापाले ११ लाख र उपविजेता सम्राट स्पोर्टिङले पाँच लाख रुपैयाँमा चित्त बुझायो । झापाको जितमा राजेश दाहाल र दिवस उरावले गोल गरे । सम्राटबाट सौरभ तामाङले एक गोल फर्काए ।

प्रतिस्पर्धात्मक फाइनलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । खेलको ८१औँ मिनेटमा झापाका राजेशले १-० का लागि गोल गरे । खेलको ८७औँ मिनेटमा दिवसले २-० का लागि गोल गरे । खेलको अन्तिम इन्जुरी समयमा सम्राट्का सौरभ तामाङले गोल गर्दै २-१ गोलले अन्तर बनाएका थिए । सम्राट स्पोर्टिङका अशोक खवास प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी हुँदै ५१ हजार रुपैयाँ पाए । गत २८ चैतदेखि सुरु भएको प्रतियोगितामा भारतका टोलीसहित आठ टिमको सहभागिता थियो ।

खेल संक्षेप

मच्छिन्द्र सेमिफाइनलमा

काठमाडौं/ मच्छिन्द्र फुटबल क्लबले सोमबार मलेसियाको एन पेनाङ एफसीलाई टाइब्रेकरमा ३-२ ले पराजित गर्दै तेस्रो एनआरएनए इलाम गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ । निर्धारित समय गोलरहित बराबरीमा सकिएको प्रतिस्पर्धामा मच्छिन्द्रले टाइब्रेकरमा बाजी मारेको हो । टाइब्रेकरमा मच्छिन्द्रका सनिस श्रेष्ठ, मिलन चाम्लिङ राई र कप्तान देवेन्द्र तामाङले गोल गरे । मच्छिन्द्रका दीपेश गुरुङको प्रहार मलेसियाका गोलरक्षक प्रिसोले बचाए । दिवाकर चौधरीको प्रहार पोस्टबाट बाहिरिएको थियो । मलेसियाका डेभिड र पाउल फेमीले मात्र गोल गर्न सफल भए ।

यू-९ पुरुषतर्फको उपाधि सर्वज्ञलाई

कास्की/ सर्वज्ञ खत्रीले राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताअन्तर्गत यू-९ पुरुषतर्फको उपाधि हात पारेका छन् । प्रतियोगिताको सोमबार भएको फाइनलमा सर्वज्ञले कायान चालिसेलाई ५-३, ४-५ र ७-५ को सेटले ले पराजित गर्दै उपाधि हात पारेका हुन् । यसैगरी यू-१० पुरुषतर्फ कायान चालिसेले आयान पन्तलाई ६-० र ६-१ को सेटमा निराश पार्दै अन्तिम दुई स्थान पक्का पारे । सोनाम घलेले जीवाश भट्टराईलाई ६-१ र ६-३ को सेटमा पराजित गर्दै फाइनलमा स्थान बनायो । यसैगरी, यू-१२ पुरुषतर्फ वेदान्त चालिसेले सभ्यज कार्कीलाई २-६, ६-४ र ६-४ ले हराए । आरित मल्लले सान्स बस्नेतलाई ६-१ र ६-१ ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाए । यू-१२ महिलातर्फको सेमिफाइनलमा सारा पन्तले थिया श्रेष्ठलाई ६-२ र ६-२ ले हराइन् ।

टी-१० लिगमा एक्सट्रिम इनर्जी ड्रिंकको साथ

काठमाडौं/ एक्सट्रिम इनर्जी ड्रिंकले कर्पोरेट टी-१० लिग क्रिकेट प्रतियोगिताको मुख्य प्रायोजकका रूपमा सहयोग गर्ने भएको छ । काठमाडौं स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालिका निर्देशक ज्योति भण्डारी र एक्सट्रिम इनर्जी ड्रिंकका इभेन्ट म्यानेजर सुजल राणाबिच सम्झौता भएको भएको छ । इभेन्ट म्यानेजर राणाले यस सहकार्यले खेलाडीहरूको ऊर्जा र प्रदर्शनलाई नयाँ उचाइमा पुर्‍याउने बताए । भण्डारीले चर्चित ब्रान्डसँगको सहकार्यलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिएको बताए । कर्पोरेट टी-१० लिग १० देखि १७ वैशाखसम्म काठमाडौंको तल्लो मूलपानी क्रिकेट मैदानमा सञ्चालन हुनेछ । प्रतियोगितामा विभिन्न कर्पोरेट टिमहरूको सहभागिता रहनेछ ।

■ चन्द्रगढी महिला गोल्डकप

रेखाको ह्याट्रिकमा पुलिसको जित

झापामा चिरञ्जीवी घिमिरे

स्ट्राइकर रेखा पौडेलको ह्याट्रिकको सहयोगमा सोमबार नेपाल पुलिस क्लबको महिला टोली झापाको भद्रपुरमा भइरहेको पहिलो चन्द्रगढी महिला गोल्डकपमा आयोजक चन्द्रगढी युथ क्लबलाई ६-० को फराकिलोअन्तरले हराएको छ । जितसँगै पुलिसले क्वार्टरफाइनलको यात्रा तय गरेको छ । मेची रंगशालामा पुलिसको जितमा रेखाले उत्कृष्ट प्रदर्शन गरेकी थिइन् । पुलिसका लागि स्ट्राइकर मीना देउवाले दुई र अनुष्का शेर्पाले एक गोल गरेका थिए । अब पुलिसले सेमिफाइनल प्रवेशको खेलमा भारतको रानी लक्ष्मीबाई स्पोर्टस् एकेडेमीसँग प्रतिस्पर्धा गर्नेछ ।

खेलको सुरुदेखि आयोजकमाथि पुलिसले दबाबमा राख्यो । पहिलो मिनेटमै पुलिसले १-० को अग्रता लियो । सविना चौधरीले दिएको लामो पासमा डिबक्समा अनमार्क रहेकी रेखाले सहजै गोल गरिन् । खेलको २१औँ मिनेटमा पुलिसकी मीनाले आयोजकविरुद्ध दोस्रो गोल गरिन् । डिबक्सनजिकैबाट रेखाले गरेको शक्तिशाली प्रहार विपक्षी गोलरक्षक सबनम राईले नियन्त्रणमा लिन सकिनन् । गोलरक्षकबाट फुत्किएको बललाई मीनाले गोल गरेकी हुन् । यसैगरी, खेलको ३८औँ मिनेटमा रेखाले व्यक्तिगत दोस्रो गर्दा पुलिस ४-० ले अघि रह्यो ।

उनले मैदानको मध्यभागबाट एक्लै बल अघि बढाउँदै उत्कृष्ट फिनिसिङ गरेकी हुन् । पुलिसले पहिलो हाफमा आयोजकविरुद्ध चार गोलको अग्रता बनाएको थियो । पुलिसले दोस्रो हाफमा थप दुई गोल गर्‍यो । दोस्रो हाफको सुरुमै डिफेन्समा सम्हालिए पनि चन्द्रगढी युथले लय गुमाउन पुग्यो । खेलको ७२औँ मिनेटमा पुलिसकी वैकल्पिक खेलाडी अनुस्काले ५-० का लागि गोल गरिन् । रेखाले मैदानको मध्यभागबाट दिएको बललाई अघि बढाउँदै अनुष्कारले गोल गरिन् ।



■ मध्यान्तरपछि सम्हालिएको आयोजक

खेलको ७७औँ मिनेटमा रेखाले ह्याट्रिक पूरा गरिन् । उनको ह्याट्रिक प्रथम चन्द्रगढी गोल्डकपको पहिलो ह्याट्रिक हो । मीना देउवाले दिएको लामो पासमा डिबक्समा अनमार्क रहेकी रेखाले हेडिङ गोल गरिन् । पुलिससँग निरीह देखिएको आयोजकले फितलो प्रदर्शन गर्‍यो । आयोजक टोलीले पुलिसको बलियो डिफेन्स लाइनलाई तोड्न सकेन । पुलिसको निरन्तरको आक्रामक खेलका कारण आयोजक डिफेन्स लाइनमै व्यस्त रह्यो ।

पहिलो हाफको अतिरिक्त समयमा पुलिसकी गोलरक्षक उषा नाथले गल्ती गर्दा आयोजककी रेखा विष्टले खाली पोस्टमा गोल गर्न सकिनन् । पुलिस गत कात्तिकमा झापाको दुधेमा सम्पन्न प्रथम झापा महिला गोल्डकपको विजेता हो । नेपाली महिला फुटबलमा एकछत्र राज गर्दै आएको एपिएफलाई फाइनलमा पराजय गर्दै पुलिसले उपाधि हात पारेको थियो । पुलिसले झापामै लामो समयको उपाधि खडेरीलाई चिर्न सफल भएको थियो ।

रेखा पौडेल, मीना देउवा, पूजा रानाजस्ता स्टार खेलाडीसहित मैदानमा उत्रिएको पुलिसलाई चन्द्रगढी गोल्डकपको पनि उपाधि दाबेदारको रूपमा हेरिएको छ । प्रतियोगिता मंगलबार एपिएफ र ओखलढुंगाको पद्मा स्पोर्टिङ क्लबबिच खेल आयोजकले जनाएको छ ।

Godrej

MOST TRUSTED BRANDS OF INDIA 4TH EDITION 2024-25

नयाँ सुरूवातको शुभारम्भ

यस नयाँ वर्ष, गोदरेजको उच्च गुणस्तरीय सामानहरु
घर ल्याउनुहोस् र नयाँ सुरुवात गर्नुहोस् !

CASH BACK
UP TO RS. 35,300*/-



Smart convertible zone | Advanced inverter compressor | 3 Intelligent modes Eco | Holiday | Super freeze | Advanced controls on the door | Movable ice maker | Large vegetable drawers

SBS Refrigerator

Eon Velvet



Glass Black (GL BK)
Gross Cap.:564L
RS EON VELVET 579 (RFD)
MRP: 149,990
MOP: 114,690
SAVE: 35,300

Double Door Refrigerator

Eon Vibe Convertible



Matt Black (MT BK)
Gross Cap.:350L
RT EONVIBE 366 (RCIT)
MRP: 92,090
MOP:73,590
SAVE: 18,500



Matt Black (MT BK)
Gross Cap.:330L
RT EONVIBE 346 (RCIT)
MRP: 86,990
MOP:69,590
SAVE: 17,400

Eon Valor Convertible



Fossil Steel (FS ST)
Gross Cap.:294L
RT EONVALOR 310 (RCIT)
MRP: 82,090
MOP:65,690
SAVE: 16,400

Eon Alpha



Aria Blue (AR BL)
Gross Cap.:258L
RT EON ALPHA 270
MRP: 59,190
MOP:48,390
SAVE: 10,800



Steel Glow (ST GL)
Gross Cap.:258L
RT EON ALPHA 270
MRP: 58,690
MOP:46,890
SAVE: 11,800



Aria Wine (AR WN)



Aria Blue (AR BL)
Gross Cap.:238L
RT EON ALPHA 250
MRP: 58,690
MOP:46,890
SAVE: 11,800

GFE



Steel Glow (ST GL)
Gross Cap.:238L
RT EON ALPHA 250
MRP: 56,790
MOP:45,390
SAVE: 11,400



Wine Blossom (WN BS)
Gross Cap.:234L
RT GFE 250
MRP: 53,890
MOP: 43,190
SAVE: 10,700

Single Door Refrigerator

EDGE Marvel



Aroa Wine (AR WN)
Gross Cap.:245L
RD EMARVEL 260 (THI)
MRP: 48,090
MOP:38,890
SAVE: 9,200



Steel Glow (ST GL)
Gross Cap.:245L
RD EMARVEL 260 (THI)
MRP: 48,390
MOP: 38,390
SAVE: 10,000



Rose Bloom (RS BM)
Gross Cap.:200L
RD EMARVEL 215 (TDI)
MRP: 44,890
MOP: 36,290
SAVE: 8,600



Aster Blue (AT BL)



Fusion Wine (FU WN)
Gross Cap.:192L
RD EMARVEL 207 (TDF)
MRP: 40,590
MOP: 32,190
SAVE: 8,400



Aria Blue (AR BL)



Fusion Wine (FU WN)



Fusion Blue (FU BL)
Gross Cap.:192L
RD EMARVEL 207 (THF)
MRP: 39,290
MOP:31,790
SAVE: 7,500



Fossil Steel (FS ST)

EDGE Rio+



Azure Blue (AZ BL)
Gross Cap.:190L
RD ERIOPLS 205 (TDF)
MRP: 39,490
MOP: 31,290
SAVE: 8,200



Lily Wine (LY WN)



Lily Blue(LY BL)



Flora Wine (FA WN)



Sea Blue (SE BL)
Gross Cap.:190L
RD ERIOPLS 205 (THF)
MRP: 38,290
MOP:30,390
SAVE: 7,900



Sea Wine (SE WN)



Steel Glow (ST GL)

EDGE



Berry Wine (BR WN)
Gross Cap.:190L
RD EDGE 205 (TDF)
MRP: 33,590
MOP:27,290
SAVE: 6,300

EDGE



Glass Blue (GL BL)



Glass Wine (GL WN)
Gross Cap.:190L
RD EDGE 205 (TAF)
MRP: 33,290
MOP:26,990
SAVE: 6,300



Berry Wine (BR WN)



Steel Grey (ST GR)



Wild Flower Wine (WF WN)
Gross Cap.:190L
RD EDGE 205 (THF)
MRP: 32,390
MOP: 26,390
SAVE: 6,000



Berry Blue (BR BL)
Gross Cap.:190L
RD EDGE 205 (WHF)
MRP: 31,490
MOP: 25,590
SAVE: 5,900



Steel Wine (ST WN)
Gross Cap.:190L
RD EDGE 205 (WRF)
MRP: 30,690
MOP: 24,890
SAVE: 5,800

CHAMP



Fossil Steel (FS ST)
Gross Cap.:99L
RD CHAMP 114
MRP: 24,790
MOP: 20,090
SAVE: 4,700

QUBE



Black
Gross Cap.:30L
TEC QUBE 30L HS Q103 BLACK
MRP: 20,690
MOP:16,990
SAVE: 3,700

Disclaimer: Images are for illustrative purposes only. Actual products may vary due to continuous product improvement.

*उल्लेख गरिएको मूल्य र योजना चैत्र २० गतेदेखि सीमित अवधिका लागि लागू गरिएको छ। मूल्य अथवा उपभोक्ता योजना परिवर्तन सम्बन्धी सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ। नेपाल सरकारको नियम अनुसार करहरू लाग्नेछन्। मूल्यमा भ्याट (VAT) समायोजन गरिएको छ। शर्तहरू लागू हुनेछन्।

cgelectronics.com.np/brand/godrej | Godrej Appliances Nepal | Godrej Appliances Nepal | Godrej Appliances Nepal

CG ELECTRONICS | CUSTOMER CARE TOLL FREE NO. 166 00 102 211 | 9851202211 | For Dealership Inquiry: 9851189357 | For Corporate Inquiry: 9851012539 | FREE Delivery* | तुरुन्तै सजिलो 0% EMI* नागरिकता मात्रपुग्छ! | FOR X-CHANGE & EMI CG Elex | CG CARE | Buy Online

CG DIGITAL: RAVIBHAWAN: 01-5376049, 5381749 | UWTC: 01-4117002, 4117114 | NAYA BAZAR: 01-4964072, 4981029 | RADHEY RADHEY: 01-6638472, 6638871 | KIRTIPUR: 01-4331140, 4333241 | HATTIGAUDA: 1-4376815, 5901801 | BASUNDHARA: 01-5911023, 5911024 | JORPATI: 01-5134087, 5134187 | GATTHAGHAR: 01-5913182, 5913183 | TEKU: 01-5914179, 5914379 | BISHALNAGAR: 01-4531837, 4511269 | BANEPA: 011-665679, 665688 | BIRTAMODE: 023-591158, 591159 | DAMAK: 023-578444, 578445 | ITAHARI: 025-581126, 581136 | BIRGUNJ: 051-592135, 592136 | HETAUDA: 057-590778, 590779 | BHARATPUR: 056-538020, 538230 | CG SASHWATDHAM: 078-590654 | POKHARA: 061-591112, 591113 | BUTWAL: 071-537636, 538636
OR VISIT NEAREST AUTHORIZED DEALERS

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com